# कल्पतरु

ISSN 3021-9531
9 773021 953006

११३



# कल्पतरु द्वैमासिकका आजीवन सदस्य

**विशिष्ट आजीवन सदस्यहरू:**

अरुण तिमिल्सिना, अमेरिका
अरुणिमा शैक्षिक प्रतिष्ठान, बौद्ध
ईश्वर प्र. देवकोटा, अमेरिका
ईश्वरप्रसाद सापकोटा, काठमाडौं
डा. ऋषि बस्ताकोटी, अमेरिका
डा. कुसुमाकर शर्मा गौतम, क्यानडा
गोविन्दराज पौडेल, काठमाडौं
ताराप्रसाद चापागाई
तीर्थ अधिकारी, अमेरिका
दीपेन्द्र अधिकारी, जापान
नवराज पुडासैनी, गो.न.पा.-५
पदम विश्वकर्मा, अमेरिका
पर्शुराम पुडासैनी, का.न.पा.-६
ब्रजेन्द्र श्रेष्ठ, अमेरिका
बलराम भण्डारी, कुश्मा
वियोगी बुढाथोकी, हात्तिपाइला
महेशराज खरेल, कोटेश्वर
माधवराज दाहाल, कोटेश्वर
मुकुन्द पोखरेल, भक्तपुर
डा. मीरा त्रिपाठी, न्यूजिल्याण्ड
योगेन्द्र तिमिल्सिना, काठमाडौं
रश्मी भट्ट, अमेरिका
रामचन्द्र पुडासैनी, गोठाटार
रामप्रसाद पन्त, दायित्व
लक्ष्मणकृष्ण ताम्राकार, कुपण्डोल
वसन्त रिजाल, जोरपाटी
विजय चालिसे, जोरपाटी
विजय सापकोटा, वेलायत
विनेश रायमाझी, क्यालिफोर्निया
विमल अर्याल, जोरपाटी
विष्णु वहादुर रायमाझी, काठमाडौं
विष्णु बहादुर सिंह, अर्घाखाँची
शारदा आचार्य, ललितपुर
शिखर दुलाल, अमेरिका
शिवहरि पोखरेल, गोठाटार
सरला श्रेष्ठ, अमेरिका
सीता पाण्डेय, काठमाडौं

**विशेष आजीवन सदस्यहरू:**

अच्युत शर्मा, अमेरिका
अशोकुमार शिवा, काठमाडौँ
इन्दिरा चापागाई, भक्तपुर
उत्तम पुडासैनी, गोकर्णेश्वर
उद्धवप्रसाद खनाल, भक्तपुर
उमेशकुमार कार्की, मलेसिया
कणाद महर्षि, मित्रपार्क
कमल ढुङ्गाना, काठमाडौँ
कालीचरण वस्नेत, नागार्जुन
काशीराज पुडासैनी, काठमाडौं
किरण आचार्य, नेपालगन्ज
किशोर पहाडी, ललितपुर
कृष्ण प्रधान, ललितपुर
कृष्ण बजगाईं, वेलायत
केदार न्यौपाने, गोकर्ण
गङ्गा कर्माचार्य पौडेल, काठमाडौँ
गङ्गा लिगल, काठमाडौँ
गोपाल दाहाल, अस्ट्रेलिया
गोविन्द सिग्देल, काठमाडौं
चामुण्डा मा.वि., नारायणटार
छविरमण सिलवाल, जडिबुटी
दामोदर संजेल, गोकर्णेश्वर न
पा-५ दीपकसिंह भण्डारी, जोरपाटी
दुर्गाप्रसाद ग्वालटारे, कौशलटार
देविका तिमिल्सिना, काठमाडौं
नगेन्द्र न्यौपाने, अमेरिका
नवराज पोखरेल, ललितपुर
नवराज रिजाल, नवप्रज्ञापन
नारायण भट्टराई, अमेरिका
निर्मला प्रसाई सापकोटा, बेलायत
नेत्र खड्का, अस्ट्रेलिया
नेत्रप्रसाद भुसाल, अर्घाखाँची
पवन आलोक, काठमाडौं
पारु तिमल्सिना, काठमाडौं
पुष्पा नेपाल सुवेदी, इलाम
पुष्पबहादुर राना, संखुवासभा
प्रकाश घायल, काठमाडौं
प्रमोद नेपाल, काठमाडौं
बिनुबाबा घिमिरे, किर्तिपुर
मधुप्रसाद पुडासैनी
मधुवन पौडेल, काठमाडौं
मधुसूदन पाण्डेय, रामहिटी
मन्दिरा चापागाईं, काठमाडौं
माधवलाल श्रेष्ठ, कपन
माधव वियोगी, पोखरा
मानन्धर अभागी, साँखु
यादवराज भेटवाल, काठमाडौं
रमेशकुमार सिंखडा, डाँछी
रमेश ठकुरी, भक्तपुर
रमेश रिजाल, जोरपाटी
रमेशकुमार सिंखडा, डाँछी
रमेश ठकुरी, भक्तपुर
राजन पुडासैनी, गोकर्णेश्वर-५
राजेन्द्र कार्की, क्यानडा
राजेन्द्रप्रसाद रिजाल, गोकर्णेश्वर
राजेन्द्र श्रेष्ठ, चरिकोट
रामबहादुर पण्डित, ललितपुर
रामचन्द्र खतिवडा, गोकर्णेश्वर
लिम्पिया नेशनल कलेज, गोकर्णेश्वर
विनयकुमार श्रेष्ठ, काठमाडौं
विनय गुप्ता, काठमाडौं
विन्दा चापागाई, गोठाटार
शकुन ज्ञवाली, अमेरिका
शान्ति बल, गोकर्णेश्वर
शिव अधिकारी, इलाम
शिवप्रकाश, सिनामङ्गल
श्रीकृष्णराज पुडासैनी, जोरपाटि
सुरेशकुमार पाण्डे, दाङ
सुरेश कु. पुडासैनि, बालुवाटार
सुरेश कु. भट्ट, अमेरिका
सृजन लम्साल, नेपालगंज
हरिकृष्ण बखुन्छे, भक्तपुर
डा. हिमलाल श्रेष्ठ, भक्तपुर
त्रैलोक्य खरेल, ईमाडोल

कल्पतरु प्रज्ञा-प्रतिष्ठानद्वारा प्रवर्धित
प्रेस काउन्सिल पुरस्कारद्वारा पुरस्कृत 'क' वर्गको राष्ट्रिय पत्रिका
ISSN: 3021 - 9531
जि.प्र.का.द.नं. १३/०५४/०५५

# कल्पतरु द्वैमासिक

(Kalpataru Bimonthly litretary Magazine)

वर्ष : २३ अङ्क : ५ पूर्णाङ्क ११३ २०८१/२०८२ चैत - वैशाख

**प्रकाशक/प्रधान-सम्पादक**
नवराज पुडासैनी 'ज्योत्स्ना'

**विशेष सम्पादक**
गोकुल अधिकारी
मुकुन्द अर्याल

**सम्पादक**
सुमन पुडासैनी 'मित्र', उमेश तिमिल्सिना
राजन पुडासैनी, तुलसीराम पुडासैनी

**सहसम्पादक**
राजेशमान केसी

**सम्पादन सहयोगी**
वल्लवीदेवी अधिकारी

**प्रविधि व्यवस्थापक**
ई. सन्दीप ढुङ्गाना

**संयोजक (चिल्लो पात)**
सुशील आचार्य

**सञ्जाल सहायक**
राजेन्द्र श्रेष्ठ

**प्रधान कार्यालय**
गोकर्णेश्वर न.पा., वडा नं. ६, कल्पतरु परिसर
फोनः ०१-४९१३५२०, ९८४१२८२३०५

**रचना पठाउने इमेल ठेगाना**
navarajpud asaini@gmail .com
फेसबुक/मेसेन्जर ग्रुप : कल्पतरु द्वैमासिक
Web .: www.kalpatarupub.com.np

**लेआउट**
यदु उपाध्याय

**मुद्रण**
नेपाल प्रेस सपोर्ट, अनामनगर, काठमाडौं

**तस्बिर सौजन्य**
गुगल डट कम

**मूल्य : रू. २००।–**

**संरक्षक**
कञ्चन पुडासैनी, विजय चालिसे
गोविन्द घिमिरे 'वेदमणि'
डा. दामोदर पुडासैनी 'किशोर'

**सल्लाहकार**
डा. ऋषि बस्ताकोटी, किशोर पहाडी
देविका तिमिल्सिना, पवन आलोक,
वसन्त रिजाल, विनोद नेपाल, महेशराज खरेल

**संस्थापक सहयोगी**
मा. बहादुरसिंह लामा

**प्रतिनिधि/आजीवन सदस्यहरू**
संयोजक– डा. ऋषि बस्ताकोटी (उत्तर अमेरिका)
युवराज भण्डारी (क्यानडा), डा. रूपक श्रेष्ठ (बेलायत)
राजेशराज गड्तौला (यु.ए.ई.), गृष्मा पौड्याल (जापान)
सीमा रोशी (अस्ट्रेलिया), अजय गोले (दक्षिण कोरिया)
कमल सापकोटा (सिक्किम ), सीतादेवी क्षेत्री (मणिपुर)
विष्णा विरही (अमेरिका), सागर फुयाँल (जर्मनी), खिम पुन (कतार)
डम्बर थामी (बहराइन), दाजु गुरूङ (हङकङ)
अरूण शान्ति भुजेल (दार्जीलिङ), प्रेम कटुवाल (कुबेत)
अजय गोले 'अञ्जान', मीरा त्रिपाठी (युजिल्यान्ड)
इलाम– टिङ्कु भट्टराई (९८४२८४२६४०)
झापा– एन.बी. दाहाल 'नवीन' (९८४२६४०८३६)
मोरङ– बाबुराम पोखरेल (९८४२०८८५२२)
सुनसरी– मुकुन्द खनाल (९८४२४०९३९२)
उदयपुर– वासुदेव पोखरेल (९८४२८२५४३६)
पर्सा– अप्सरा पुडासैनी (९८४५१२९४७२)
रौतहट– रामचन्द्र तिमिल्सिना (९८५५०४१४२)
सिन्धुली– बाबुराम श्रेष्ठ (९८४१०२७६८८)
काभ्रे– पूर्णबहादुर श्रेष्ठ (९८४४११३७९७)
भक्तपुर– राजेशमान के सी (९८४१४९७५८३)
चितवन– नारायण निर्भय (९८४५२४२४४८)
पाल्पा– गणेश नेपाली (९८४७०२८२१२)
कास्की– लोकनाथ पुडासैनी (९८४६०३७८७१)
तनहुँ– रूद्र थापा (९८४५५२९९३५)
गुल्मी– डोरबहादुर केसी (९८५१०९७५१२)
दाङ– कपिलकिशोर घिमिरे (९८४८५१४९९९)
बाँके– खगेन्द्र गिरी 'कोपिला' (२९८१०९८४८०)
सुर्खेत– भेषराज रिजाल (९८४३१४२८१६)
बझाङ– लख्खु सिंह (९८६७१००३१०)
कञ्चनपुर– अनिलचन्द अङ्कुर (९८५८७५११२६)

सम्पादकीय

# प्रेस स्वतन्त्रतामा नयाँ सङ्कट

- हालसालै नेपाल सरकारद्वारा प्रस्तावित सञ्चारसम्बन्धी नयाँ विधेयकले मुलुकको प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र नागरिकको सूचना पाउने अधिकारमाथि गम्भीर प्रश्न उठाएको छ ।
- पत्रकारितालाई नियमनका नाममा प्रस्तुत विधेयकको संरचना नियन्त्रक र दमनकारी प्रवृत्तिले भरिएको देखिन्छ ।
- उक्त विधेयकले सञ्चारमाध्यमको दर्ता, नवीकरण, सामग्री निगरानी र पत्रकारलाई कारबाही गर्न सक्ने अधिकार राज्य संयन्त्रलाई दिँदैछ, जुन लोकतन्त्रको मर्म र संविधानको धारा १७ र १९ विपरीत हुन जान्छ ।
- यसको प्रभाव केवल पत्रकारहरूमा मात्र सीमित रहने छैन; यो अभिव्यक्तिको खुला वातावरण, विविध विचारको आदानप्रदान, र साहित्य, कला तथा सांस्कृतिक सिर्जनाहरूमा समेत प्रत्यक्ष असर पार्नेछ ।
- स्मरण रहोस्, पत्रकारिता कुनै सत्ता–अनुकूल सूचना प्रसारण गर्ने यन्त्र होइन; यो समाजको विवेक हो, जनताको आवाज हो र सत्ता नियन्त्रक शक्ति पनि ।
- त्यसैले, सञ्चार माध्यमलाई 'नियन्त्रण' होइन, 'स्वायत्तता' चाहिन्छ ।
- 'कल्पतरु' साहित्यिक पत्रिका यस्ता दमनकारी प्रवृत्तिको सदैव विरोधमा उभिन्छ ।
- हामी स्वतन्त्र प्रेस, निर्भीक पत्रकारिता र अभिव्यक्तिको पूर्ण स्वतन्त्रताको पक्षमा छौँ ।
- यस प्रकारका विधेयकहरू खारेज गरियोस् ।
- पत्रकारिता क्षेत्रको सुदृढ, उत्तरदायी र स्वतन्त्र विकासका लागि सम्बद्ध क्षेत्रसँग सहकार्य गरी संविधानप्रदत्त अधिकारको सम्मान गरियोस् भन्ने हाम्रो स्पष्ट माग छ ।


## 'कल्पतरू शान्ति साँझ' फेसबुक लाइभ कार्यक्रम

| सल्लाहकार/निर्देशक | कार्यक्रम समीक्षक | सञ्चालक/सम्पादक |
|---|---|---|
| नवराज पुडासैनी 'ज्योत्स्ना' | जीवनाथ अधिकारी | निर्मलादेवी तिम्सिना 'कान्छी' |

**हरेक हप्ता बिहीवार साँझ ६:३० बजेदेखि**

# यस अङ्कमा


## मुक्तक/कविता/गजल/टुक्का कविता

- अरुणकुमार भुजेल / ३९
- उपेन्द्र पौडेल /१३
- उमा शर्मा / २५
- गीता त्रिपाठी / १६
- नवशिला / २४
- नानु राना थापा / ३३
- निर्मलादेवी तिम्सिना 'कान्छी' / ४१
- प्रमोद नेपाल / ३७
- बाबुराम पाण्डे / ४२
- भरतमान श्रेष्ठ / ३६
- महेशराज खरेल / २०
- मीना चौलागाईं / ८
- राजेन्द्र ढुङ्गेल / १०
- लक्ष्मी स्मृति / ३३
- सञ्जना शर्मा / ४२

## पाठक-चक्षु

- अमर अधिकारी / ४

## नाटक

- दशराज शाक्य / १४

## चिल्लो पात

- अदिती आचार्य / ३८
- साक्षी घिमिरे/ ३९

## सम्पादकीय / २

## पुस्तक वार्ता

अभय श्रेष्ठसँग /२७

## कथा/लघुकथा

- गंगा खड्का / २६
- डा. टीकाराम पोखरेल /९
- देवकी के.सी. / ३४
- रामसुन्दर देउजा / २६

## व्यङ्ग्य / निबन्ध

- मोदनाथ मरहट्टा / २२
- युगल बसेल / ३०

## नियात्रा

- वियोगी बुढाथोकी /११

## बालकविता

- सुशील आचार्य / ३७

## पत्र-साहित्य

- नारायणबहादुर बस्नेत / ४३

## समीक्षा

- विष्णुप्रसाद शर्मा पराजुली / १७
- अरुणबहादुर खत्री 'नदी' / ४४

# 'कल्पतरु' ११२ मा सरसर्ती नजर लगाउँदा



✍ **अमर अधिकारी**

'कल्पतरु' द्वैमासिक नेपालको एक प्रतिष्ठित साहित्यिक पत्रिका हो । साहित्यका सबै विधाहरू समेटिने यस पत्रिका का हरेक अङ्क विशेष अङ्कझैं लाग्छन् । प्रेस काउन्सिलद्वारा पुरस्कृत 'क' वर्गको यस पत्रिकाको वर्ष २३ अङ्क ४ एवं पूर्णाङ्क ११२ लाई सरसर्ती नजर लगाउँदा देहायबमोजिम कुराहरू औंल्याउने जमर्को गरेको छुः

'कल्पतरु' को १०९ औं अङ्कको समीक्षा देविका तिमिल्सिनाले, ११० औं अङ्कको समीक्षा राधिका कल्पितले र १११ औं अङ्कको छोटो समीक्षाको रूपमा नारायण भट्टराईले पाठकीय प्रतिक्रिया लेखिसक्नुभएको देखिन्छ । ११२ औँ अङ्कको भने जानी नजानी समीक्षाको नाममा केही कोर्ने कोसिस गरेको छु ।

सम्पादकीयमा भन्न खोजिएको छ– 'जलवायु परिवर्तनले पर्यावरणमा नकारात्मक असर परिरहेको र पर्यासाहित्यमार्फत तमाम पाठकहरूलाई सचेत गराउनेतर्फ जोड दिइएको छ भने 'कल्पतरु'मा पर्यासाहित्यकारहरूलाई स्थान दिइने छ ।' यो 'कल्पतरु'को निकै नै महत्त्वपूर्ण प्रतिबद्धता हो । किनकि विज्ञान र विकासमार्फत प्रकृतिमाथि दोहन हुँदैआएको छ । अपितु विज्ञान र विकासले गर्दा मानवलाई भने सुविधा भएकै हो । तर विकासको नाममा जथाभावी उत्खनन् र वृक्ष विनाश गरिनुहुँदैन ।

पृष्ठ ७ मा बाबुराम पोखरेलले हरि कट्टेलको 'दीप्तदृष्टि' कविताको समालोचना बडो मीठासपूर्ण तरिकाले गर्नुभएको छ । कुनै पनि कृतिको समीक्षा तथा समालोचना अपरिहार्य हुन्छ र तत्पश्चात् मात्र कृतिले पूर्णता पनि पाउँछ। प्रस्तुत समालोचनामा 'दीप्तदृष्टि' भित्र रहेका ५७ ओटा फुटकर कविताहरू रहेको उल्लेख छ।

उकालो वनको बाटो मैले चढ्नु छ मास्तिर

पछाडि सर्कमा ताँती डढेलो छ अघिल्तिर ।

दुःखबाट भागेर होइन सामना गरेर मुक्ति पाउन सकिन्छ भन्ने कुरा समालोचनामा बताइएको छ । जुन निकै नै मननीय पनि छ।

कथाहरूतर्फ नजर लगाउँदा पृष्ठ १८ मा प्रकाशित पहिलो कथा 'लोनको मान्छे' शीर्षकको कथाका लेखक जे.एन. दाहाल हुनुहुन्छ । उहाँको कथामा एक दम्पतीले सन्तान प्राप्ति नहुँदा भोगेका असहजता र समाजको सङ्कीर्णतालाई दर्साइएको छ । कुरा काट्नेहरूमा आफन्त नै बढी हुन्छन् भन्ने कथाले प्रस्ट पारेको छ । घरको लोन र गाडीको लोन छँदाछँदै सन्तानप्राप्तिका लागि पनि लोनमा भर पर्दा आर्थिक दायित्व र भारलाई पनि प्रस्ट्याइएको छ । कथामा फेसबुकमा पोस्ट गर्ने परम्परालाई पनि केही शिक्षा दिन खोजिएको छ । कस्तो अवस्था कसरी सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने भन्ने मानिसमा ज्ञानको अभाव भएको कुरा पनि झल्किएको देखिन्छ कथामा । निःसन्तान दम्पतीलाई समाजले गर्ने हेलाको विषय पनि कथा प्रस्तुत गरिएको छ । लोनकै सहायताले गर्भाधान भएर बच्चा जन्मिने भए तापनि फर्टिलिटी सेन्टरले दिएको ग्यारेन्टीमा दुवैजना खुसी रहेछन् र सन्तानको महत्त्व कति हुन्छ भन्ने कुरा कथाबाट प्रस्ट हुन्छ । कथा सन्तान नहुनेहरूको पीडालाई प्रतिनिधित्व गरेको देखिन्छ।

पृष्ठ २२ मा रहेको दोस्रो कथा 'मिसेस स्मिथ, सारी पिन र हजुरआमा' मा भारती गौतमको कथा रहेको छ । कथाले विकसित मुलुकमा सेकेन्डह्याण्ड सामानको बजारका बारेमा पाठकहरूलाई यथेष्ट जानकारी दिइएको छ । पुराना वस्तुहरूको महत्त्वलाई पनि दर्साइएको छ कथामा । उहिल्यै प्राप्त कोसेली वा

चिनोले चिनोदाताको याद दिलाउने बाइँलाई मास्नु हुँदैन भन्ने कुरा जनाइएको छ । अहिलेका युवाजगत्का लागि यो महत्त्वपूर्ण जानकारी पनि हो ।

पृष्ठ ३८ मा रहेको शिखर दुलालको कथा 'प्रेमको इजलास' मा समाजमा व्याप्त विसङ्गतिको चिरफार गरेझैं लाग्दछ । न्यायाधीश आफ्नो निर्णयमा अडिग रहेका रहेछन् । गलत फैसला गरेको भए उनका विगतका सर्टिफिकेट र कलेज अनि विश्वविद्यालयको समेत अपमान हुने कुरा उल्लेख छ कथामा । पतीपत्नीबीचको बेमेलका कारण समाजमा नकारात्मक परिस्थतिको सिर्जना भई पारिवारिक जीवन नै असफल हुने कुरा कथामा दर्साइएको छ।

पत्रिकाको पृष्ठ ४५ मा प्रस्तुत कृष्ण अधिकारीको कथा 'अवशेष प्रेमपत्र' पढ्दा नेपाली राजनीतिलाई उजागर गरेको छ । एउटा कोठाले पुग्ने भएपछि घर नै किन चाहियो भन्ने प्रतिप्रश्न पनि गजबको छ । कथामा कादम्बरी र अकार्थबीचको प्रेमपत्रको वर्णन छ । शब्दहरूका सिलसिलेबार निकै रोमाञ्चक छन् । शब्दहरू सरल भएकाले पाठकहरूलाई बुझ्न समस्या देखिँदैन । पोस्टम्यानले फास्ट मनीको रूपमा बिडी पाएको कुरा पनि रमाइलो छ । मेसेन्जर, भाइबरलगायत अन्य आधुनिक प्रविधिको प्रयोगबाट गरिएको प्रेमभन्दा हुलाकबाट आदानप्रदान हुने पत्रको माध्यमबाट हुने प्रेमलाई निकै महत्त्व दिइएको छ। कुनैबखत हुलाकीको इज्जत र मानका बारेमा पनि उल्लेख छ कथामा, जुन जानकारीमूलक नै छ। कथामा आफ्नै बहिनीलाई पनि प्रेमपत्रको हुलाकी बनाइएको कुरा छ । कथामा प्रेमको गहिराइको कथन निकै रोचक र भावुक पनि छ ।

पृष्ठ ३३ मा प्रकाशित भोजराज मुखालेको लघुकथा 'तहाँ उप्रान्त' अध्ययन गर्दा लघुकथा व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको छ । एक साहित्यकारको फुर्तिफार्तीदेखि कमेन्ट गरिरहने साथीबीचको सम्बन्ध स्थापना र बिच्छेदका कुरा यस लघुकथामा उल्लेख छन् । प्रस्तुत लघुकथा कतिपयका लागि शिक्षा नै मिल्ने खालको छ।

पृष्ठ ४० मा रहेको धीरज गिरि 'कल्पित' को छोटोमीठो लघुकथा 'मन' पढ्दा निकै अर्थपूर्ण लाग्छ । अचेल चिया पसलको समेत साधारणसभा हुने जमानामा पसललाई अफिस भनिनु सामान्य ठानिन्छ । रित्तो पर्समा आमाले ८ हजार ५ सय राखिदिँदा सन्तानका लागि आमाको हृदय कस्तो छ भन्ने कुरा मापन गरिएको छ भने बाले पैसा चाहिएमा भन म दिन्छु भन्ने आदेशात्मक अभिव्यक्तिले बाउलाई छोराबाट चाकडी चाहिएको भान हुन्छ । श्रीमतीले पर्स रित्तो भएको देखेपछि अनेक शङ्का उब्जिएको पाइन्छ यस लघुकथामा । फरक-फरक नातामा परक फरक विचार हुन्छ भन्ने यस लघुकथाले प्रस्ट्याएको छ ।

पृष्ठ ४१ मा स्थान जमाएको दिनेश निरौलाको लघुकथा 'घात' सरसर्ती हेर्दा यहाँ धोकाको कुरालाई उजागर गरिएको छ । घरजग्गाको दलाली कसरी चल्छ र सोझासिधा मान्छेलाई कसरी फसाइन्छ भन्ने यस कथाले दर्साएको छ । जग्गा खरिद गर्ने मान्छे विदेशमा भए पनि यहाँ जग्गा खरिदबिक्री हुनसक्छ भन्ने एक विकृतिलाई चिरफार गरेको देखिन्छ। सरकारी निकायहरूको कमजोरीको प्रतिनिधि बनेको छ यो लघुकथा ।

व्यङ्ग्यतर्फको प्रसङ्ग उठाउँदा पृष्ठ ३४ मा प्रकाशित रेहित सैजुको व्यङ्ग्यलेख 'नेतासेवा' निकै चोटिलो देखिन्छ। व्यङ्ग्यलेखमा नेताको पूर्णसेवा र आंशिक सेवाको तुलना गरिएको छ । नेपालको राजनीतिमा निकै मेल खाने खालको यो व्यङ्ग्यलेख सान्दर्भिक पनि छ । नेतासेवाका लागि आवश्यक तत्त्वहरूको रूपमा लगाव, स्वभाव, प्रभाव, दबाब र गोपनीयतालाई पनि केलाइएको छ । भिनाजुले सालालाई भनेका छन्- 'राजनीति जानेर होइन नजानेरै गर्ने हो, जानेर गर्ने भए त देशको अवस्था अर्कै हुने थियो । जानेर गर्ने भनेको त अरू अरू पेसा हो ।' लेखमा भनिएको छ- 'पद, पैसा र पावर भएपछि कानुनलाई गलहत्याउँदा पनि छुट पाइन्छ ।'

कविताको पाटोतर्फ घोत्लिँदा पृष्ठ ६ मा कणाद महर्षिका दुई कविता सजिएका छन्- 'हुलका हुल र

अभावका शूल' अनि 'विपरीत परिणाम' । पहिलो कविताको चार पङ्क्तिमा पहिलोदेखि चौथो पङ्क्तिले अर्थपूर्ण भाव झल्काउने खालको छ ।

*कर्मकाण्ड गर्दागर्दै*

*अन्धविश्वासको आस्थाले*

*विश्वासको सीमा नाघ्यो*

*अनास्थाको शिखर चढ्यो ।*

दोस्रो कविताको भाव पनि गजबको छ । कविताको अन्तिम दुई पङ्क्ति यस्तो छ–

*एकातिर पञ्चैबाजा घन्कियो*

*अर्कोतर्फ एकोहोरो शङ्ख बज्दै ।*

पृष्ठ १७ मा त्रिलोचन आचार्यको 'बाटो फाल्गुनको नरोक' शीर्षकको कविता नितान्त प्रकृतिमैत्री छ । जाडो जाँदै र बिस्तारै गर्मी चढ्दै गर्दाको मध्यमखालको मौसम झल्काउने यस कविताको अन्तिम चार पङ्क्तिहरू निकै आकर्षक छन्–

*देऊ डुल्न थला थला हर पला हे सुन्दरी फाल्गुनी*

*देऊ कोकिल कण्ठको मधुरता निर्धक्क माटो चुनी*

*होला चैत हतारिँदै रहरका ती पालुवा ल्याउन*

*बाटो फाल्गुनको नरोक दुनियाँ यो सृष्टि चम्काउन ।*

पृष्ठ २८ मा छापिएको गीता बरालको कविता 'बा रूँदैनन्' छोटो भए पनि अर्थपूर्ण छ । एउटा सफल 'बा' को वर्णन छोटो भए पनि निकै भावात्मक छ। कवितालाई उपयुक्त किसिमबाट शब्दशृङ्गार गरिएको आभास पाइन्छ । कविताका दुई पङ्क्ति यस्तो छ–

*अँधेरीमा पनि चम्किरहने*

*सङ्घर्षमा लम्किरहने*

पृष्ठ ३१ मा छ सीता पाण्डेको 'पर्ख प्रिया ! पर्ख !!' कवितामा प्रतीक्षाको महत्त्व के हो भनेर दर्साइएको छ । प्रतीक्षाको घडी कस्तो हुन्छ भन्ने अर्थसहितको एक उदाहरण बनेको छ यो कविता । कविताका केही पङ्क्ति यस्ता छन्–

*तिम्रा पदचाप सुन्ने आशा छ*

*तिमी आउँदा प्रिय सारा जग रमाउने छ ।*

पृष्ठ ३२ मा 'तिमी र म' शीर्षक दिएर गोविन्दराज पौडेलले रचना गर्नुभएको कविता छ । कवितामा धर्मका विषयमा पतीपत्नीबीचको भिन्न विचार दर्साएको छ । पति प्रकृतिप्रेमी देखिन्छन् भने पत्नी जडवस्तुको अर्थात् निर्जीव वस्तुको पुजारी देखिन्छिन् कवितामा । यहाँ अन्धविश्वासका कुरा पनि छन् । प्रकृति र भगवान्मा यसरी भिन्नता देखाउन खोजिएको छ–

*म प्रकृतिको पूजा गर्छु*

*तिमी जडवस्तुलाई*

पत्रिकाको पृष्ठ ३७ मा मुरारि सिग्देलको कविता 'चारजना' शीर्षकमा छ । कौतूहल वा जिज्ञासाले बिट मारेको यस कवितामा फटाहाहरूबाट सतर्क रहनु र आफ्नो कर्म नछोड्नु भन्ने बुझाइ देखिन्छ । पितासेवा झल्किने कविताका दुई पङ्क्ति यस्ता छन्–

*ती चारजनाको अगाडि*

*तपाईंको शिर कहिल्यै झुक्न दिइनँ बा !*

पदम दाहालले कोर्नुभएको 'बैना मारिराखूँ' शीर्षकको' कविता पृष्ठ ४१ मा छापिएको छ । कविताको अन्तिम निम्न दुई पङ्क्तिको अर्थले विशालता बोकेको छ–

*अटाएनौ शब्दभित्र छचल्कियो गीत*

*बाडुल्की भै चल्ने हिक्का छातीभरि प्रीत ।*

पृष्ठ ४२ को पूरै भाग 'चिल्लो पात' कित्तामा दुई बालकविता रहेका छन् । पहिलो कविता शौरभी तिवारीको 'देश हेर आज' शीर्षकको कविता पढ्दा देशमा व्याप्त विकृति, विसङ्गति र भ्रष्टाचार अनि विदेश पलायनका कुराहरूलाई उजागर गरिएको कुराले बालमनोविज्ञानमा पनि प्रभाव परेको पाइयो । दोस्रो कविता आर्या घिमिरेको 'कक्षाकोठा'ले विद्यालयको सेरोफेरो अनि कक्षा कोठाप्रतिको माया झल्काइएको छ । ज्ञानी छात्रको यो कलम सराहनीय छ । पृष्ठ ४३ को आधा भाग पनि 'चिल्लो पात' कित्ताले ओगटेको छ। जसमा दुई बालकविता रहेका छन् । अदिती सापकोटाको 'बाल हक' शीर्षकको कविताका दुई पङ्क्ति ज्यादै घतलाग्दा छन्–

*के बाल हक भनेको भन्नका लागि मात्र हो?*

*कि बालबालिकाले साँचो बालअधिकार पाउने हो?"*

त्यसै पृष्ठको दोस्रो बालकविता आदिका

सापकोटाको 'मेरो चाहना' शीर्षकमा रचिएको छ। कवितामा देशलाई समृद्ध बनाउने एक योजना बुनिएको जस्तो भान हुन्छ । नानीले यसरी शब्दमाला उनेकी छिन्–

*अरू देशका लागि बन्छु उदाहरण*
*त्यसैले बनाउनखोज्दैछु वातावरण ।*

पृष्ठ ४४ मा 'आमाबिनाको घर' शीर्षक बनाएर कविराज घिमिरेले एक कविता रच्नुभएको रहेछ । आमाको अभावमा घर व्यवहार कति लथालिङ्ग हुन्छ भन्ने कुरा यस कविताले उजागर गरेको देखिन्छ। गग्रेटो, गोठ, आँगन जतिसुकै चकलपहल भए पनि आमाको अभावमा ती सबै सुनसानसरह हुन्छन् भनेर कवितामा कविले बताउनुभएको छ अदालतमा बयान दिएझैं । कविताको अन्तिम पङ्क्ति यहाँ उल्लेख गर्न उपयुक्त ठानिएको छ–

*थामेकी उनले सबै वजन यो धान्ने गरेकी तर*
*सन्नाटा छ मुहारमा सकलको आमाबिनाको घर।*

पत्रिकाको पृष्ठ ४९ मा दीनानाथ पोखेलको 'बसूँ म चुली पुगेर' शीर्षक दिइएको कवितामा राष्ट्रप्रेम अनि कर्मको वर्णन गरिएको पाइयो । धर्म र प्रकृतिका कुरा पनि समेटिएको यस कविताले विदेश पलायन हुनेहरूका लागि पनि उपयुक्त सन्देश दिन खोजेको आभास पाइन्छ ।

*पिपलु पात सुसाई छायामा डाक्छ मलाई*
*बसूँ म चुली पुगेर सारङ्गी बाजा बजाई ।*

विनोद नेपालको यात्रा संस्मरण पृष्ठ १२ मा प्रकाशन भएको छ । तोकिएको स्थानमा तोकिएको समयमा पुग्नुपर्छ भन्ने मान्यता राख्ने विनोद नेपालका ठट्यौली पाराका शब्द र वाक्यले पनि स्थान पाएको छ । यस यात्रा संस्मरणमा काठमाडौं उपत्यकाको अव्यवस्थित ट्रफिक व्यवस्थापनबारे पनि पाठकहरूलाई जानकारी गराइएको छ। पङ्क्तिकारले उल्लेख गर्नुभएको छ– 'म किसानको दुःख सम्झन्छु ।' यसमा भ्रष्ट, फटाहा र भूमाफियालाई पनि तिखो शाब्दिक प्रहार गरिएको छ । स्थानीयहरूसँग लेखकले विभिन्न जिज्ञासाहरू राख्ने जमर्को पनि गरेको पाइन्छ । नागदह, बालकुमारी मन्दिर, सन्तानेश्वर मन्दिर तथा बज्रवाराही मन्दिरको किम्वदन्ती पनि उल्लेख भएकोले यो आलेखलाई पौराणिक हिसाबले महत्त्वपूर्ण मान्न सकिन्छ। यसमा देवीदेवताप्रतिका आस्थाका कुराहरू पनि समेटिएका छन् ।

'कल्पतरु'को पृष्ठ ३० मा पुस्तक वार्तामा डा. ऋषि वस्ताकोटीले 'जीबाको चौतारी' का उपन्यासकार मुकुन्द अर्यालसँग केही वार्तालाप गर्नुभएको छ । 'ग्लोबल वार्मिङबाट हाम्रा प्रकृतिदेवी हिमालहरूका शिरबाट सेता पछ्यौरा चिप्लिँदै गरेको र कालो कपाल देखिँदै गरेको दुःखद प्रसङ्ग आउने छ' भनिएको छ यसमा । यस उपन्यासलाई उपनिषद्सँग तुलना गरिएको पनि भनिएको छ । दर्शन, मनोविज्ञान, अर्थराजनीतिजस्ता विषयवस्तु बौद्धिक तरिकाले प्रस्तुत गरिएको यस उपन्यासलाई बौद्धिक वर्गले नै मन पराउने कृतिकारले बताउनुभएको छ ।

पत्रिकाको पृष्ठ ५ मा लीलाराज दाहालका 'केही हाइकुहरू' ले स्थान पाएको देखिन्छ । पर्या, प्रकृति र विनाशलाई झल्काइएको यस हाइकु उत्कृष्ट नै ठानिएको छ ।

पृष्ठ ११ मा शिव पलाँसको 'गीत' ले भन्छ नाङ्गै जन्मियौं नाङ्गै जानुपर्छ । लेखेको मात्र पाइन्छ देखेको पाइँदैन । समग्रमा गीत ज्ञानवर्द्धक नै छ ।

पृष्ठ ३६ मा कपिलकिशोर घिमिरेका चार थान मुक्तकले समाजमा व्याप्त विसङ्गतिविरूद्ध चेतना प्रवाह गरेको पाइन्छ । सरकारमा बस्ने दलका नेताहरूलाई अर्तीको रूपमा एक मुक्तक यसरी प्रस्तुत गरिएको छ–

*अलिकति तिम्रो आस अझै बाँकी छ*
*थोरै भए पनि तिम्रो सास अझै बाँकी छ*
*काम गरेर देखाऊ अगुवाहरू*
*तिमीले गर्नुपर्ने खास अझै बाँकी छ*

पत्रिकाको पृष्ठ ३९ मा निर्मलरमण पराजुलीका पाँच मुक्तक सजिएका छन् । पाँचमध्ये पहिलो मुक्तक निकै चोटिलो छ । अज्ञानताको अन्धकारलाई शब्दबाट उज्यालो दिन खोजिएको छ । पाँचवटै मुक्तकलाई सामाजिक मुक्तक भन्न सकिन्छ ।

# मुक्तक

✍ मीना चौलागाईं

बलात्कारीको घृणित व्यवहारप्रति छिः भन्न मन लाग्छ
फेरेर आफ्नै रूप पनि दुर्गा र काली बन्न मन लाग्छ
कानुनले सजाय दिन नसकेको देख्दा बलात्कारीलाई,
उठाई हतियार तिनका एक एक हड्डी गन्न मन लाग्छ ।

मन नै कमजोर हुँदा कोही बहादुर बन्न सक्दैन
सिकारीको अगाडि कोइली चतुर बन्न सक्दैन
बेलाबखत मनले कैयौँ यातना भोगिसकेपछि,
पहिलेजस्तै सम्बन्ध फेरि सुमधुर बन्न सक्दैन ।

झुटको छ सारा दुनियाँ ठहर कसको खोज्नु
आज हुन्छ भोलि छैन खबर कसको खोज्नु
झुट लुट र गुटको खेती फस्टाउने यो समय,
आफ्नै मुटुले साथ दिदैन भर कसको खोज्नु ।

भमराझैं फूल चुस्दै डुल्ने बानी छ कि छैन
पानी भेटे चिनीसरि घुल्ने बानी छ कि छैन
केही प्रश्न आज तिमीलाई सोधूँ सोधूँ लाग्यो,
खोला तरेपछि लौरो भुल्ने बानी छ कि छैन ।

पहिलो मुक्तक यस्तो छ–

*छोरी भनेर मलाई स्वाउँछौ भने*
*हेला गरेर जहर खुवाउँछौ भने*
*अब कहिल्यै पनि आमा बन्दिनँ म*
*गर्भ जाँचेर गर्भ तुहाउँछौ भने ।*

पत्रिकामा दुईओटा गजल प्रकाशित छन्। शैलेन्द्र थापाको गजल रहेको छ पृष्ठ ४३ मा । शैलेन्द्रको गजलले देखावटी धर्म र छट्टुहरूको हेपाइमा कर्मशील इमानदारहरू हेपिएका छन् भन्ने भाव झल्काउनुभएको छ। उहाँको गजलको यी दुई पङ्क्तिले दर्साएको देखिन्छ–

*काममा जोतिन्छ अनि चुटिन्छ गोरु*
*सम्मान सधैँ बाली चर्ने साँढेको छ ।*

त्यस्तै, पृष्ठ ४४ मा एलपी पराजुलीको गजलले खुसी भएर बाँच्न सिकाएको छ भने दुःखी भएर जीवन बर्बाद नगर्न सुझाएको छ । पराजुलीको गजलमा भनिएको छ–

*हुन्न सबको भाग्यमा सुख अन्तमा के भोग्नुपर्ला ?*
*कर्म राम्रो छैन भन्दा भाग्यले पनि छल्नसक्छ ।*

पत्रिकाको पृष्ठ ५० र ५१ आकर्षक तस्बिरहरूले सजाइएको छ । जुन तस्बिरहरू उदाहरणीय छन् । पत्रिकाको आवरण साजसज्जा लोभलाग्दो छ ।

यस अङ्कमा सबै विधाहरूको प्रतिनिधित्व भएको देखिन्छ । सबै रचनाहरू उत्कृष्ट नै छन् । हरेक रचनाहरूमध्ये कताकतै एउटा शब्द हुनुपर्नेमा अर्कै शब्द परेको देखिँदा अर्थको अनर्थ लाग्ने जस्तो भने देखिँदैन। किन कि वाक्यले भन्न खोजेको आसय प्रस्ट नै देखिन्छ।

प्रस्तुत पत्रिकामा भद्दा किसिमका विज्ञापनहरू देखिँदैनन् । थोरै भए पनि ज्ञानचेतनाका विज्ञापन नै देखिन्छन् । 'पुस्तक–पत्रिका मागेर होइन किनेर पढौँ । लेखक–सम्पादकहरूको मिहिनेतको कदर गरौँ' जस्ता विज्ञापन हरेक अङ्कमा राखिनु जरुरी छ । किनकि हरेक प्रकाशनमा फोकटको लगानी हुँदैन ।

म आफू नेपाली साहित्यको विद्यार्थी नभएर वाणिज्यशास्त्रको विद्यार्थी भएको नाताले यस समीक्षामा कमी–कमजोरी वा त्रुटि भएमा अर्को अङ्कको समीक्षामा केलाइदिनुहुन भावी समीक्षकलाई अनुरोध गरेको छु ।

धन्यवाद ! जय साहित्य !! जय कल्पतरु !!! ■■

# उमेरविज्ञ



✍ डा. टीकाराम पोखरेल

विवाहको उमेर कति वर्ष ठीक ? भन्ने विषयमा राजधानीको एक भव्य होटलमा कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा विभिन्न क्षेत्रका विज्ञहरू सहभागी थिए ।

चिकित्साविज्ञले भन्यो– 'जैविक रूपमा मानिस बिस वर्षमा परिपक्व हुने भएकाले विवाहको उमेर बिस वर्ष नै उपयुक्त हुन्छ ।'

अर्थशास्त्रीले भन्यो– 'विवाहको लागि जैविक रूपमा मात्र परिपक्व भएर हुँदैन, आर्थिक रूपमा पनि सक्षम हुनुपर्छ । कमाउन सक्ने उमेर पच्चिस भएकाले विवाह पच्चिस वर्षमा गर्दा उपयुक्त हुन्छ ।'

शिक्षाविद्ले भन्यो– 'कमाउने कुरा त त्यस्तै हो, तर कम्तीमा स्नातक तहसम्म पनि पार नगरी कहाँ विवाह गर्ने ? त्यसैले बाइस गर्दा चाहिँ उपयुक्त हुने मेरो राय छ ।'

संस्कृतिविद्ले भन्यो– 'विवाहको उमेर कानुनले निर्धारण गर्ने विषय होइन, आआफ्नो धर्म, संस्कृति, परम्परा र रीतिरिवाजअनुसार विवाह गर्ने उमेरमा छुट पाउनुपर्छ ।'

अधिकारकर्मीले भन्यो– 'बिस वर्षमुनि त विवाह हुँदै हुन्न । गर्नेलाई कडा कारबाही गर्नुपर्छ । बरु कडा कानुन बनाऔँ ।'

राजनीतिज्ञले भन्यो– 'मुख्य कुरा भोटिङ राइट्सको हो, संविधानले अठार वर्षमा भोट हाल्ने अधिकार दिएकै छ, विवाह जुनसुकै उमेरमा गरे पनि भैगो नि, यस्ता गौण कुरामा धेरै बहस किन गर्ने ?

समाजशास्त्रीले भन्यो– 'विवाह सामाजिक र भावनात्मक विषय भएकाले केटाकेटी जुन उमेरमा प्रेम गर्न परिपक्व हुन्छन् र नारी पुरुष दुवैले आफू विवाह गर्न सक्षम छौँ भन्छन्, सो उमेरमा विवाह गर्न दिनुपर्छ । यसलाई हामीले रोक्यौँ भने केटाकेटीबिच विवाहपूर्व नै शारीरिक सम्पर्क भएर बच्चा जन्मिन्छन्, भोलि ती बच्चाहरूको पहिचानमै समस्या हुन्छ ।'

विवाहको उमेरका सम्बन्धमा तर्क भए, वितर्क भए, बहस भए, मन्तव्य राखिए ।

कार्यक्रमको अन्त्यमा आयोजकले सहभागीलाई धन्यवाद दिँदै भने– 'आजको भेलामा सहभागी र विज्ञबाट आएको सुझावले विवाहको उमेर निर्धारण गर्न यो कार्यक्रम कोसेढुङ्गा साबित भएको छ । अब बालविवाह रोकिनेमा हामी ढुक्क छौँ ।

पररररर.... ताली बज्यो ।

कार्यक्रम आयोजना गरिएको दिन विवाहको लगन भएकै दिन परेछ । होटलमा उमेरविज्ञको मेला चलिरहँदा तराईको गाउँका चोकचोकमा तेह्र–चौध वर्षका बालबालिकाहरूको विवाह भैरहेको थियो ।

उता सोही दिन कर्णालीको एउटा गाउँमा सानैमा विवाह भएर गर्भवतीसमेत भएको चौध वर्षकी गर्भवतीको बच्चा जन्माउन नसकी अस्पताल लैजाँदै गर्दा बाटैमा मृत्यु भएको थियो । जिउँदो मान्छे बोकेर अस्पताल हिँडेकाहरू बाटैबाट मलामी बनेर घाटतिर मोडिए ।

मधेसमा चलिरहेका बालविवाहमा खुसियालीका बाजा बजिरहेका थिए, कर्णालीमा मृतक बालगर्भवतीलाई घाटमा लैजान एकोहोरो शङ्ख बजिरहेको थियो । तर होटलमा बजेका तालीको आवाजले मधेसको बाजा र कर्णालीको शङ्खको आवाजलाई छायामा पारेको थियो । सिंहदरबारमा तराईको बालविवाहमा बजेको बाजा र कर्णालीमा लास बोकेर घाट हिँडेको मलामीले बजाएका शङ्खको आवाज सुनिएन । विज्ञको भेलामा बजेको तालीको आवाज मात्र सुनियो ।

कथा सकियो, व्यथा सकिएन ।

सुदुरपश्चिममा अर्की बालगर्भवती मृतकको विवरणमा आफ्नो नाम लेखाउन लाइनमा थिइन् । ■■

# भ्रष्ट मन



✍ **राजेन्द्र ढुङ्गेल**

आफ्नो आय हुँदैछ बेस्सरी भने यो देशका खातिर
कोही बोल्न तयार हुन्न बुझियो छन् मौन जो आखिर
को हुन्नन् र खुसी मिले धन यहाँ चाहान्न को दौलत
कल्लाई मन छैन टन्न सुविधा जोडेर बस्ने घत ।।१।।

आफैँ मात्र बनूँ सुखी हरघडी होस् दुःख अन्तैतिर
जस्तै भ्रष्ट बढी सकून् मुलुक यो पार्दैन ठाडो शिर
पैसा स्वार्थ रहेछ हेर्छु दुनियाँ आफैँ छ आकर्षित
साथैमा रुपियाँ भयो यदि भने रम्छन् बनी हर्षित ।।२।।

को लोभिन्न यहाँ प्रलोभनविषे जस्तोसुकै होस् जन
तानिन्छन् धनमा कुनै तरहले छेकिन्न कस्तै मन
मीठो प्यार रहन्छ दौलत भए सद्बुद्धि तानी लिने
यस्तै कारणमा फसेर सहजै संसार बिर्सी दिने ।।३।।

सच्चा सेवक छैन राष्ट्र हितमा कल्याण गर्ने यहाँ
फस्छन् व्यर्थ गएर मोहक बनी जो पुग्छ सत्तामहाँ
छैनन् न्याय दिने निकाय लुटिए निर्दोष फस्दै गए
आशाको फल क्यै रहेन जनता साह्रै निराशा भए ।।४।।

ती आश्वासनमा भुलेर जहिल्यै हामी त्यतै दौडियौँ
गर्लान् काम कुनै भनी मुलुकको विश्वासमा अल्झियौँ
आशा व्यर्थ भयो सधैँ विरहमा डुब्दै गयो यो मन
यस्ता भ्रष्ट सधैँ रहे मुलुकमा उठ्ला कहाँ जीवन ।।५।।

*झापा- अर्जुनधारा-२*


नयाँ वर्ष २०८२ सालको सुखद उपलक्ष्यमा देश-विदेशमा रहनुभएका समस्त दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**लक्ष्मणकृष्ण ताम्राकार**
**मनदेवी ताम्राकार**
कुपण्डोल, ललितपुर
९८५११००१६९

# साहित्यमय बन्यो पब



✍ वियोगी बुढाथोकी

माघ अर्थात् अङ्ग्रेजी डिसेम्बर महिनाका मध्य । छोटो दिन । कहिलेकाहीं झुलुक्क घाम झुल्किएको अनुभव गर्न पाउँदा नपाउँदै घाम अस्ताउँछ । अर्थात् अन्धकारले अधिकांश समय मानिसलाई बन्दी बनाएको छ । शिरदेखि पाउसम्म छोपिएर हिँड्नुपर्छ । नत्र शरीरका विविध भाग कठ्याङ्ग्रिएको थाहै हुन्न । माकल टोपी, लामो लामो ज्याकेट । हातमा पन्जा । यस्तो अवस्थामा पनि सडकपेटीमा तपाईंले कोही हिँडिरहेको दुर्लभ अवस्थामा देख्नुभयो भने हातमा चुरोट देख्नु हुने छ । सायद तातोको अनुभव चुरोटले पनि दिन्छ कि ! सोच्नुपर्छ । प्रायःजसो महिलाको हातमा चुरोट हुन्छ । मिठो धुवाँ आकाशतर्फ फुर्र्र पार्दा आनन्द आउँछ कि कसो ! प्रायःले यस्तै गरेको देखिन्छ । यसै अवसरमा लेखियो -

*यो लमतन्न सडक हो कि लामो धर्सो*
*न देखिन्छ कुनै गुनासो न त फर्कोफर्को*
*यस्ले स्वास्थ्यलाई हानी गर्छ कि फाइदा*
*हेर्नुस् मुखमुखबाट छुट्यो चुरोटको सर्को*

नाति दर्पणजङ्ग थापालाई स्कुल छोड्न गयो । बाटोमा भेटिन्छन् आफ्ना स-साना नानीहरूलाई स्कुल छोड्न र लिन जाने प्रायःजसो आमा उमेरकाहरू । प्रत्येकजसोको हातमा चुरोट सल्किएको र धुवाँलाई आकाशतर्फ उडाएर आनन्द लिइरहेका भेटिन्छन् । यस्तै आफूले चुरोट नताने पनि आनन्दको सर्को तानेझैं दैनिकजसो अनुभूत भने गरियो । दृश्य देखियो । नानीहरूलाई यसले कतिको असर गर्ला १ मनमनै सोचियो ।

**एक अर्को साँझ–**

बेलुकाको हिँडाइ बिदा दिएर विश्राम लिनै लाग्दा अचानक मोबाइलको घण्टी बज्यो । यो अपरिचित मुलुकमा कैयौं दिन मौन ब्रत बसेको मोबाइल एक्कासि बज्नुलाई आश्चर्य लाग्नु स्वभाविकै हो । तर अचानक बज्यो ।

हेलो प्रभु नमस्कार ! चिरपरिचित स्वर । अर्थात् मिठो आवाज । हजुर कहाँबाट को बोल्नु भो प्रभु ! कति कामले सम्झनु भो होला !

साहित्यकार गोपी सापकोटाको फोन रहेछ । भन्दै थिए, दाजुको कतिको फुर्सद छ एकदिन भेट्न पाए हुन्थ्यो ! हामी तीनचार जनाले एकैपल्ट भेट्न चाहेका छौं । तपाईं बस्नुभएको ग्रेभजेनबाट झन्डै डेढ घण्टामा पुगिने स्ट्रार्टफोडमा भेटौं । त्यहाँ भए सबैलाई पायक पर्छ । खुसीले चुलियो मन । विदेशको भूमिमा अत्यन्तै ब्यस्त समयमा आफूले पाएको यो अवसरलाई ठुलै उपलब्धि ठान्नु पर्छ । ठानें मैले र तत्काले बिनासोच विचार हुन्छ भेटौं भनेर जवाफ फर्काएँ ।

हृदयले सधैं भन्छ–

साहित्य भनेको मन्दिर हो । देवता बस्ने सरस्वतीको मन्दिर । साहित्यकार त्यस्का पुजारी । पुजा अर्चना गर्ने पुजारी । मन्दिर जान पाउनु । देवताको दर्शन गर्न पाउनु । पुजारीसँगै बसेर देवताको आराधना र पूजापाठ गर्न पाउनु अहोभाग्य पनि हो । त्यो पनि विदेशको भूमिमा । त्यसै त्यसै लट्ठियो मन । पुलकित भएर उफ्रियो । समय आफैं गदगद भयो

तर साँझको चिसोमा तातो र मनलाई नै डाम्ने किसिमको भाव फुऱ्यो -

*कसैप्रति जानेर अन्याय नगरौं भन्दा एक्लिएको हुँ कि*
*न्यायको शिद्धान्तलाई घोकेर पढ्दा एक्लिएको हुँ कि*
*नहिँडेको बाटो हिँडिस् भन्ने मित्थ्या आरोप कति सहनु*
*यस्तो लाग्न थालेको छ सत्य लेख्दा एक्लिएको हुँ कि !*

एक्लिएको हैन रैछ । मित्रताको बलियो आधारशिविर मुहारपुस्तिकाले निर्माण गरेको अनुभूति गर्न पुगियो । परिज्ञान भो ।

र, भेट्ने दिन तोकियो १५ डिसेम्बर २०२४ । अर्थात् नेपाली २०८१ माघ महिनाको ३० गते । दिनको १२:३० बजे । तत्काले मैले घरमा कुरा राखें छोरी

अमिता र ज्वाइँ डा. दिनेशसमक्ष । तर दुवैको उक्त तोकिएको समय नमिल्ने देखियो । हतार हतार भाइ सन्तोष कार्कीलाई फोन गरें । भाइ त्यो दिन, त्यो समय । त्यो ठाउँ । भाइले अन्तको काम छोडेर भए तापनि मलाई दिनुपर्छ । बिचरा भाइ मेरो कुरा सुनेर अप्ठ्यारोमा परे । हुन्छ र हुन्न भन्न सकेनन् । उनले आफूले सन् २०१५ मा डार्टफोर्डमा किनेको घर त्यतिखेर ठिक्कको भए तापनि अब छोराहरू बढ्दै जाँदा साँघुरो महसुसले चिन्तित थिए । नयाँ घरको खोजीमा थिए । आफूभन्दा पछि आएकाहरूका घरहरू ठूला मात्र नभएर आफू बस्ने र बहालमा लगाउँदै गरेको देखेका थिए । र, नयाँ घरको कल्पनामा थिए ।

केहीबेर सोचेर उनले जवाफ दिए – दाइले भनेपछि हुन्न भन्नै सक्तिन ! त्यसैले हुन्छ दाइ म लिएर जाउँला उता पक्का आउँछु भनेर जवाफ दिनू ! तब ढुक्क भएँ । भाइ भए भरोस सायद यसैलाई भन्छन् क्यारे ।

तोकिएको समयमा पुगियो स्ट्रार्टफोर्ड । गोपीलाई फोन गर्दा उनले त्यतै कतै साहित्यकार मित्र विकलचन्द्र आचार्य हुनुहुन्छ । उहाँसँग भेटेर गफ गर्दैगर्दा होला । किनभने म चढेको रेल ढिला भएका कारण केही ढिलो हुनसक्छ ।

हामी गाडीबाट ओर्लिएर सन्तोष कार्कीलाई हतार भएका कारण विकलचन्द्र आचार्यसँग सम्पर्क गर्न लाग्यौं । श्रीमती शकुन्तला, भाइ डा. सुनील र भतिज निर्माणलाई यता बस्दै गर्नु म पबमा गएर हेर्छु भनेर रेलवे स्टेसनबाट पूर्वतर्फ हानिएँ । मिठो मुस्कानकासाथ पूर्व परिचित मित्र विकलचन्द्र आचार्य Weather Spoon Pub बाट बाहिर निस्किए । हामीले एकअर्कासँग हात मिलायौं । र, मैले श्रीमती, भाइ र भतिजलाई आफू भएतिर आउन मोबाइल गरें ।

परिचयको खाता खोलियो– नेपालको हालको गण्डकी प्रदेशको ऐतिहासिक जिल्ला गोरखामा २०३० सालमा जन्मिएर ३२ वर्षदेखि बेलायतमा बस्दै आएका रहेछन् फरासिलो स्वभावका विकल । उनका चार दाजुभाइमध्ये एकजना मात्र नेपालमा आमाबासँग भएको र आफूसहित अन्य दुई भाइ पनि यतै मात्र होइन एकै ठाउँमा लहरैका पृथक् घरमा बस्दै आएको पनि जानकारी गराए । मैले मनमनै भनें 'आहा कस्तो मिलेका दाजुभाइ !' उनका साथमा अर्धाङ्गिनी र छोरा बिपिन र छोरी शीलाका साथमा सानो परिवार र सुखसँग बिताउँदै आएका रहेछन् । भन्दै थिए हामीले अन्तर्राष्ट्रिय नेपाली वाङ्मय प्रतिष्ठान पनि चलाउँदै आएका छौं ।

**अन्तर्राष्ट्रिय नेपाली वाङ्मय प्रतिष्ठान–**

नेपाली भाषा, साहित्य, कला र संस्कृतिलाई विदेशको भूमिमा पुऱ्याएर सोको उन्नयन र उत्थानमा लागी पर्नु पनि ठुलै कुरा हो । आफ्नो पुस्तालाई भन्दा पनि आउँदो पुस्ताले नेपाली भाषा, साहित्य, कला र संस्कृति पढ्न पाउनु, बोल्न पाउनु पनि ठुलै उपलब्धि हो । त्यस्को उचित सम्मान गर्नु हो । तेसो नगरेको खण्डमा पछिल्लो पुस्ता विदेशी भाषा, त्यहाँको रहनसहन र संस्कृतिमा मात्र चुर्लुम्म डुब्नुलाई अन्यथा भन्न मिल्दैन । त्यसैलाई मध्यनजर गरेर स्थापना गरिएको संस्थामा हाल २१ जना कार्यसमितिमा सदस्यहरू रहेछन् । सोको उपाध्यक्ष नारायण अधिकारी, महासचिव जया राई, कोषाध्यक्षमा गोपी सापकोटालगायत रहेछन् । मनमनले मात्रै होइन शब्दबाट हृदयदेखि नै बधाई दिएँ मैले । संसारको कुनै पनि कुनामा पुगे पनि नेपाली साहित्यले त्यहाँ फुल्न पाउनुलाई स्वागतयोग्य काम भनेर प्रशंसा गर्नैपर्छ ।

साहित्यिक कार्यक्रम नगरेर पुरस्कार तथा सम्मान समर्पणसमेत गर्दै आएको रहेछ संस्थाले । यसो हुनु भनेको साहित्यको प्रवर्द्धन र उन्नयनको लागि विदेशको भूमि रहेर गरिएको कार्यलाई कोसेढुङ्गो ठान्यो पङ्क्तिकारले । निरन्तर यात्राको लागि हार्दिक शुभकामना पनि दिइयो ।

**आए गोपी –**

पुर्खौली थलो बाग्लुङ भए तापनि भारतको आसाम हुँदै तराईको गैंडाकोट घर भएका गोपी अर्थात् गोपी सापकोटा । वि.सं. २०२९ सालमा जन्मिएका हुन् गोपी । हाल बेलायतलाई कर्मथलो बनाएका गोपी । साथमा श्रीमती, छोरा गिरिश र छोरी निहारिकाका साथमा बस्दै आएका रहेछन् । अङ्ग्रेजी भाषाको राम्रै दख्खल भए तापनि नेपाली भाषामा सन् २०२४ को अन्त्यसम्ममा

# मुक्तक



**उपेन्द्र पौडेल**

(१)

प्रजातन्त्र कर्तुत ढाक्ने खोल मात्र भयो
जनतालाई भातबिनाको झोल मात्र भयो
पटक पटक धेरै जनता मरी ल्याको सिस्टम
भ्रष्टाचार र कमिसनको मोल-तोल मात्र भयो ।

(२)

'छोटो बढ्यो भने भारी फूर्ति लगाउँछ' भन्ने उक्ति छ
आफूलाई ठालु देखाउन त्यस्तासँग धेरै जुक्ति छ
स्थानको मान र लगाएको गुन सबै बिर्सन्छ कृतघ्नले
कुटिल चाल, कपट र वाकपटुताको ऊ नियुक्ति छ ।

(३)

कोरी बाटी ऐना हेर्दा आफै दङ्ग भएँ
जवानीको मातले हठात् झसङ्ग भएँ
सबै जना खुस्बुदार चमेली हौ भन्छन्
तुलना नि बगैँचाको फूलसँग भएँ ।।

(४)

चिच्याउँदै देश बनाउँछौं भन्ने धेरै आए तर देश बनेन
देश बनाउने सिद्धान्तका मिठा गीत गाए तर देश बनेन
खासमा त आफ्नै घरपरिवार र आफन्त बनाउनु रहेछ
ठाउँ हेर्न र मुख फेर्न देश विदेश धाए तर देश बनेन ।

*– पोखरा, फूलबारी*

११ वटा कृति प्रकाशित गरिसकेका रहेछन् । उनका कृतिहरू कविता, नाटक, बालकथा र उपन्यास विधामा केन्द्रित छन् ।

**स्ट्रार्टफोर्ड-**

स्ट्रार्टफोर्ड अर्थात् बेलायतको व्यस्त सहरमध्येको एक नामले चिनिने र ओलम्पिक खेल खेलाउन सक्षम भएको ठाउँको नाम हो स्ट्रार्टफोर्ड ।

*स्ट्रार्टफोर्डमा भेटिए नेपाली साहित्यका उज्याला अनुहार*
*सँगै बसेर रचना गर्भको साटासाट सधैं नै गरौं झैं व्यवहार*
*गोरखा, गैंडाकोट र काठमाडौंको विदेशमा भयो सुखद भेट*
*निरन्तर लेखौं, लेखेर नै सिर्जनाको गरौं मायाले सम्भार !*

हामीले एकापसमा रचना गर्भको कुरा गऱ्यौं । साहित्यको चिन्तन गऱ्यौं । चिन्ता र चासो पोख्यौं । देशलाई दु:खेको कुरा गऱ्यौं । युवाहरूको विदेशतर्फको लर्कोले देशलाई सञ्चो हुने छाँटकाट नदेखेको विचार पोख्यौं । आखिर चिन्तन, चिन्ता र चासोभन्दा माथि उठेर हामीले गर्न सक्ने उल्लेख गर्न लायक केही गर्न पनि सक्तैनौं नि ! तथापि देश दुख्दा हामीलाई दुख्नु देशभक्त भएका कारण नै कारक हुनुपर्छ । आउनुस् तपाईं हामी पनि देशको चिन्ता गरौं ।

**हिँड्दा गर्दा बर्सियो पानी –**

*बिहानदेखि दिउँसोसम्म घाम चर्किन्छ लन्डनमा*
*तब यात्रामा जिन्दगीको लय फर्किन्छ लन्डनमा*
*मनसुनको भो कुरा नगरौं खेल बुझिनसक्नु रैछ*
*अकस्मात् बज्रप्रहारझैं  पानी दर्किन्छ लन्डनमा ।*

**अनि सम्झियो –**

*स्ट्रार्टफोर्डको कस्तो मोहनी रूप अनायासै टोल्हाउँछु*
*नचिनेको अपरिचितसँग केको बोल्थ्यो तर बोलाउँछु*
*सुन्दर सहरले पत्तै नदिएरै हृदयमा मञ्च दिइसकेछ*
*सत्य भन्छु मदिरा पिएकै छैन तर आँखा लोलाउँछु ।*

यसरी विदेशको भूमिमा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको बारेमा छलफल गर्ने समय पाउनु, पुरस्कृत र सम्मान समर्पण गर्ने कार्यलाई निरन्तरता दिन सक्नु स्वयम् सम्झने संस्था अर्थात् आयोजकनै सम्मानित हुनु हो ।

यसरी मिठो मित्रताको पुल बाँधेको खुसियालीमा लाग्छ सोही पुलमा बसेर ओहोरदोहोर गर्ने मनसाय बोकेर स्टार्टफोर्ड ग्रेभजेनको बाटो लाग्छौं हामी ।

जय साहित्य ! ■■

# आवरण



✍ दशराज शाक्य

*(अन्दाजी दिउँसो ४ बजेपछि संयुक्त कलेजको ढोकैमा आइपुगिन् विजयालक्ष्मी । ढोका बाहिर दुई-चारजना केटाहरू उभिरहेका थिए । एकजना केटाले विजयालक्ष्मीलाई सोधिन् ।)*

केटाः हेल्लो, नरिसाउनुस् है ! एउटा कुरो सोध्छु, यो कलेजमा विज्ञान पढाउने प्राध्यापक दिनकर आचार्यलाई चिन्नुहुन्छ ?

विजयालक्ष्मीः अहँ चिन्दिनँ । म विज्ञानको छात्रा होइन । *(यति भनिसकेपछि विजयालक्ष्मी आफ्नो बाटो लागिन् र घर पुगिन् ।)*

आमाः लौ, तिमी समयमै घर आइपुग्यौ । अब खाजा खाएर आराम गर्नू । त्यसपछि नियमित भैँ गृहकार्य गर्नू है !

विजयालक्ष्मीः आज मलाई टाउको दुखिरहेछ, खाजा खान्न । सुतेर आराम गर्छु एकछिन । *(पलङमा पल्टिइन् र सिरकले मुख छोपेर सुतिन् ।)*

× × ×

*(नियमित दिनचर्या भैँ विजयालक्ष्मी चार बजेपछि कलेजको ढोकामा आइपुगिन् र बाहिर चौबाटोमा यसोउसो आँखा घुमाएर हेरिन् । उनले खोजेकी के हुन् भनेर नजिकै उभिरहेका अल्लारे ठिटाहरूले पनि उनले हेरेकी ठाउँमा आँखा दौडाएर हेरेछन् । विजयालक्ष्मीले बाटोमा आइरहेकी दिदी भन्नुपर्ने नयनतारालाई देखिन् । अनि बोलाइन् ।)*

विजयालक्ष्मीः नयनतारा दिदी ! एकछिन रूक्नुस्, म पनि तपाईंसँग आउँछु ।

नयनताराः अय् तिमी ? कलेज छुट्टी भयो त ?

विजयालक्ष्मीः भएर त कलेजबाट बाहिर आएकी म, अब सँगै हिँड्ने नि !

नयनताराः तिम्रो घरको हालखबर के छ नि ?

विजयालक्ष्मीः के हुनु नि ! कलेजको अध्ययन सिद्धिएपछि मेरो बिहेको कुरा छिनफान गर्ने भनेर आमाले जोड गरिरहेछिन् ।

नयनताराः अहिले तिम्रो उमेर कति भयो नि ?

विजयालक्ष्मीः अहिले मेरो उमेर २४ वर्ष पुगेछ । कलेजमा स्नातक अध्ययन सिद्धिन छ महिना बाँकी छ अझै ।

नयनताराः स्नातक पूरा भएपछि स्नातकोत्तर नगर्ने त तिमी ?

विजयालक्ष्मीः खोइ ? के हुने हो ? अहिले भन्न सक्दिनँ म ।

*(बाटोमा हिँड्दाहिँड्दै पाटन दरबार स्क्वाएर पुगेको पत्तै भएन । दुवै एक आपसमा छुट्टिएर घरतर्फ लागे ।)*

× × ×

*(शनिबारको दिन । बजारमा किनमेल गर्न आमासँगै विजयालक्ष्मी पनि गइन् ।)*

विजयालक्ष्मीः आमा ! आज मलाई कुर्ता सुरूवाल पनि किनिदिने सोच राख्नुभएको छ कि ?

आमाः अहिले हतार नगर्नू चाडपर्वको ऋतु आएपछि किनिदिने विचार गरेकी छु ।

विजयालक्ष्मीः नाइँ आमा, चाडपर्वमा महँगो हुन्छ, अहिल्यै किनिराखे सस्तोमा पाउन सकिन्छ ।

आमाः चुप लाग् अहिले । बेला न कुबेला महँगोको कुरा निकाल्छौ तिमी ।

*(यतिकैमा कसैले बोलाएको आवाज सुनेर पछाडि फर्केर हेरिन् विजयालक्ष्मीले । बजारमा किनमेल गरिरहेकी विजयालक्ष्मीको लागि यो आवाज परिचित थियो । उनले तुरुन्तै थाहा पाइन् । सन्ध्या...... उनकै आवाज*

*हो । उनकी साथी सन्ध्या, जससँग उनले पाँच वर्षदेखि भेट्न सकेकी थिइनन् । झट्ट उनलाई विजयालक्ष्मीले चिन्न पनि सकेकी थिइनन् ।)*

विजयालक्ष्मीः धेरै भयो तिमीसँग भेट नभएको । कस्तो राम्री तिमी अचेल । पहिले तिम्रो गोलमटोल शरीर, पुष्ट गाला भएकी तिमी । अहिले त मिस नेपाल जस्तै पातली शरीर भएकी तिमी कति राम्री छौ ।

मोडेलजस्तै केटी, आँखामा स्टाइलिस चस्मा लगाएर आएकी र महँगो सिफन साडी लगाएर आयौ नि सन्ध्या ।

सन्ध्याः अरे विजयालक्ष्मी ! तिमी कस्तो कुरा गर्छौ ? (*सन्ध्याको ओठ लालीगुराँसजस्तै रातो थियो र हँसिलो मुहार पनि*) म यति बदलिएको तिमीले चाल पायौ त ? एकछिन रेष्टुराँमा गएर चिया पिउन जाऔँ न, आमालाई पनि ल्याऔँ । त्यहीं कुरा गरौँ न दुःखसुखको ।

(*सन्ध्याले विजयालक्ष्मीलाई प्रस्ताव राखिन् । तीनै जना रेस्टुरामा गए र चिया अर्डर गरे । रेष्टुराँको एउटा कुनाको टेबलसँगै रहेको मेचमा बसे र कुरा गर्न थाले । अप्रत्यासित रूपमा भेट भएको माहौलमा रमाइलो पनि लाग्यो ।*)

विजयालक्ष्मीः आजकल मेरो लोग्नेको सरुवा भएको छ । पछिल्लो हप्ता ऊ काठमाडौँमा बस्न आएको छ । पोखराबाट काठमाडौँमा सरुवा भएको रहेछ ।

विजयालक्ष्मीः (*सबभन्दा पहिले सन्ध्याको जिउडाल बारे आश्चर्य भइरहेछ विजयालक्ष्मीलाई* ) पहिले तिमी ७० किलोकी वजनवाली शरीर आजकल कसरी दुब्ली पतली भएकी तिमी सन्ध्या ?

सन्ध्या : के तिमीलाई मेरो शरीर देखेर जलन भयो कि कसो विजयालक्ष्मी ?

विजयालक्ष्मीः जलन भएको होइन, आश्चर्यलाग्दो भएर सोधेकी मैले । एकदम आश्चर्य लागिरहेछ मलाई ।

सन्ध्याः (*धेरै वर्षपछि विजयालक्ष्मीसँग भेट भएको हुनाले मनमनै एकदम प्रफुल्लित भएर*) महिला भएर बाँच्नुको पीडा अलग्गै छ, कहाँ बालापन झैं हाँसी खेली रमाइलो गर्न पाइन्छ र आजकल ? तिमीलाई थाहै छैन विजयालक्ष्मी । बिहे भएपछि आफ्नो लोग्ने गतिलो परे स्वर्ग, सुख भएर पनि घरको वातावरण सधैं रमाइलो हुने हुन्छ । तर त्यस्तो भएन, आफ्नो कर्म नै खोटो रहेछ । आफू त प्लास्टिकको कठपुतली भएर बाँच्नु पऱ्या छ र जिन्दगीभर पीडैपीडाको रस पिएर बाँच्नु परेछ । मर्नु न बाँच्नु कस्तो जिन्दगी मेरो त !

आमाः (*विजयालक्ष्मीकी आमा*) होइन त्यस्तो के आपत् आइपरेछ तिमीलाई ? पीडैपीडाको कुरा आएछ ।

सन्ध्या : (*मुटुमाथि ढुङ्गाले थिचेको पीडालाई घुटुक्क निलेर*) बाहिरबाट पुस्तकको साजसज्जा र आवरण हेरेर रमाइलो र आकर्षक लाग्न सक्छ । पुस्तक पढेपछि मात्र भित्र के कस्तो विवरण र बयान छ भन्ने थाहा पाउँछ । त्यस्तै हो महिलाको जिन्दगीको कथा, व्यथा, पीडा र जिन्दगानी । अब गुह्य कुरो किन लुकाउने होइन र ? अब बताउँछु । मलाई जिन्दगीभर टेन्सन (तनाव) ले सताएको छ । लोग्ने त ठीकै छ मेरो । पैसाको कुनै कमी छैन, उनको जागिरको आकर्षक तलब आउँछ । तर उनको रक्सी पिउने बानी असाध्यै नराम्रो छ, साँझ पऱ्यो कि अधिक रक्सी पिउने बानी छ । मैले त कन्ट्रोल गर्न सकिन, उल्टै मलाई बेस्सरी पिट्छन् र रक्सीको आगो ओकलेर गाली गर्छन् । उनको शरीर गल्दै गइरहेछ । दुई जना बच्चाहरूलाई पनि बेस्सरी लात हान्छन् र घाइते बनाउँछन् (*यति भन्दाभन्दै*

कविता

# अन्यमनस्कता



✍ गीता त्रिपाठी

नउठ्नु थियो-
उठे दुई कदम
र, जिन्दगीका दुई छेउझैँ भए ।

छुट्नुअघि पटक-पटक
चहऱ्याइरहे चोटहरूको दैनिकी
अपमानबोधले छोडिहाल्न लगायो सङ्घार
तर्कका प्राणहीन सोचहरू पनि
काँसका घारीहरूझैँ
जिउँदा भएर उठिरहे
कठिन मात्र लागिरहे सँगै बस्दाका समयहरू !

अपरिचित मोडमा आइपुगेपछि
अकस्मात् लागिरहेछ,
फर्किहेरौँ छोडिआएकै बाटोतिर
सम्बन्धको अन्तिम अवसर खोजी हेरौँ,
भेटियो भने त्यस्तो कुनै सम्भावना,
लागिरहेछ,
आरम्भ गरौँ यात्रा पुरानै मोडबाट ।

अनिश्चयभित्रको निश्चयतासँग
गाँसिएका यावत् आत्मीयताहरू
यावत् सम्बन्धहरूको प्रियता
कति भयानक हुँदोरहेछ विश्वासका बाँकी आशहरू

छोडिआएको बाटोले
पर्खिरहेजस्तो मात्र
अझै किन लागिरहेको छ ?

*सन्ध्याको गला अवरूद्ध भएर आँखाबाट बर्र आँसु झरेछ । आँसु पुछ्न चस्मा फुकालेको हुनाले आँखामुनि नीलो कालो दाग देखियो, त्यो विजयालक्ष्मी र उनकी आमाले देखे । चस्मा लगाएको अर्थ पनि बुझे)*

विजयालक्ष्मी: हरे शिव ! आज के सुन्नुपरेको यस्तो कथा ? के देख्नुपरेको यस्तो नीलो कालो आँखा ? (*यत्तिकैमा सबैले चिया पिएर सिध्याइछन्)*

आमा : नेपालमा महिला हिंसासम्बन्धी कानुन त छ नि, तर के गर्न सक्यो कानुनले ? कानुनको आँखा छैन भनेको त्यसै होइन रहेछ ।

(*यही बेला दुईजना केटाहरू पनि सँगैको मेचमा बस्न आउँछन् । एकजनाले मोबाइलमा गीत बजाउँदैछ, गीत यस्तो छ....... "परदे में रहने दो, परदा ना उठाओ !"*)

सन्ध्या : लौ अब म जान्छु, पछि फेरि भेटौँला नि ! (सन्ध्या गइन् ।)

विजयालक्ष्मी: राम्रोसित सचेत भएर बस्नु नि, बच्चाहरूलाई पनि राम्रोसित हेरचाह गर्नु है । केही आपत् परे मलाई फोनबाट खबर गर्नू । म पनि तिमीलाई मद्दत गर्छु । मलाई नबिर्सिनुस् है ! तिमीलाई म सदाझैँ सम्झिबस्छु ।

(*यति भनिसकेपछि विजयाललक्ष्मी आफ्नी आमासित गन्तव्यतिर लागिन् ।*)

■ ■

# रिजालको कथाकृति 'अब उप्रान्त' मा देशको चित्र



✍ विष्णुप्रसाद शर्मा पराजुली

निरन्तरता जस्तो परिणाम दिने अभ्यास अरू केही हुँदैन । जीवनमा धेरै प्रकारका यात्रा गरिन्छन् । अधिकांश यात्रा खुकुरीका धारजस्तो धारिला र पहाडका धारबाट हिँड्दा पाइलैपिच्छे खतरनाक हुन्छन् । त्यो धारको दायाँबायाँ मृत्यु ठिङ्ग उभिएको हुन्छ । कति मानिस यात्रा गर्दैगर्दा पहाडको धारिलो धार र भीर देख्नासाथ तर्सन्छन् । हिँडिरहेको बाटोबाट पछाडि फर्कन्छन् । गर्नुपर्ने सङ्घर्षसँग तर्सेर पनि भाग्छन् । तथापि सिँढी चढेका हुँदैनन् । सफलता हासिल गरेका हुँदैनन् । जीवन यात्रामा निरन्तरता पनि हुँदैन । कतिपय मानिस यस्ता हुन्छन् जो जस्तोसुकै धारिलो पहाडको धारबाट यात्रा गर्नुपर्ने भए पनि यात्रालाई निरन्तरता दिन्छन् । जोखिमलाई सहर्ष स्वीकार गर्छन् । नजिकै रहेको मृत्युलाई झुक्याउँदै जीवनका अनगिन्ती सिँढी चढेर चुरे तथा महाभारत उक्लन्छन् । अनि हिमालयको उच्च शिखरमा पुगेर समाजलाई यात्रा गरिरहनुपर्छ भन्ने सन्देश प्रवाहका साथ फर्कन्छन् । यसरी हिँडिरहनेहरू समाजको आँखामा लामो कालखण्डसम्म प्रेरणाका स्रोत बनिरहन्छन् । हो, त्यसरी नै साहित्यिक सन्देशबाट समाजलाई सभ्य र सुसंस्कृत बनाउन, जीवनका कठिनतम आरोह–अवरोहलाई पनि परास्त गर्दै अघि बढ्न प्रेरित गरिरहनेहरूमध्येका एकजना व्यक्तित्व हुन् साहित्यकार नवराज रिजाल ।

राजनीतिक परिवर्तनपश्चात् देश साहित्यिक, सामाजिक, सांस्कृतिक र दार्शनिक आदि कोणबाट विकसित भैदिए हुन्थ्यो भन्ने हुट्हुटी मनमा सदासर्वदा बोकिरहनुहुने रिजाल साहित्यिक पत्रकार, शिक्षक, सम्पादक, कवि, बालसाहित्यकार, नियात्राकार, गजलकार, समालोचक तथा जीवनलाई सही मार्गमा हिँडाउने सफल यात्री पनि हुन् । उनका बालसाहित्यका १२, नियात्राका १, गजल/मुक्तकका ३, कथा/लघुकथाका ५ र खोज/अनुसन्धानका ३ गरी २४ पुस्तक प्रकाशित छन् । अझ सहलेखनमा अन्य ३ कृति पनि छन् । विभिन्न १२ साहित्यिक पत्रिकाको सम्पादन गरेका उनी विगत ३२ वर्षदेखि प्रकाशित हुँदै आएको र हालसम्म १०६ अङ्क प्रकाशित नवप्रज्ञापनका सम्पादक/प्रकाशक समेत हुन् । उनी विगत चालिस वर्षभन्दा अघिदेखि नेपाली साहित्यलाई उच्च कोटीको बनाउन यथार्थ र सत्यको यात्रामा उकाली–ओराली गरिरहेछन् । यतिबेला मेरो हातमा उनको २०७८ मा प्रकाशित कथा कृति *'अब उप्रान्त' छ* । मैले उनका अन्य केही कृति पनि पढेको छु । स्रष्टा पदयात्राको ८९औँ मण्डनदेउपुर यात्रामा 'यो पुस्तक पढेर फुर्सद भए प्रतिक्रिया लेखिदिनु होला' भन्दै पुस्तक उपलब्ध गराएका कारण आफू समीक्षक नभए पनि पुस्तक पढेर मनमा लागेका कुरा लेखेको छु ।

यस कृतिमा सत्र कथाहरू छन् । कथाको भावलाई प्रतिनिधित्व गर्ने गरी शीर्षक एक–एक शब्दका छन् । कथा सरल, छोटो वाक्य र परिच्छेदमा सरसर्ती बाटो पहिल्याएर अगाडि बढेका छन् । तराई, पहाड, गाउँ, सहरका अतिरिक्त कतै न कतै कथाकालीन समय र आज सिद्धान्त लोप हुँदै गएको राजनीति पनि चित्रित गरिएको छ ।

विदेश जानको लर्को, बेराजगारीको पीर, दलालद्वारा ठगिएका ग्रामीण क्षेत्रका गरिब किसानका सन्तान, आफ्ना खेतबारी बाँझो राखेर सहर छिर्नेको घुइँचो, नैतिकताको पाठ पढाउने गुरु (नेता) ले नैतिकता बिर्सेका

सन्दर्भजस्ता कुराहरू कथामा व्यक्त गरिएका छन् । राजनीतिले सही मार्ग लिन नसकेकामा कथाकार दुखी बनेका र मनमा पीर लिएका छन् । यति हुँदाहुँदै पनि आशाको दियो बाल्न चाहिँ बिर्सेका छैनन् । कथाभित्र धेरैका दुःख र चाहनाका विविध प्रसङ्ग छन् । आफू स्वयं पात्र भएर परिस्थितिको विश्लेषण गर्छन् । गाउँबस्तीबाट राजनीतिको लागि जीवन समर्पण गरेका व्यक्तिहरूको जीवन दशकौंदेखि झन् खराब बन्दै गएको सजिव चित्र कथाहरूमा देखिन्छ । आममानिसका जीवनस्तर जस्तो भए पनि माथिल्ला तहमा पुगेकाहरूको विलासी जीवनशैली र व्यवहारले लेखकलाई स्तब्ध बनाउँछन् । परिवर्तनका नाममा भित्रिएका विकृति–विसङ्गति अधिकांश कथामा पात्रहरूबाट अभिव्यक्त गराइएको छ । कथाकार राजनीतिक परिर्वतनपछि पनि देशले सही मार्ग लिन नसकेको र बेथिति, विकृति अझ मौलाउँदै गएकामा दुखित बनेका छन् । उनीभित्रको पीडा कथा, कथाका पात्र र विषयका रूपमा प्रतिविम्बित भएका छन् । तिनै विषयवस्तुको तल विश्लेषण गर्ने प्रयास गरेको छु ।

'बस्ती' कथामा ग्रामीण भेगको एउटा सामान्य पसलमा जम्मा भएका विभिन्न उमेर समूहका मानिस आआफ्ना गुनासा, कुण्ठा र पीडा कसरी व्यक्त गर्छन् भन्ने देखाइएको छ । युवाहरूको गुनासो यस्तो रहेको लेखकले उल्लेख गरेका छन्, 'हाम्रा पनि त कुरा हुन्छन् नि । किन सुन्दैनन् बाउहरू ? के सोच्छन् यी ? वर्तमान उनीहरूको हो र ? जुग त हाम्रो हो । हामीले आफ्नो इच्छाअनुसार बाँच्न पाउनुपर्छ । उनीहरू आफ्नो असफलताको पूर्ति हामीद्वारा गराउन खोज्छन् । मलाई त पटक्कै मन पर्दैन ।' (पृ.१७) ।

'सम्मोहन' कथामा कथाकार अगाडि लेख्छन्– 'अस्तिनैको बिर्सिस् ? सहिदको सन्तान नै पठाउनुपर्छ भन्ने सचिव र आफन्त पठाउन चाहने मन्त्रीका बिचको कति लामो विवाद ?' ङ ले पुरानो प्रसङ्ग कोट्यायो । (पृ. २७) ।

किसानको अवस्था हिजोदेखि आजसम्म उस्तै नै छ । उनीहरू सबैका बाँच्ने आधार भए पनि सम्बन्धित निकाय पटक्कै संवेदनशील छैन । मलको समस्या कहिल्यै समाधान हुँदैन । किसानका समस्या समाधान नगर्नु माटोप्रतिको बेवास्ता हो भन्ने सन्दर्भ पारेर लेखकले जिम्मेवार निकायमाथि गम्भीर प्रश्न गरेका छन् । 'आश्वस्त' कथामा उनी यसरी अभिव्यक्त हुन्छन् 'माटोको मूल्य ? यसलाई माया गर्नेले मात्र बुझ्न सक्छ । धरातलनै परायको जिम्मा लगाउन खोज्नेहरू सधैँ यसको मलामी जाने मुद्रामा भेटिन्छन् ।' (पृ.४६) ।

थकित लोग्नेले यौवनावस्थाकी पत्नीको स्पर्श थाहा नपाएको, यौन चाहना सुषुप्तावस्थामा रहेको, त्यो कुरा पतिले हृदयङ्गम गर्न नसकेको प्रसङ्ग पनि कथामा छन् । सम्पूर्ण कथामा चाहिँ यी कुरालाई राजनीतिले चिमोटिदिएको छ । पूर्णतः राजनीतिमा देखिएको विसङ्गतिको प्रतिरोधमा पात्रहरू समय–समयमा प्रस्तुत हुन्छन् । सामाजिक विकृति विसङ्गतिमाथि उठाइने पात्रहरूको आवाजले प्रेमको तातोपनलाई बरफमा परिणत गरिदिएको छ । कुनै कुनै कथामा तराई परिवेशका प्रेमकथा भैदिएको भए पनि त हुन्थ्यो भन्ने लाग्छ । तर, त्यस्तो प्रसङ्ग पाईंदैन । यस सङग्रहका कथामा राजनीतिका सन्दर्भले विशेष स्थान पाएका छन् । उच्च तहमा पुगेपछि नागरिकको योगदान, समर्पण र त्यागलाई बिर्सनेहरूमाथि कथाकारको कटाक्ष छ ।

देशमा बेरोजगारी समस्या छ । बेरोजगार सन्तान घरमा हुँदा मातापिता कति बेचैन हुन्छन् र कति पीडाबोध हुन्छ भन्ने कुरा मनोवैज्ञानिक तरिकाले *परिवृत्त कथामा सशक्त ढङ्गले* उठाएको छ । साहित्यकार रिजाल लामो समय शिक्षण पेसामा रहे । त्यहाँ रहँदा शिक्षाका राम्र पक्षका साथै, विकृति देखे र भोगे । त्यो अनुभवका आधारमा शिक्षण पेसा, देशको शैक्षिक अवस्था, समाजको शिक्षकलाई हेर्ने दृष्टिकोण, शिक्षाको गुणस्तर, शिक्षामा राजनीतिको प्रवेश तथा प्रभाव र सरकारी हस्तक्षेपका कथा पनि यहाँ छन् । कथाकारले कति ठाउँमा सिधै

पिडकको अनुहारमा दाग देखिने गरी प्रहार गरेका छन् त कतिपय ठाउँमा कवितात्मक शैलीमा, मन छुने बिम्ब प्रयोग गरी वास्तविकता दर्साएका छन् । चिया पसलमा बसेर मज्जैले देश-विदेशको राजनीतिक र आर्थिक चर्चा गर्ने स्वनामधन्य विश्लेषक ससुराबाले एक ठाउँमा शिक्षकका विषयमा भनेका छन् 'जागिरे भनेको त मास्टर पो हुनुहुँदो रहेछ ।' (पृ.५८) ।

सङ्ग्रहको एउटा सामाजिक कथा 'सपना' मा वंश धान्न, मृत्युपछि श्राद्धको माध्यमबाट पुत्रमार्फत पिण्ड खानका लागि नारीले नै सात छोरी जन्माएको सन्दर्भ छ । यो अति प्राचीन र परम्परागत विश्वास हो । आजको वैज्ञानिक भौतिकवाद तथा चार्वाक दर्शनमा विश्वास गर्नेहरूले यो कुरामा पटक्कै विश्वास गर्दैनन् । तर अशिक्षित, पुनर्जन्म र मृत्युपछि पिण्ड खाने विश्वास गर्नेले सात कन्यालाई जन्म नदिने कुरो भएन । नत्र त ती दार्शनिकले चार्वाकले भने झैं 'भस्मिभूतस्य देहस्यः पुनारागमनम् कुतः ?' भनेर स्वर्ग तथा पारलौकिक विषय कल्पनाका तानाबाना मात्र हुन् । जीवन छ, लोक छ । जीवन छैन, केही छैन । एक पटक खरानी भएको शरीर फेरि कहाँ आउछ ? त्यो आउँदैन भन्नु पर्ने हो तर सत्य कुरा नागरिकले थाह पाए भने सत्तामा रहिरहन पाइँदैन भनेर नागरिकलाई सिकाएनन् । भ्रममै राखे । त्यसकारण यस्ता कथा जन्मीएका हुन् ।

देशमा राजनीतिक परिर्वतन भए पनि पन्नलाल, भुलन, चाचाजीको हैसियत र परिवेश कतै फेरिएको छैन । त्यसैले त कथाकार भन्छन् पन्नलाल र भुलनहरूको बोल्ने दिन कहिले आउला ?, सीमानामा बस्ने बासिन्दालाई जति देश अरू कसलाई दुख्ला, सबैभन्दा बढी पीडा उनीहरूले नै खेपेका छन् । नाकाबन्दी हुन् वा सीमा मिचिएका र बाँध बनाएर डुबान गराइदिएको बेला सधैं तिनीहरूले हण्डर व्यहोर्नु पर्छ । ती सबै कुरालाई बिर्सेर एक दिन, मात्र एक दिन चाचाजी निकै खुसी हुन्छन् । देश गुम्दा मुटुको नसा च्वाट्ट चुँडिएको जस्तो पीडाको अनुभव गरेका चाचा गुमेको देशको टुक्रा नक्सामा पऱ्यो भन्ने खबरले हर्षित भए । लिम्पियाधुरामा छिमेकी सेना बसेको थाहा हुँदाहुँदै पनि नक्सामात्र बनेकोमा चाचाजी क्षणभर खुसी भए । माटोको टीका लगाउन पाइएको छैन । बालेका बत्ती निभेझैं चाचाको आशा, भरोसा, निभ्यो । तर चाचाले 'हुर्रे' भन्न छोडेनन् ।

देशमा भइरहेको अराजकता, अस्थिरता, विकृति र विसङ्गति हटेर सबैभित्र एकसाथ राष्ट्र प्रेम फैलिदिए हुन्थ्यो भन्ने भाव लेखकका हरेक कथाहरूमा छन् । कथाले पाठकलाई भावुक बनाउँछन् । उनको जस्तो भावना शासकमा भएको भए बहुदलपछि देशको आर्थिक अवस्था छिमेकी चीनको भन्दा अवश्य पनि कम हुने थिएन । आशा गरौं, कथाका पात्र चचाजीले झैं सम्पन्नताको रोटी चाखेर हामी सबै एकजुट बनेर 'हुर्रे' भन्न पाइयोस् ।

रिजालको कथा लेखनको अर्को विशेषता भनेको एउटा कथामा धेरै विषय र पात्र हुनु पनि हो । मलाई त त्यो उनको कथाको एउटा नौलो प्रस्तुति हो जस्तो लाग्छ । कथा पढ्दै जाँदा पात्र कतै हराउँछन् र कतै भेटिन्छन् कि भन्दै खोज्नु पर्छ । एउटा कथामा एउटा विषय मज्जैले उठाए कथा झन् गहन हुन्थ्यो कि ? अनि यो सङ्ग्रहका कथाहरू पढ्दा हाम्रो आँखामा-हाम्रो देश, हाम्रो समाज, हाम्रो अवस्था, हाम्रो मानसिकता र हाम्रो दृष्टिकोण केही न केही अंशमा आउने भएकाले कथाहरूभित्र देशको चित्र छ भन्न सकिने आधारहरू छन् ।

अन्तमा, पुस्तकबारे ख्यातिप्राप्त साहित्यकार विजय चालिसेको शब्द 'नेपाली जनजीवनका भोगाइ, अनुभूति, असिजला, अप्ठेरा र समस्याहरूलाई कथाकारले मूल विषय बनाएका छन् । सरल भाषामा बुनिएका जटिल र प्रयोगशील शैलीका यी कथाहरूमा जीवनको जटिलता र वास्तविकताको प्रस्तुति छ' सापटी लिई दुई दर्जन कृतिका स्रष्टा साहित्यकार रिजालको लेखन यात्राले अझै उचाइ चुमोस् भन्ने कामनाका साथ म पनि बिदा हुन चाहन्छु । शुभकामना । ■■

parajulibishnu58@gmail.com

# भ्रष्टाचार



महेशराज खरेल

एउटा मूल्य र मान्यताको
निकास र विकासको
आफ्नो योग्यता परीक्षणको
बर्सौं वर्ष सामन्ती चेपाइमा
मुर्झाएको स्वत्व
जागेर, ब्युँझिएर
उन्मुक्तिको निकास खोज्दै
चुनौतीको सामना गर्न
फैलाएर छाती
उभिएको एउटा आँट
आततायी शासकका सङ्गिन
बन्दुकले
बिच्छेदन गरेर
बनेको घायल चेतनाबाट
बगेको रगतको आहालमा
पौडी खेल्ने
शासक नामको
हिंस्रक पशुलाई
विस्थापित गर्न
निभाएको भूमिका र उत्सर्गले
देशमा आएको प्रजातन्त्र
लोकतन्त्र र गणतन्त्रले
जनताका अपेक्षा
देशको विकास र समृद्धि
सुशासन, निष्पक्षता, इमानदारिता
र कर्तव्यपरायणता
योग्यता, दक्षता र क्षमताभित्र
खोजिएको
जिम्मेवारी,
नवीन चेतनायुक्त सिर्जनानाले
उमार्ने नयाँपन
सधैंसधैंलाई जोगाइराख्न
व्यवस्थाभित्र कल्पिएको सुन्दर सपनाका
समग्र विषय र क्षेत्रमा
भ्रष्टाचारका ऐँजेरुले
मानव मनका आशामा
तुषारापात गरिदियो

भ्रष्टाचारको जात हुँदैन
यसले आफ्नै स्वजन
वा मातापितालाई पनि चिन्दैन
भूगोलका सीमाले यसलाई रोक्दैन
जाति, भाषा र धर्मसंस्कृति सबै
छिचोलेर आफ्नो सञ्जाल फैलाउँछ
अनिष्टको ठुलो पहाड बनाउँछ

भष्टाचार जहाँतहीं आयो
आर्थिक स्रोतमा आयो
बजेट खर्च र विकास निर्माणमा रमायो
लाउडा र वाइडबडीमा कमायो
सुनमा आयो, नुनमा आयो
भुटानी शरणार्थीमा छायो,
हुँदाहुँदै काठमाण्डौबासी
काकाकुल जनताको
चाहना मेलम्चीमा समेत पलायो
शासकीय दमन
र अहङ्कारमा करायो
बन्दुक र बारूदमा गन्हायो
देशका गरिब जनताका
कारुणिक भोक

र प्यासलाई खिज्यायो
आहतले छटपटाएको
बिमारीको औषधी समेतमा
यसले नजर डुलायो

फैलियो भ्रष्टाचार देशैभरि
वनमारा झारझैँ मौलायो
बर्खाको खहरेझैँ बौलायो
थामिनसक्नु भयो भ्रष्टाचार
देशका सबै क्षेत्र र पक्षहरूमा
बेथितिमा त यो छँदै थियो
थितिमा पनि पस्यो
नीतिमा पनि बस्यो
विचार, मूल्य र सिद्धान्त सनक्कै हरायो
कर्तव्य हारेर लम्पसार भयो
अयोग्यले योग्यलाई पराजित गऱ्यो
अमृत फल्ने बोटमा विष फलेर
आफ्नो हैसियत र औकात देखायो

भष्टाचारको मूल जरो
राजनीतिमा छायो
मर्ला कि भनेको अनाचार
थाङ्ग्रो पाएर राजनीतिको
हलहलाएर बौरियो
फैलियो जताततै देशैभरि
मैमत्त साँढेलेझैं उन्मत्त भएर
रजाइँ जमाइरहेछ आज देशमा भ्रष्टाचार
देशमा व्याप्त भ्रष्टाचारका मुनाले
सगरमाथाको उचाइ नाघ्न थाल्यो
धरती खोतलेर जराले समुन्द्रको गहिराइ
छिचोल्न आँट्यो
हागा फैलिएर विशाल आकाशभरि
सूर्यको ज्योति रोक्न तम्सिरहेछ

होसियार !
खबरदार!
समयमै भष्टाचार निवारण भएन भने
यसले धरती उजाड बनाउने छ
मानवोचित जीवनयापनका
आवश्यक वस्तुहरू
सबै सखाप पार्ने छ
भष्टाचारको
दलदलमा जाकिएर मानवले
डाइनोसोर्सलेझैं
जीवन मूल्यको अभावमा
मासिनुपर्ने छ
यसर्थ समयमै आऊ
ए ! मानव मूल्य स्थापित गर्न
जुर्मुराउने मानिसहरू हो
भ्रष्टाचारका मुना आजै निमोठौं
पात झारौं
हाँगा लछारौं
डाँठ पछारौं
अनि जरा उखेलेर
घाममा सुकाऔं
भ्रटाचारको जीवत्व
समूल नष्ट बनाऔं
फेरि जागेर धरतीमा
यो पलाउन नसकोस्
मानवजीवनका मूल्य
विस्थापन गर्न यसले
कहिल्यै नपाओस्

भ्रष्टाचार एउटा विष हो
मानव मूल्य र सभ्यताको
यसलाई उखेलेर
अमृत रोपौं हामी सदाचारको
फुलोस्, फलोस् अनि फैलियोस्
निष्ठा अनन्तसम्म मानवमूल्य
र इतिहासको ।

*कोटेश्वर, काठमाडौं ।*

# भाते पाहुना



✍ मोदनाथ मरहट्टा

नेपाली समाजमा एउटा उखान छ 'घरमा पाहुना आए दालभात खान पाइन्छ' ग्रामीण समाजमा आर्थिक अवस्था कमजोर भएको परिवारका छोराछोरी वा बुहारीहरूले अभिव्यक्त गरेको भनाइ हो यो । केही दशक अघिसम्म ग्रामीण समाजमा पेटभर दालभातको समस्या थियो तर अहिले यो समस्याकेही हल भएको छ ।अर्कोतिर पाहुना लाग्ने प्रचलनमा पनि कमी आएको छ

पाहुनाहरू थरीथरीका हुन्छन् । कुनै-कुनै व्यक्तिहरू मिठोचोखो खान पाइने लोभमा वारिपारिका गाउँघरमा पाहुना बनेर पुग्छ र मेजमानी डकार्छन् । ग्रामीण समाजमा 'अतिथि देवो भवः' भन्ने मान्यता रहेको हुन्छ । सानो आर्थिक हैसियत भएको घरमा पनि पाहुना आएमा खोजतलास गरेर भए पनि राम्रै सत्कार गरिन्छ । सायद कुनै गरिबको घरमा पाहुना पुगे घरमा चामल नभएकोले बिउ राखेको धैया धान कुटेर पाहुनाको स्वागत भयो । त्यसै दिनदेखि 'पाहुना आएको लच्छिन तर धैयाको बिउको कुलच्छिन' भन्ने उखान बन्यो ।

हाम्रो समाजमा मागी विवाहको लामो शृङ्खला थियो । त्यस्तो कार्यमा केही पात्रहरूले लमीको काम गर्दथे । यस्ता पात्रहरू ढाँटछल र धाक धक्कुमा खप्पिस हुन्थे । यिनिहरूले वर वा कन्याका बाआमामाथि जोरजुलुम पनि गर्दथे । यिनीहरूको यस्तो व्यवहारको कारण कैयौँ अनमेल विवाह हुन्थ्यो र दाम्पत्य सम्बन्ध दुःखपूर्ण हुन्थ्यो । लमी बन्नु, मिठोमसिनो खानु र आफूलाई महत्त्व दिने उनीहरूको ध्येय हुन्थ्यो तर अहिले यो चलन भने हराउँदै गएको छ । केही दशक अघिसम्म लमी प्रथा कायम थियो । कसैको छोरा वा छोरीको बिहेको मगनी बनेर केही लोभी वा अर्काको भान्साको दालभातको पारखीहरू हिउँदका केही दिन, रात आफन्त वा गैरआफन्तकोमा मेजमानी खान पुग्थे । यस्ता पात्रहरू बिहे-बटुलको निहुँ नभए गोरु, भैँसीको ग्राहक बनेर पनि पाहुना लाग्न पुग्थे र एक दुई छाक मिठो-मसिनो खाएर मुख मिठ्याउँदै फर्कन्थे । त्यस्ता पाहुनालाई 'भाते पाहुना' भनिन्थ्यो । भाते पाहुनाको कुरा आउँदा ढिँडे पाहुना पनि हुन्छन् भन्ने बिर्सनु हुँदैन । एक पटक हामी ढिँडे पाहुना बनेर स्वाद मानी-मानी मेजमानीमा परेका छौँ । २०४८ सालमा संयुक्त जनमोर्चा नेपालले चुनाव प्रचारमा हामी खटिएका थियौँ । हाम्रो क्षेत्र गोरखाको उत्तरी क्षेत्र अठारसय खोलाको सिङ्ला इलाका थियो । त्यो गाउँ पुग्नु अघिल्लो साँझ हामी माछाखोलामा बास बसेर बिहानै हिँडेका थियौँ । बाटोमा भट्टी पसल थिएनन् र गाउँमा पनि पाका मानिसहरू भेटिएनन् । भर्खर गर्मी सुरु भएकोले किसानहरू बारीमा व्यस्त थिए । दिनभर हामी भोकै भौँतारियौँ । झन्डै पाँच बजेतिर सम्पर्क घर भेटियो तर सम्पर्क व्यक्ति भने साँझ परेपछि मात्र घर आए । आँगनमा उभिएका हामी दुई पाहुना देखेर उनकी श्रीमतीले आफ्नै भाषामा खल्याङ्मल्याङ कुरा गरिन् । उनका श्रीमान्ले खस कुरामा भने 'आ ! कम्निस्ट्या त ढेंडो नि खान्छा' । त्यसपछि हामीले बुझ्यौँ त्यो घरमा चामल छैन । उनकी श्रीमतीले भदालो सफा गरिन् र करुको ढिँडो ओढालिन् । मस्याङ्को दाल। काफलको थेवेको अचार र कस्को ढिँडो हामीले भोक मीठो कि भोजन भन्दै स्वाद मानिमानी खायौँ । पाँचतारे होटलको खाना भन्दा त्यो छाकको ढिँडो कैयन् गुना उच्च थियो । यदि त्यहाँ भाते पाहुना हुँदो हो त उसको हालत के हुँदो हो । तर अहिले नेपालको जनसङ्ख्या घटे जसरी अहिले त्यस्ता भाते पाहुनाको सङ्ख्य पनि घट्दै गएको छ ।

भाते पाहुनाको सङ्ख्या घटे पनि डाकुवा पाहुनाको सङ्ख्या भने बढोत्तरी भएको छ । अहिलेको बिहे, पास्नी, ब्रतबन्ध जस्ता पर्वहरूमा आयोजकहरूले आफ्नो शान, औकात देखाउन भरमार खर्च गर्छन् । उनीहरूसँग भएको सम्पत्ति पनि पाहुना सम्पत्ति हो । 'सोझो औँलाले घिउ आउँदैन' भनेझैँ भूमिगत बाटोबाट आर्जन गरेको सम्पत्ति त्यस्ता पर्वहरूमा खर्चिने गर्छन् र जो डाकिएका पाहुनाहरू छन्, यिनीहरूले पनि 'उल्फाको धन फुपूको श्राद्ध' झैँ प्लेटका प्लेट भुटुवा र कवाफले भुँडी भरेर फर्कन्छन् । यस्ता पाहुनालाई चौटे पाहुनाभन्दा फरक नपर्ला । साना औकात हुनेहरूले त्यस्ता पर्वहरूमा सानै आकार-प्रकारको पकवान तयार गर्छन् र डाकिएका पाहुना दुईचार टुक्रा हाड मासु चुसेर झोलभात खाएर फर्कन्छन् ।

पाहुनाहरू मानव समाजमा मात्र होइन पक्षी समाजमा पनि हुन्छन् । हामीले देखेका छौँ मौसम परिवर्तनलाई बुझेर चिसो भूगोलका पक्षीहरू जाडो छल्न गर्मी स्थानतिर बसाइँ सर्छन् । जबजब गर्मी बढ्दै जान्छ ती पक्षीहरू फेरि आफ्नै रैथाने इलाकातिर बसाइँ सर्छन् । केही प्रजातिका चराहरू जो हिन्द महासागरीय तटमा जीवन निर्वाह गर्छन् । उनीहरू अण्डा कोरल्न र बच्चा जन्माउन नेपालको भूमि रोज्छन् र आफ्नो उद्देश्य पूर्ण भएपछि आफ्नै वंश बोकेर उतैको उडान भर्छन् । पक्षीजगत्मा यो क्रम इतिहासदेखि अहिलेसम्म निरन्तर चलिरहेछ ।

वनस्पति जगत्मा पनि पाहुना वनस्पति हुन्छन् । हाम्रो देशमा केही गैरसरकारी संस्थाहरूले आफूलाई फरक देखाउन केही पाहुना वनस्पतिको बिरुवा वितरण गरे । केही वर्षमै नगद आम्दानीको उधारो आश्वासन पाएर किसानहरूले अन्नबाली उत्पादन हुने खेतका गह्वाहरूमा यस्तो वनस्पतिको खेती गरे । खास गरेर पहाडका बेँसीतिर रोपिएका सिसौ यसको उदाहरण हुन् । तर केही वर्षपछि ती बिरुवा आफैँ सुक्दै मासिँदै गए । आखिरमा मागेको धोतीले लाज छोपिन्न भनेजस्तो भयो । रैथाने हावापानीमा पाहुनाहरू टिक्न सक्दैनन् भन्ने उदाहरण यी वनस्पतिलाई हेरेर बुझ्न सकिन्छ । वनस्पतिजगत्मा मात्र होइन अन्नबालीमा पनि पाहुना अन्न भित्रिएका छन् । सुरुका केही वर्ष उत्पादन राम्रो लिन सकिए पनि अन्ततः यस्ता बिउबिजन नपुंसक बन्न पुग्छन् । यस्ता बिउबिजनको प्रयोगले हाम्रा इतिहासदेखिको रैथाने बीउ-बालीलाई विस्थापितसमेत गरेका छन् । अन्त्यमा यस्ता वर्णसङ्कर बिउबिजनले 'देखासिकी गरिजा, अहारिसे मरिजा' बनाएर छोड्छन् ।

हामी नेपालीहरूको कलासाहित्य वा संस्कार संस्कृतिभित्र पनि पाहुना प्रचलन भित्रिएका छन् । अङ्ग्रेजहरूले भारतीय सत्तामा उपनिवेश कायम गरेजस्तै पाहुना संस्कृतिले हाम्रो संस्कार-संस्कृतिमा पनि औपनिवेशिकता कायम गर्न थालेका छन् । यस्ता संस्कृतिलाई बेलैमा भत्काउन सकिएन भने हाम्रो पहिचान सङ्कटमा पर्ने निश्चित छ ।

पाहुनाहरू जासुस पनि हुन्छन् । इतिहासमा यसको सबुद पाइन्छ । भक्तपुरका राजा रणजित मल्लसँग मितेरी साइनो लगाएर गोरखाका राजा पृथ्वीनारायण शाहले पूरै उपत्यकाको जासुसी गरेर षड्यन्त्रपूर्वक कान्तिपुर पाटन र भक्तपुर आफ्नो अधीनमा राखे । पाहुना बनेर भारतको कोलकातामा इस्ट इन्डिया कम्पनी खोलेका बेलायतीहरूले सिङ्गै भारत कब्जा गरे । हाम्रै देशमा बसाइँ सर्ने क्रममा पहाडबाट डोको बोकेर मधेसका समथर भूगोलमा पुगेका पहाडी समुदायहरूले मधेसी मूलका आदिवासीको संस्कार-संस्कृति र कलासाहित्यमाथि आफ्नो हैकम कायम गरेको चित्र हामीले देखेसुनेकै छौँ । 'वन साङ्लोले घर साङ्लो पिरेको' प्रत्यक्ष पीडामा यो आदिवासी समुदाय पिल्सिइरहेछन् ।

पाहुना सबैमा बेठिक भने हुँदैनन् । मुलुकको विकासका लागि देशविदेशबाट पाहुना आउनु पनि पर्छ । त्यसो भएमा देशको गरिमा बढ्छ, विदेशी मुद्रा आफ्नो मुलुकमा भित्रिन्छ । अहिले हरेक जसो निकायले पर्यटन वर्ष भनेर पाहुना डाकिरहेछन् । यो राम्रो पक्ष हो । यसरी आएका पाहुनाहरूलाई हाम्रो प्रकृति, संस्कृति, कलासम्पदाको पहिचान उनीहरूको मुलुकमा प्रचार गर्ने वातावरण बनाउनु हाम्रो दायित्व हो ।

# चार मुक्तक



✍ नवशिला

१

सफलता र खुसी अनि भरोसा र रौनक मेरो
फूलजस्तै बास्ना छर्ने सुवासिलो महक मेरो
सुनचाँदी, हिरामोती, धनदौलत, श्रीसम्पत्ति,
यो जिन्दगी चम्काउने तिमी नै हौ चमक मेरो ।

२

मनभित्रको कालोमैलो माँस्न सिकाई उसले
पीडा बिर्सिएर मलाई हाँस्न सिकाई उसले
संस्कार सम्मान सद्भावको बाटो हिँडाएर,
सबैसँग प्रेमिल नाता गाँस्न सिकाई उसले ।

३

के भन्नु र मिलिभगत खान जुट्ने नेता नै हुन्
सुण्डमुण्ड पठाएर सज्जन कुट्ने नेता नै हुन्
बोली साध्य छैन हजुर कतिन्जेल दुश्मन बन्ने,
देखादेखी सधैंभरि गरिब लुट्ने नेता नै हुन्।

४

निक्कै माया गर्छे मलाई चस्मा लाउने केटी
उही हो मेरो तारिफ र गुणगान गाउने केटी
कहिले मलाई माया गर्ने कहिले सताउने,
प्रेमिल अँगालोमा लुकाई फकाउने केटी ।

*बेलबारी -२, नवदेव मार्ग, लालभित्ती, मोरङ ।*

अहिले भाते पाहुनाहरूको बिगबिगी छ । पार्टी सङ्गठन निर्माण गर्न भोको पेट र नाङ्गा पैतालाले हिँडेका त्यागी इमानदार कार्यकर्ता माथि भातेहरूले औपनिवेशिक शासन चलाइरहेका छन् । दलभित्र पाहुना भित्रिने परम्परा राजनीतिक क्षेत्रमा अत्यधिक छ । पञ्चायती शासनकालमा प्रतिबन्धित पार्टीका केही अवसरवादी नेताहरू पाहुना बनेर पञ्चायतमा प्रवेश गर्दथे र ठुला-ठुला पद पड्काउथे । पञ्चायत गएर बहुदल आएपछि पाहुना बनेर पार्टी प्रवेश गर्नेहरूको लामो लहर नै चल्यो । अहिलेको गणतन्त्रकालमा त यस्तो लहरको मात्रा दिन दुगुना रात चौगुना बढेको छ । खबरहरू सुन्दा र पढ्दा यस्तो लाग्छ कि मुलुकको जनसङ्ख्याको दोब्बर मानिसहरू पाहुना बनेर पार्टी प्रवेश गरेका छन् । कुनै सहर वा नगरमा जनसभा भएको होस्, माला गुथ्ने र सिन्दुर धस्ने होड चल्छ । अर्को दिन अर्कै पार्टीको सभा वा भेला भएको होस् उस्तै दृश्यले माथ गर्छ । त्यस्ता प्रवेशीहरू पद, पैसा र पावरको लोभ र लाभको आसमा आफ्नो बचेखुचेको इज्जतको तिलाञ्जली दिइरहेछन् । यसरी दल बदल्ने बदलुवाहरू भाते पाहुना जस्तै हुन् । यस्ता पात्रहरू लामो हात गर्न पनि खप्पिस हुन्छन् । यस्ता भातेहरूलाई प्रवेशको ढोका बन्द गर्न सके दलहरूको गुण कायम रहन्थ्यो तर भोटको राजनीति गर्ने संसदवादीहरूलाई यो आदत बसिसकेकोले एक कानले सुनेर अर्को कानले निष्कासन गरिदिन्छन् । भाते पाहुना भित्र्याउने दलहरू पनि भातेजस्तै छन् । कोसित मिल्दा वा कसको पाहुना बन्दा आफ्नो दुनो सोभिन्छ, उनीहरूको ध्यान त्यतैतिर सोभिएको हुन्छ । भाते पाहुना भिœयाएर दलहरूले आफूलाई गर्व नगर्नु पर्दथ्यो तर यो घिनलाग्दो संसदवादमा यो परम्परा फस्टाउँदै गएकोले यिनिहरूप्रति जनविश्वास गुम्दै गएको छ । अहिलेको आवश्यकता भनेको कर्मठ निष्ठावान् कार्यकर्ताले चलाएको राजनीतिक दलको खोजी गर्नु भातेहरूबाट जोगिनु उत्तम उपाय हो । ■■

*रत्ननगर -३ चितवन ।*

# मन्दिर बाहिरको पाषाण म



✍ उमा शर्मा

चट्टान फोरेर मूर्ति बनाउँछु
फलाम पगालेर अस्त्र बनाउँछु
म कालिगढ हुँ ।
केही अभिमान फोर्दै
केही हौसला जोड्दै
भगवान् बस्ने मन्दिर बनाउँछु
मान्छे बस्ने घर बनाउँछु ।

आफ्नै सानो छोरोको बालापन चोरेर
नटखट बालकृष्णको मूर्ति बनाएँ ।
छोरीको लाछा धागो सापट मागेर
चुलबुले राधाको चुल्ठी बाटिदिएँ ।
बैनीको साहस बटुलेर
दुर्गाको खुँडा बनाएँ ।

म शिल्पी हुँ,
पत्थरलाई नियन्त्रित भएर ठोक्छु
धीर भएर कुरेत्छु ।
कहिले चोट बनेर रून्छु
कहिले मलम बनेर भरिन्छु ।
यी मूर्तिमा आकार बटुल्न,
कहिले आफैं छरपस्ट छरिन्छु
कहिले कसिएर बाँधिन्छु ।
ढुङ्गालाई मूर्ति बनाउन सहज कहाँ छ र ?

म कर्मी हुँ
आफ्नै घरको मक्किएका भित्ताहरू बिर्सिएर
मूर्ति सजाउने मन्दिर बनाउँछु
आफूमाथिको चुहिएको छानो बिर्सिएर
मन्दिरमा गजुर ठड्याउँछु
मेरो अँध्यारो घरलाई बिर्सिएर
घिउ बत्ती बाल्ने दियो बनाउँछु
सुकेको धारो बिर्सिएर
धातुको जलहरी बनाउँछु ।

हो म,
आफ्नै आँखाको ज्योति पैंचो दिएर
मूर्तिलाई दिव्यदृष्टि दिन्छु
आफ्नै हत्केलाका भाग्य रेखाहरू कुरेतेर
यिनका करकमल बनाउँछु
आफ्नै धमनी सुकाएर
यिनमा रक्त सञ्चार गराउँछु ।

गहिरिएर हेर्नु
यिनका नेत्रजल
मेरै आँखाका पानी हुन् ।
यिनका बलिष्ठ दस भुजा
मेरै मांसपेशीका बल हुन् ।

मैले यी मूर्तिहरूमा प्राण हालें
मन दिएँ
मुटु दिएँ
आस्था दिएँ
भरोसा दिएँ
ढुङ्गो, मूर्ति बन्यो
मूर्ति, मन्दिरभित्रको चोखो भगवान् बन्यो
म, मन्दिर बाहिरको बिटुलो मान्छे बनें
म पाषाण बनें
मन्दिर बाहिर कुल्चिइरहें

लघुकथा

# तौरतरिका



**गंगा खड्का**

'बुहारी ! तिमी आजकाल किन यति धेरै परिवर्तन भएकी ? त्यति टाढाबाट आएकी आमाजू घर जाँदै छे, अलिअलि बाटोखर्च दिनुपर्दैन ?' राधाले अनितालाई भनिन् ।

अनिताले हँसिलो अनुहार लगाउँदै भनिन्, 'आमा ! हजुरले केही चिन्ता लिनुपर्दैन । मैले दिदीको बाटो खर्चको व्यवस्था गरिसकें । नपत्याए मेरो मोबाइलमा हेर्नुस् न ।'


अनिताको कुरा सुनेर राधाले रिसाउँदै भनिन्,'म गर्छु आग्राको तिमी गछ्यौं गाग्राको कुरा ! म आमाजूलाई घर जाने खर्च देऊ भन्दै छु, तिमी भने मोबाइल देखाउने कुरा गर्दै छ्यौ ?'

'कुरै नबुझी नरिसाउनुहोस् न आमा । मैले दिदीको एकाउन्टमा मेरो बैंक एकाउन्टबाट अघि नै पाँच हजार हालिदिइसकें ।'

अनिताले मोबाइलको मेसेज देखाएपछि राधाले हँसिलो अनुहार लगाउँदै भनिन् , 'धन्य छ आजका नारीको काम गर्ने तौरतरिका ।' *- बुढानीलकण्ठ, काठमाडौं ।* ■■

लघुकथा

# माया



**रामसुन्दर देउजा**

आशिष दस वर्षको थियो । उसको घर पछाडि एउटा आरुको बोट थियो । आरु लटरम्म फलेका थिए । ऊ आरु टिप्न गयो । त्यस रुखमा जुरेली चरीले गुँड लगाई फुल पारेको रहेछ । जुरेली चरी फुल छोपेर ओथारो बसेको थियो । आशिष रुखमा चढेपछि जुरेली चरी उड्यो र पर अर्को रुखको हाँगामा गएर बस्यो । आशिष मख्ख पर्‍यो र मनमनै सोच्यो- अब जुरेली चरीले बच्चा कोरल्छ र ती बच्चाहरूलाई घरमा ल्याएर पाल्नुपर्छ । नभन्दै केही दिनपछि जुरेली चरीले बच्चा कोरल्यो । गुँडमा चारवटा बचेरा थिए । जुरेली चरी ती बचेराहरूलाई दिनदिनै आहारा ल्याएर खुवाउँथ्यो । आशिष पनि दिनदिनै रुखमा चढेर ती बचेराहरूलाई हेर्थ्यो । बचेराहरू बिस्तारै बढ्न थाले । उता आशीषले आफ्नो बाबालाई पिंजडा किनेर ल्याइदिन ढिपी गर्न थाल्यो । उसको बाबाले उसलाई पिंजडा किनेर ल्याइदिए ।

बचेराहरू ठुला भए । अब उड्न सक्ने हुँदै थिए । आशिषले ती बचेराहरू घरमा ल्याई पिंजडामा राख्यो । उसकी आमाले गुँडमै लगेर राखिदे भनेर कराइन् तर उसले टेरेन । बच्चाहरू माउ वियोगले चिरचिर चिरचिर गरी कराउन थाले । आशिषले भात लगेर राखिदिन्थ्यो । दुध लगेर राखिदिन्थ्यो तर बचेराहरूले खाएनन् । उता माउ आफ्ना बच्चाहरू भेटिन्छन् कि भनी त्यही आरुको रुखमा आएर कराउँथ्यो । आशिष भने तिम्रो बच्चाहरू मैले पालेको छु है भन्थ्यो ।

केही दिनपछि बचेराहरू पिंजडामै मरे । आशिष साह्रै दु:खी भएर ती मरेका बच्चाहरूलाई गुँडमै लगेर राखिदियो । माउ जुरेली आज पनि आफ्ना बच्चा भेटिन्छ कि भनी आयो र गुँडमा आफ्ना बच्चाहरू मरेको देखेर साह्रै दुखित भएर फर्कियो । आशिष माउ जुरेली आउँछ कि भनी उसको बाटो हेरिरहन्छ तर माउ जुरेली अहिलेसम्म फर्किएर आएको छैन । ■■

पुस्तक वार्ता

# असली कवि त्यो हो जो सत्ता र शक्तिको सामु आफ्नो बोली फेर्दैन



अभय श्रेष्ठ






डा. ऋषि बस्ताकोटी

*अभय श्रेष्ठ समकालीन नेपाली साहित्यमा सुपरिचित हस्ताक्षर हुन् । विगत तीन दशकदेखि नेपाली साहित्य र पत्रकारितामा क्रियाशील श्रेष्ठका 'फूलबिनाका शाखा' (२०६०), 'कायाकल्प' (२०६२), 'तेस्रो किनारा' (२०६८) र 'लहना र तीर' (२०८०) हालसम्म प्रकाशित साहित्यिक कृति हुन् । अरूले नहिंडेको बाटो हिंड्न र अरूले उपेक्षा गरेको चिज अँगाल्न मन पराउने कवि अभय श्रेष्ठ चर्चा र बजारको भोकभन्दा पर रहेर जुझारु र बागी सिर्जना कर्ममा रमाउँछन् । सामाजिक आन्दोलनका मोर्चाहरूमा प्रायः भेटिने अभय लेखनका मोर्चामा पनि निर्भयपूर्वक सम्झौताहीन तरिकाले अनवरत लागेका छन् । साहित्यमा रैथानेपनलाई उनी पहिचान मान्छन् । युग सचेत कविले सामाजिक मुद्दालाई सदैव प्राथमिकता दिनुपर्छ भन्ने मान्यता राख्ने कवि श्रेष्ठको विचारमा कविको चेतना तत्कालीन सामाजिक चेतनाभन्दा अगाडि हुनाले उसको विचार तत्काल जन अनुमोदित नहुन सक्छ । तर एक दिन सामाजिक चेतना त्यो विन्दुमा पुग्छ भन्नेमा कवि श्रेष्ठ विश्वस्त छन् । यसैले पनि उनका कवितामा चेतनाको उचाइ र कलाको सुन्दर संयोजन भेटिन्छ । यस पटकको कल्पतरु पुस्तक-वार्तामा कविता जस्तै जीवन बाँचेका र जीवन जस्तै कविता लेख्दै आएका यथार्थवादी कवि अभय श्रेष्ठको कविताकृति 'लहना र तीर'मा केन्द्रित रहेर डा. ऋषि बस्ताकोटीले तयार पार्नुभएको अन्तर्वार्ता प्रस्तुत छ ।*

**चंकी श्रेष्ठका कविता पढेका पाठकले अभय श्रेष्ठको कवितासङ्ग्रह पढ्न झन्डै दुई दशक पर्खनु पर्‍यो । 'कायाकल्प' पछि 'लहना र तीर' आउन अलि ढिला भएको होइन र ?**

– तपाईंले मेरो पुरानो नाम उल्लेख गरेपछि पहिला त्यसबारे अलिकति भन्छु । त्यस नामबाट मेरो दुई कृति 'फूलबिनाको शाखा' (गजलसङ्ग्रह) र 'कायाकल्प' (कवितासङ्ग्रह) प्रकाशित छन् । खासमा मलाई त्यो नाम अनेक दुःख र हीनताबोधको कारकझैं लाग्थ्यो । तर, स्थापित नामबाट नयाँ नाममा आउनु सानो जोखिम थिएन । मैले त्यही जोखिम मोलेँ । म जुन अखबारमा काम गर्थे, त्यहींको स्तम्भबाट सुरु गरेँ । त्यो त रिहर्सल मात्र थियो । २०६८ सालमा साङ्ग्रिला बुक्सबाट मेरो कथासङ्ग्रह 'तेस्रो किनारा' छापिने भयो । त्यो जोखिम मैले यस किताबमा मोल्ने दुस्साहस गरेँ । सुखद संयोग मान्नुपर्छ, नयाँ पाठकले मेरो नयाँ नाम सहजै स्वीकार गरे र किताब साहित्यप्रेमी नयाँ पाठकबिच ठिकठिकै चल्यो ।

अब तपाईंको प्रश्नको अन्तर्यमा आउँछु । २०६२ मा मेरो कवितासङ्ग्रह 'कायाकल्प' छापिएको थियो । ठ्याक्कै १८ वर्षपछि २०८० मा 'लहना र तीर' प्रकाशित

भयो । पहिलो कुरा, म कविता र कथा निरन्तर लेखिरहेछु, तर असाध्यै धेरै लेख्ने मान्छे होइन । (अखबारी लेखचाहिँ मैले धेरै नै लेखेँ) लेखेको मध्ये कति आफैँलाई चित्त बुझ्दैन । अर्को कुरा, कविताको प्रकाशक पाउन गाह्रो छ । सुरुका दुई किताब मैले प्रकाशकलाई पैसा दिएर छपाएको थिएँ । गजलसङ्ग्रह 'फूलबिनाको शाखा'का लागि पाँच हजार र कवितासङ्ग्रह 'कायाकल्प'का लागि सात हजार दिई तीन सय प्रति किताब लिएको थिएँ । अब मलाई त्यो जाँगर चलेन । अर्को एक नाम चलेको प्रकाशनले छाप्छु भनेर पाण्डुलिपि लिएको चारवर्षसम्म पनि मेरो पछिल्लो कवितासङ्ग्रह छापेन । तर, उसले भाका भने दिइरह्यो । त्यसपछि मैले त्यो कृति बुकहिललाई दिएँ । उसले पनि पाण्डुलिपि बुझाएको डेढ वर्षपछि बल्ल छाप्यो । यसरी मेरो कवितासङ्ग्रह ढिलो हुन पुग्यो ।

**तपाईंको कविताको स्रोत के हो ? अनि कविताको तागत चाहिँ के हो ? लहना र तीर का कविताको सन्दर्भबाट केही बताइदिनुस् न ।**

– परिवर्तन, उन्नत जीवन र उन्नत सभ्यताका लागि मानिसहरूले देख्ने सपना, त्यसप्रतिको आशा, त्यस क्रममा तिनले गर्ने सङ्घर्ष, खुसी, आँसु, हाँसो, रोदनजस्ता भावनाहरू मेरो कविताका मूल स्रोत हुन् । मेरा कविताले मान्छेका तिनै सपना र सङ्घर्षलाई ऊर्जा दिन्छन् । यही नै मेरा कविताका तागत हुन् ।

**कतिपय कविमा लोकप्रियताको चर्को भोक देखिन्छ । तर, तपाईंका कविताहरू यो दौडभन्दा पर बागी कित्तामा उभिएका छन् । तपाईंका कविताले किन यो जोखिम मोलेका ? यो जोखिम यात्रा कहिलेसम्म ?**

– हरेक लेखक र स्रष्टाले अलोकप्रियताको जोखिम मोल्नुपर्छ भन्ठान्छु म । मार्क्स भन्छन्, 'समाजले सत्ताद्वारा स्थापित भाषा बोल्छ । त्यसलाई बदल्नु नै क्रान्तिको सुरुवात हो ।' यथार्थमा, संसारभरि नै अधिकांश मान्छे परम्परागत मान्यताका पक्षपाती हुन्छन् । तिनलाई चलिआएको मूल्य–मान्यता, परम्परा, चालचलन अकाट्य, अपरिवर्तनीय र अनिन्द्य लाग्छ । त्यसमाथि उठाइने प्रश्न उनीहरूलाई सह्य हुँदैन । लोकप्रिय हुने सहज सूत्र तिनै मान्यताको खास्टोमा आफूलाई बेर्नु हो ।

असली सिर्जनाले निःसर्त लोकप्रियतामाथि सन्देह गर्छ । उसले पुरातन मान्यतालाई च्यातचुत पारिदिन्छ र विचारको जड पोखरीलाई बगाउन बल लगाउँछ । हो, लोकप्रियता लेखक, कलाकार, कविलाई जरुरी कुरा हो । हरेक सिर्जनकर्मी लोकप्रिय हुन चाहन्छ । तर, जब कुनै कविको ध्याउन्न कुनै पनि मूल्यमा लोकप्रिय बन्नु हुन्छ, त्यहाँ धेरै कुरा गडबड भइसकेको हुन्छ । जनसाधारणलाई जे मन पर्छ, बजारमा जे बिक्छ, उनीहरू त्यही गर्न तयार हुन्छन् । यो, हावा जतातिर लाग्छ, त्यतै बहने वा कुलो जता खुला छ त्यतै बग्ने अथवाजनसाधारणले जे चाहन्छ त्यही गरिदिने तरिका हो । खासमा, यो घुमाउरो शैलीको खुसामद नै हो । यस्तो सिर्जनाको आयु अल्पकालीन हुन्छ । सिर्जनकर्मीले त आफूले देखेको सत्य बोल्ने हो । सत्य तीतो हुन्छ । यो, तत्कालका लागि अलोकप्रिय बाटो हो । तर, दीर्घायु त्यसैको हुन्छ । जब समाज एक दिन तपाईंको फरक विचारमा सत्यबोध गर्ने तहमा पुग्छ, त्यसपछि त्यही विचार लोकप्रिय हुन थाल्छ । बिस्तारै, पुराना मान्यताको दिन सकिन्छ । यो फेसन र कलाबीचको भिन्नताजस्तै हो । फ्रान्सेली कवि एवं फिल्म निर्देशक जँ कक्टो भन्छन्, 'कलाले कुरूप चिज ओकल्छ तर दीर्घ कालमा त्यो सुन्दर र सान्दर्भिक ठहर्छ । फेसन सुन्दर देखिन्छ तर सधैँ कुरूप र असान्दर्भिक हुन्छ ।'

मलाई लाग्छ, कवि लोकप्रिय नै हुँदैन । तुलनात्मक रूपमा अलि बढी रुचाइएला, त्यो बेग्लै कुरा । तर, एउटा औसत स्तरको हास्य कलाकारसामु ठुलो कवि पनि ओझेल पर्छ । कवि लोकप्रिय भएको भए यस्तो हुन्थ्यो ? अतः म भन्छु, लोकप्रियता कविको बाटो नै होइन । उसको मूल बाटो चिन्तन हो जो तत्काल अस्वीकृत पनि हुन सक्छ किनभने उसको चेतना समयभन्दा अगाडि हुन्छ । समाज उसको चेतनाको तहमा पुगेको दिन त्यही कुरा जनमानसबाट स्वीकृत हुन्छ । लोकप्रिय हुन महत्त्वाकाङ्क्षा छ भने कवि होइन, लोक दोहोरी गायक, खेलाडी वा हास्य कलाकार बन्न प्रयास गर्नु राम्रो हो ।

**यस सङ्ग्रहभित्रका कविताहरूले स्थानीयता, स्थानीय जीवनशैली र संस्कृति टपक्क टिपेका छन् र आफ्नै**

**स्वादका बनेका छन् । कवितामा यसरी रैथानेपन आउन कत्तिको जरूरी हो ? समकालीन नेपाली कवितामा रैथानेपन कत्तिको आएको छ भैँ लाग्छ ?**

– साहित्यमा रैथानेपन अति जरूरी छ । त्यही हाम्रो साहित्यको पहिचान बन्छ । रैथानेपन जति ठुलो अन्तराष्ट्रियता अरू केही हुँदैन । हाम्रा कविता अनुवाद भएर जाँदा ती ह्विटमन, ल्याङ्गस्टन ह्युज, एलेन गिन्सबर्ग, ब्रेख्तको जस्तै देखियो भने त्यो कसरी नेपाली कविता भयो ? विचार परम्परा त्यस्तै हुन सक्छ तर त्यसको बुनोट, भाषा, प्रस्तुति, बिम्ब र प्रतीक रैथानेपनको स्वाद हुनैपर्छ । स्थानीयता टिपेर सार्वभौम अर्थ दिनसक्नु नै खास सिर्जनाको गुण हो । समकालीन नेपाली कवितामा रैथानेपनको अनिवार्यता बिस्तारै महसुस गरिँदैछ । यो नेपाली कविताकै आशालाग्दो पक्ष हो ।

**तपाईं व्यावहारिक जीवनमा पनि सामाजिक न्यायका लागि खरो उत्रने अभियन्ता हुनुहुन्छ । लेखनमा कलात्मक अभिव्यक्ति र आलोचनात्मक चेतसहितको सामाजिकउत्तरदायित्वलाई कसरी सन्तुलन गर्नुहुन्छ ? एउटा सशक्त र जीवन्त कविता कसरी लेख्ने ?**

– नेपालका एक थरी कविहरूमा न्याय, आलोचनात्मक चेत र सामाजिक दायित्व कलात्मक अभिव्यक्तिका विरोधी कुरा हुन् भन्ने भ्रम छ । गहिरेर अध्ययन– मनन गर्ने हो भने संसारभरि नै त्यस्तै कविता उच्च कलात्मक अभिव्यक्तिका नमुना बनेका छन् । रिमाल, भूपी, वासु शशी, वैरागी काइँला, विमल निभा, श्यामल, गोविन्द वर्तमान, पूर्णविरामदेखि श्रवण मुकारूङ र त्यही परम्पराका पछिल्लो पुस्ताका कविता बढी कलात्मक र शक्तिशाली छन् । वाल्ट ह्विटमन, ब्रेख्त, नाजिम हिक्मत, ल्याङ्गस्टन ह्युज, नागार्जुन, मुक्तिबोध, पास र धूमिलअन्तर्राष्ट्रिय उदाहरण हुन् ।

पहिला कुन विषयमा कविता लेख्ने र त्यसमा के लेख्ने भन्ने कुरामा मनभित्र स्पष्ट चित्र खिचौं, त्यसपछि त्यसलाई कसरी शानदार तरिकाले लेख्न सकिएला भन्नेमा घोत्लिनुस् र लेख्न सुरु गर्नुस् । लेख्नेबित्तिकै छाप्न नहतारिनुस् । हरेकजसो लेखकलाई आफ्नो ताजा कविता नोबेल पुरस्कार नै पाउनलायक छ भन्ने भ्रम हुन्छ । आफूलाई विचार, भाषा, प्रस्तुति सबै चित्त बुझेको कविता कम्तीमा पन्ध्र दिन गुन्द्रुकजस्तै खाँदेर राख्नुस् । त्यसपछि हेर्नुस्, आफ्ना गल्ती छरपष्ट देखिन थाल्छन् । बारम्बार बनाएर कम्तीमा छ महिनापछि मात्र छाप्न पठाउनुस् ।


**'लहना र तीर'माथि तपाईंको अपेक्षा कस्तो थियो ? कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

– मेरो त्यस्तो ठुलो अपेक्षा केही थिएन । प्रकाशकले अल्छी मानेर छाप्छन् र औसत कवितासङ्ग्रहजस्तै यो पनि उपेक्षित नै रहन्छ भन्ने मलाई लागेको थियो । तर, त्यस्तो भएन । ०८० सालभरि सामाजिक सञ्जालमा नेपाली कवितासङ्ग्रहमध्ये यसको जस्तो चर्चा सायदै अरू कवितासङ्ग्रहको भयो होला । म त्यस्तो ठुलो संस्थाको हाकिम वा आफ्नो समुदायको प्रभावशाली व्यक्तित्व पनि होइन जसले आफ्नो किताबका सबै प्रति किनाइदिने क्षमताको राखोस् । त्यति हुँदा पनि एक वर्ष चानचुन समयमा बजारमा किताब लगभग सकिनुलाई म सकारात्मक नै मान्छु । ज–जसले पढ्नुभयो, उहाँहरूमध्ये अधिकांशले प्रशंसा नै गर्नुभयो । प्राध्यापक रामजी तिमिल्सिनाले यसलाई 'झन्डा नगाडिएका प्रगतिशील कविता' भन्नुभएको छ । अधिकांशले यसलाई कलात्मक वैचारिक कविताका रूपमा टिप्पणी गर्नुभएको छ ।

**सँगै कविता लेख्दै आएका कविहरू फेरिए, तिनका कविताका रङ फेरिए । बजार र सत्ताले संस्कृति र साहित्यलाई अतिक्रमण गर्दै आइरहेको छ । यस्तो बेला तपाईं कविताको र समग्र साहित्यको भविष्य कस्तो देख्नुहुन्छ ? कविताको आवाजले समाजको मुद्दालाई कसरी परिभाषित गर्ला, कसरी निर्देशित गर्ला ? युग सचेत कविको भूमिकाकस्तो हुनुपर्ला ?**

– कविता वा साहित्यले युगीन आवाज बोल्छ तर रङ फेर्दैन । असली कवि त्यो हो जो सत्ता र शक्तिको सामु आफ्नो बोली फेर्दैन । कवि सामाजिक प्राणी भएकोले उसको लेखनबाट सामाजिक मुद्दा हराउनै सक्दैन । युग सचेत कविले सदैव यसैलाई प्राथमिकता दिन्छ । सामाजिक चेतनाभन्दा अगाडि हुनाले उसको विचार तत्काल जन अनुमोदित नहुन सक्छ । जब उसको चेतनाको तहमा समाज पुग्छ, एकाएक उसको विचार लोकप्रिय हुन पुग्छ ।■ ■

# पूर्वविशिष्टलाई शिष्ट सुविधा किन ?



✍ युगल बसेल

बाँदरले आफ्नो घर पनि बनाउँदैन र अरूको घर बनेको पनि स्ह्याउँदैन भनेझैं जसले राज्यबाट कुनै सुविधा पाउँदैनन् तिनै आरिसेहरू अरूले सुविधा पाएको फुटेको आँखाले देखी सहन्नन् । बन्दै गरेको विशिष्टको उत्कृष्ट सुविधा प्रावधानलाई अनिष्ट हुने गरी व्यवधानमा पार्न खोज्नेहरू पनि त्यही वानर प्रवृत्तिका नर हुन् भन्ने मलाई लाग्छ । मजस्तो पूर्वविशिष्ट, वर्तमान विशिष्ट र भविष्यका विशिष्टको उत्कृष्ट वफादार प्रशंसक हुन्थे भने तिनीहरूले किमार्थ विरोध गर्ने थिएनन् बरु विगतका विशिष्टलाई आगतमा अझ सुविधा थपौं भनेर राँक्किने थिए ।



विशिष्टलाई अवशिष्ट वा उछिष्ट कुरामा कुकुर्क्याउन हुँदैन भनेर कुर्लने थिए । होला कि ले बुलाकी लायो, बुलाकीले नाक कान खायो भनेझैं गरेर ओहोदामा पुगी आफ्नो सर्वस्व गुमाएका पूर्वविशिष्टहरूकै सुविधाको डाहा, इर्ष्या गर्ने अशिष्टहरू कडै मनोरोगले सिकिस्त भएका छन् भन्ने मेरो ठम्याइ छ ।

कतिपय आफूलाई लालबुझक्कड ठान्ने विशिष्ट नादानहरूले पूर्वविशिष्टको गणतन्त्र ल्याउनमा के योगदान थियो र ? भनेर प्रश्न तेर्स्याउने गर्छन् । गणतन्त्र प्राप्तिमा पूर्वविशिष्टको कति ठूलो योगदान थियो भन्ने कुरा साबित गर्नु यहाँ जरूरी पनि छ । 'अछ्छ्युँ खाएँ बछ्छ्युँ खाएँ, झुसे बारूलो' भनेझैं त्यो साबित गर्न मलाई रौं बराबर कठिन पनि छैन । यस्तो मुद्दा उठाउनेहरूलाई म मेरा देहायका शब्दका गोलीले ठहरै पार्न चाहन्छु– गणतन्त्रका लागि २०६२/६३ सालमा भएको १९० दिने जनआन्दोलनको समाचार पूर्वविशिष्टहरूले कहिल्यै नछुटाई बडो चाखका साथ ५१ इन्चीको टिभीको पर्दामा हेरेका थिए । गणतन्त्रवादी आन्दोलनकारीको अगाडि उभिएर उनीहरूले गणतान्त्रिक आन्दोलनको कहिल्यै कत्ति पनि विरोध गरेका थिएनन् । उनीहरूको यही विशिष्ट चाख र शिष्ट सहयोगका कारण गणतान्त्रिक आन्दोलन सफल भएको थियो भन्ने कुरामा रत्तिभर सन्देह छैन ।

उपर्युक्त कथन म पूर्वविशिष्टका विरोधीहरूका कान चर्कने गरी सुनाउन चाहन्छु । यस्ता लवजका गोली वा शब्दवाण मसित कति छन् कति तर ती सबै एकैचोटि प्रहार गर्न म चाहन्नँ किनकि म अलिकता बढी संयमी छु र शब्द तथा मन्त्रको जथाभावी प्रयोग गर्न हुन्न भन्ने कुरामा सचेत पनि छु ।

उनीहरूले विशिष्ट पदमा रहँदा के सास्ती भोगेका थिए, के घाहा झेलेका थिए र उनीहरूलाई पूर्वविशिष्ट बनिसकेपछि पनि पोसिरहनु पर्‍यो, घाहापोस दिनुपर्‍यो, मुआब्जा वा राहत दिनुपर्‍यो भनेर प्रश्न उठाउने अर्का थरी छन् । उनीहरूलाई पनि म बोल बोल मछडी, मुखभरि पानी जस्तो दशामा पुर्‍याएर निराशाले जकडाइदिन चाहन्छु । याद गर्नुहोस्– पूर्वविशिष्टहरूले बेला कुबेला अनेक थात थलामा गएर कति भारी भर्कम माला भिर्नुपरेको थियो ? वजनदार मालाको भारले

गर्दन कति मर्काउनु परेको थियो ? त्यसको हिसाबकिताब कुनै नाथे आरिसेले गरेको छ ? म चुनौती दिन्छु ।

आफ्नो अद्भुत भाषणकलाले श्रोतालाई मन्त्रमुग्ध पारेर भुसु भुसु निदाउने अवस्थासम्म पुऱ्याउन बिचराहरूले कति लामा लामा भाषण गर्नुपरेको थियो, कति घाँटी सुकाउनु परेको थियो ? त्यसको लेखाजोखा कुन सुविधा विरोधीले गरेको छ ?

त्यसैगरी जङ्गी सलामी स्वीकार्नका लागि घरी घरी हर्थुङ्गो पुर्पुरोमा टाँस्दा हात पाट्टिएर कति तकलिफ र सास्ती भोल्नुपरेको थियो ? त्यसको आँकलन गर्ने कोही विरोधी माइकालाल अगाडि सरेको छ ? यस व्यथाको अन्दाजा बरु पिर्के सलामी खानेले लगाउन सक्छन् किनकि लुगाधुने छोरीको व्यथा आमाले र छाना छाउने छोराको कष्टको कथा बाउले मात्र अन्दाजा लगाउन सक्छन् ।

फेरि विशिष्टको पदमा बन्दी भएर बहाल रहँदा इच्छा लागेको ठाउँमा मनमोजी तरिकाले हिँडडुल गर्न, विचरण गर्न पनि बबुराहरूले कत्ति पाएका थिएनन् । सेना, प्रहरीले जसो भन्छन् उसै गरी अबोध प्राणीजस्ता भएर कार्गेटमा डोरिएर उनीहरूले आवतजावत गर्नुपरेको थियो । आफ्नो बाल्यकालमा बिन्दास भएर राँगामाथि चढेर वनपाखामा बाँसुरी फुक्दै गोठालो बनेका, शोक न सुर्तासँग डाँडापाखा, चौर, मैदानमा बुर्कुसी मारेका मान्छेलाई त्यसरी कैदीभैँ चारैतिरबाट घेरिएर हिँड्नुपर्दा, बस्नुपर्दा कम्ता सकस भएको थियो ? त्यसै गरी सदरखोरदेखि कुखुराको खोर (धुम) सम्म, काठे साँघुदेखि वक्राकार आर्क ब्रिजसम्म र बिग मलदेखि पानपसलसम्म रिबन काटेर उद्घाटन गर्न धाउँदाधाउँदा खिइएका पूर्वविशिष्टका पैताला हेर्ने हो भने टिठले जोसुकैका गहभरि आँसु छचल्किन सक्छन् ।

अभ्क उहाँहरूले ज्यान हत्केलामा राखेर पूरा गरेको ओहोदाअनुसारको कामकर्तव्य याद गर्ने हो भने कस्तै पत्थरवाला मन पनि कोमलिएर, गलेर नौनी बनिहाल्छ । ज्यान जोखिममा राखेर उहाँहरू गुड्ने सवारीमा मात्र होइन, उड्ने बडेमानका जेट सवारीमा कावा खाँदै देश विदेशमा पुगेर ताली ठोक्ने र गालीका कोसेली बोक्ने महत्त्वपूर्ण काम गर्नुपरेको थियो । त्यो आकाश मार्गमा बिनापखेटा उड्दा तलबितल परेको भए उहाँहरूको गाथको कस्तो दुर्दशा हुन्थ्यो होला ? जमिनमा घुइकिँदा त केही उल्टापुल्टा परे पनि बाँच्ने आशा रहन्छ तर आकाशमा हुइकिँदा केही गडबड भइहाल्यो भने देहमा प्राण बाँकी रहन्छ ? कुनै पनि हालतमा रहँदैन । त्यसरी ज्यानको परवाहै नगरी कैयौँ पटक विमानबाट गरेको ओहोरदोहोर भ्कलभ्कली सम्भँदै उहाँहरूका लागि ढुकुटी बाँड्ने मुठीलाई जति सक्दो खुकुलो पार्न एकदमै जरुरी छ ।

पूर्वविशिष्टहरूको अपूर्व योगदानको चर्चा गरिरहँदा बिर्सनै नहुने अभ्क अर्को पाटो पनि छ। ओहोदामा बसेर दर्जामुताबिककै काम-कारबाही गरेबापत उहाँहरूले एक ताली पाउँदा सय गाली सँगसँगै खप्नु परेको थियो । शून्य ताली र अगण्य गाली सुन्दा-सुन्दा उहाँहरूको आत्मा त्यतिबेला कति रोए होला ? ती महान् दुःखी आत्माहरूको आँसु कार्यकाल पछि भए पनि पुछिदिने कर्तव्य सबै सच्चा नेपाली नागरिकको होइन र ?

अर्को कुरा, कतिले अन्तर्राष्ट्रिय अभ्यासको हवाला दिँदै यसबारेमा गम्भीर विचारविमर्श गर्नु जरुरी छ भनेर बखेडा भिक्न थालेका छन् । कस्ता कस्ता धनी मुलुकमा पूर्वविशिष्टहरूले पनि अवकाशपश्चात् जीविकाको लागि जागिर वा व्यवसाय गर्छन् भन्ने दलिल उनीहरूले अघि सारेका छन् । तर म उनीहरूलाई सोध्न चाहन्छु- के हामीले सधैँ पराइकै देखासिकी मात्रै गर्ने हो ? सधैँ अरूको पुच्छर भएर भएर बाँच्ने हो ? के अग्रगामी बन्ने हक हामी नेपालीको छैन ? कतै नचलेका अभ्यास हामीले चलाउन हुँदैन ? हामीले असल अभ्यास सुरु गरेर अरूलाई त्यसको नक्कल गर्नका लागि जोडदार दबाब दिन मिल्दैन भन्ने कुरा के अन्तर्राष्ट्रिय कानुनमै लेखिएको छ र ?

मेरो गम्भीर थनथन र मन्थनपछिको निष्कर्ष के छ भने पूर्वविशिष्टहरूलाई छेलोखेलो हुने गरी सुविधा दिनैपर्छ । हाम्रो करामत देखेर वैभवशाली र शक्तिशाली मुलुकका पूर्व र वर्तमान तथा भविष्यका विशिष्टहरू प्रेरित होऊन् र त्यहाँ हाम्रो असल अभ्यास बहाल गर्न अ-आफ्ना सरकारलाई दबाब दिएर विवश पारून् अनि बेजोड नवप्रवर्तनका लागि नेपाललाई धन्यवाद दिऊन् । ■■

*सन्धिखर्क, तुम्कोट ,अर्घाखाँची*

# वित्तीय चेतनाको लागि
# नेपाल राष्ट्र बैंकको अनुरोध

- Online Betting, क्रिप्टोकरेन्सी वा त्यस्तै प्रकारका गैरकानुनी उपकरणमा लगानी नगरौं, यो गैरकानुनी कार्य भएकोले त्यस्ता कारोबार गर्नेलाई कानुनी कारबाही हुन्छ ।
- इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङ, मोबाइल वालेट, बैंक वा वित्तीय संस्थामा रजिष्टर गरिएका इमेलका साथै आफ्ना उपकरणमा राखिएका पासवर्ड/पिनकोड आदि समय समयमा परिवर्तन गर्ने गरौं ।
- फेसबुक वा अन्य सामाजिक सञ्जालमार्फत चिनजान र सम्बन्ध स्थापित गरी उपकार पठाइदिने वहानामा तपाईंको व्यक्तिगत विवरण, बैंक खाता नम्बर माग्ने, छिटो पैसा कमाउने तरिका सिकाउने जस्ता लिङ्क, म्यासेज एवम् विज्ञापनहरू ठगीको उद्देश्यले सञ्चालन गरिएका हुन्, त्यसको विश्वास नगरौं ।
- तपाईंलाई चिट्ठा परेको वा उपहार पाउनु हुने भयो भन्ने लोभ लालच देखाई फोन गर्ने वा मेसेज पठाई करबापतको रकम कुनै खातामा पठाउन लगाउने, कुनै लिङ्कमा लाइक गर्न वा सेयर गर्न लगाई ठगी गर्ने वित्तीय ठगहरूसँग सतर्क रहौं, नकिनेको चिट्ठा कहिले पनि पर्दैन ।

# गजल



**✍ लक्ष्मी स्मृति**

आई कानमा मन तुनी कसले भन्देला ।
सँगै काटौं यो जुनी कसले भन्देला ।

लुटको व्यापार यहाँ खुबै फस्टाको छ,
छाड्दिन म, भेटुँ नि, कसले भन्देला ।

छाती फुलाई यतै अपराधी हिँड्छन्
समाएर होस् खुनी कसले भन्देला ।

न अनाज छ, न औषधि दूरदराजमा,
पुग्छ तत्काल, म छु नि, कसले भन्देला ।

पिरतीको घातले गर्दा पागल हुन्छन रे
गुनी छौ कि बैगुनी कसले भन्देला ।

# गजल



**✍ नानु राना थापा**

१.

भो धेरै घमण्ड नगर्नू पर्लाऊ नि दैवको फेला
दुःखसुख धनीगरीब यस्तै हो कर्मको खेला
दैवले लौरो कतिखेर बजार्छ थाहै पाउने छैनौ
अहङ्कार र घमण्डले चुरचुर भएको बेला !

२.

सियो बनेर पस्छन्
नजिकै भएर बस्छन्
अवसर पाउनासाथ
विषालु साँप बनेर डस्छन् ।

*तनहुँको छोरी स्याङ्जाको बुहारी ।*

**परोपकार धर्म हो भने अरूलाई दुःख दिनु पाप हो ।**

– व्यास ('महाभारत' बाट)

# लेकबाट झरेको दिन



✍ देवकी के.सी.

वैशाख महिना सकेर जेठको पनि आधाउधी समय गइसक्यो । आकाशबाट पानी थोपै झरेको होइन । लेकमा चैतमा मकै छर्नुपर्ने । मकै त जसोतसो छरियो । तर पानी पर्न नसकेर आधाउधी मकै त उम्रैकै होइन । उम्रेका पनि फस्टाउन सकेकानै होइन । यस्तै खडेरी लाग्यो भने त परिवारको पेट कसरी पो पाल्नु ? लेकका साइँलालाई चिन्ता थियो । भक्तेलाई चिन्ता थियो ।

लेकमा साइँला र भक्तेको परिवारसहित बिस घर परिवार थिए कुनै बेला । तर अहिले आएर लेकमा त्यही साइँला र भक्तेको परिवारबाहेक कोही छैन । कोही बैंसी झरे । कोही सहर पसे । भक्ते र साइँलाबाहेक लेकमा हुने धेरैका प्रशस्त जमिन बैंसीतिर थियो । त्यसैले धेरै बैंसीतिरै झरे । अलि प्रशस्तै सम्पत्ति भएका बजारतिर बसाइँ सरे ।

लेकको खेतीले खान नपुग्ने । केटाकेटीको उपचार र पढाइको लागि समस्या । बैंसी र बजारतिर भए केटाकेटीको लागि शिक्षा र स्वास्थ्यको प्रशस्तै सुविधा । मान्छेको मन त न हो सुविधाको भोगचलन गर्न कसलाई पो मन लाग्दैन र ?

पहिलेकोझैं अहिले लेकमा रौनक कहाँ छ र ? जमिन बाँझै छन् । धेरैका घरगोठ मुसाका लागि नाँच्ने रङ्गमञ्च भएका छन् । कतिका घरगोठले त चर्किंदै, भत्किदै संरक्षणका लागि मान्छे गुहारिरहेका छन् झैं लाग्छ । त्यो बाँझो जमिनले कसैको पाखुरीको तागत मागिरहेझैं लाग्छ । धन्न साइँला र भक्तेको परिवारले लेकको शान अलि अलि भए पनि बचाएर राखेका छन् ।

त्यसो त लेकका धेरै उनीहरूका दाजुभाइहरूले साइँला र भक्तेलाई लेकको जायजेथा बेचेर बैंसी झर्न वा बजार पस्न सुझाव नदिएका कहाँ हुन् र ? तर दुवैको मनले त्यो आफ्नो पुर्खाको थातथलो लेकलाई छोड्नै मानेन । दुवैको घर एउटै आँगन जोडिएको छ । दुवैको तीन छोरा तीन छोरीसहितको आठ–आठ जनाको परिवार छ । ठुलो परिवार । लेकको भएभरको जायजेथा बेच्दा पनि बजारमा चर्पी जति जमिन किन्न नपुग्ने । फेरि कसरी परिवार पाल्नु र बजार झरेर ? त्यसो त पुर्खाको थातथलो कसरी चटक्क पराइलाई बेचेर हिँड्नु र ? जहाँ जन्मियो । हुर्कियो । त्यहींको माटो र पानीमा लडिबुडी खेलेर बिताइयो । त्यहाँको हावा, पानी, माटोको सुगन्ध निकै आनन्द लाग्छ । त्यो लेकको चिसो हावा । वरपर देखिने हिमाल, पहाड, हरियालीको आनन्द कहाँ मिल्छ र अन्त ? आफू जन्मेको थलोको बिछट्टै मायाले गर्दा साइँला र भक्तेले लेक छाड्न सकेनन् । लेकबाट बसाइँसराइ गर्ने भन्ने शब्द सुनेर पनि उनीहरूको मन पाक्थ्यो । आँखा ओसिलो हुन्थ्यो । मरे पनि यो लेक छाडेर अन्यत्र बसाइँ नजाने उनीहरूको सोचले गर्दा नै लेकले आजसम्म पनि मान्छेहरूको बसोबास छ भन्ने आभाष दिन सकेको थियो ।

गाउँ भने पनि । गाउँले भने पनि । छिमेकी भने पनि । इष्टमित्र भने पनि त्यहाँ भक्ते र साइँलाको परिवार मात्र थियो । लेकमा खडेरीले बल्ने अवस्था आइसकेपछि भक्ते र साइँलाले लेकमा रहेको देवीको मन्दिरमा क्षमापूजा गर्ने सल्लाह गरे । 'कतै देवी हामीसित रिसाएर पो हो कि क्षमापूजा गरौं न साइँला दाजु, न पानी पो परिहाल्छ कि !' भक्तेले भन्यो । 'हैन हो देवी हामीसित किन पो रिसाउनु भक्ते । हामीले अरू दाजुभाइहरूले जस्तो थातथलो बेचेर र छाडेर गएका छैनौं क्यारे । बरू हामीसित भन्दा देवी त ती हाम्रा दाजुभाइहरूसित रिसाउन पर्ने हो नि जो आफ्नो थातथलोलाई चटक्कै माया मारेर बसाइँ गएका छन् ।' साइँलाका यस्ता कुरा सुनेर भक्तेले भन्यो– 'तिम्रा कुरा पनि ठिकै हुन्, साइँला दाजु तर पनि एकपटक

पुर्खाको रीत पनि त मान्नुपर्छ नि' भक्तेले भन्यो । दुवै जना देवीको मन्दिरमा क्षमापूजा गर्ने कुरामा सहमत भए अन्तमा ।

'लौ त तिमी त्यसो भन्छौ भने गरौं न त आखिर यो संसार भगवान्कै कृपामा त छ नि । हामीले मात्र गरेर हुन्न क्यारे, भगवान्को आशीर्वाद त सधैं चाहिन्छ नि !' साइँलाले भन्यो । साइँला र भक्ते दुवै देवीको मन्दिरमा गएर क्षमापूजा गरे । तर पनि पानी परेन । उनीहरू दुवै निकै चिन्तित हुन थाले । 'लौन भक्ते अब के गर्ने होला ? लेकमा पानी नै नपर्ने भो । हामीसित यो इन्द्रदेव किन रिसाएका होलान् ?' भक्तेले निकै गहिरो चिन्ता पोख्यो । 'बरु मैले सुनेको थिएँ, भ्यागुताको बिहे गऱ्यो भने पानी पर्छ रे' साइँलाले भन्यो ।

'खोइ मैले रेडियोमा सुनेको, कुन चाहिँ हो कुन्नि खाडी मुलुकमा त्यहाँको सरकारले अत्याधिक गर्मी बढेपछि नक्कली बादल बनाएर पानी पाऱ्यो रे ! यसरी नक्कली तरिकाले पानी पारेर पूरै देश जलमग्न भयो रे ! ती देश कस्ता यसरी नक्कली तरिकाले पानी पार्न सक्ने । त्यहाँ चाहिं वर्षाका नायक भगवान् इन्द्रदेव पनि केही गर्न नसक्ने ? हामीलाई चाहिँ ती भगवान्ले पनि किन यसरी हेपेका होलान् है साइँला दाजु ?' भक्तेले भन्यो । 'हामीसित यसरी नक्कली तरिकाले पानी पार्ने मेसिन भइदिएको भए आज देश कहाँ गरिब हुन्थ्यो र ? उहिले नै विकसित भइसक्थ्यो नि देश । जमाना कहाँबाट कहाँ पुगिसक्यो । मान्छेले नक्कली तरिकाले पानी पार्न थालिसके । घाम, पानी प्रकृति मान्छेका वशमा हुन्नन् रे भनेर हाम्रा पुर्खाले भनेका कुरा फेल खाइसके अब । मान्छेले यसरी नक्कली तरिकाले पानी पार्न थालेपछि, कुन दिन सूर्य पनि नक्कली नै बनाउन बेर छैन । पूरै प्रकृति नै हत्केलामा राखेर नचाउन बेर छैन मान्छे । हामी चाहिँ अब यो नाथे भ्यागुताको बिहे गरेर पानी पर्छ रे भनेर मलाई चाहिँ विश्वास लाग्न छाड्यो है साइँला दाजु । यो त केवल लोक हसाउने काम मात्र हो जस्तो लाग्छ मलाई त' भक्तेले भन्यो ।

तैपनि दुवैले मनको सन्तोष मेट्न पर खोल्सामा पुगेर एक जोडी भ्यागुतो समातेर ल्याए । आँगनमा राखेर उनीहरूको धुमधाम बिहे गरिदिए । केटाकेटीहरू खुब रमाएर भ्यागुताको बिहे हेर्न थाले । संयोग नै भन्नुपर्ला नभन्दै भ्यागुताको बिहे गरेको एक हप्तामा नै पानी पर्न सुरु गऱ्यो । उनीहरू निकै खुसी भए । 'देखिस् त मेरो आइडिया, कस्तो लाग्यो भ्यागुताको बिहे गर्ने' भन्दै साइँला उफ्रियो । लामो समयको अन्तरालपछि परेको वर्षाले उनीहरू निकै खुसी भए । कपाल खुइँलिदै गएका तालुजस्ता भएका बारीका मकैले पनि टन्न पानी खान पाए । सप्रिने मौका मिल्यो । मरुभूमिको रूप धारण गर्न आँटिसकेको लेकले लेककै वातावरणमा फर्कने बाटो पायो । उनीहरूले बर्सातको लागि खुसी हुँदै इन्द्रदेवलाई धन्यवाद दिए ।

तर वर्षा निरन्तर भइरह्यो । वर्षा रोकिने कुनै सङ्केत देखा परेन । लामो खडेरीले बलेका पाखा पर्वत जताततै बर्सातले गल्न थाले । जताततै सानातिना पहिरो र जमिन भासिने क्रम बढ्दै गयो । बर्सातले आँगनसम्म भासिएर खाडल परेपछि साइँला र भक्ते दुवैको परिवार आत्तियो । केटाकेटीहरू आँगनको खाडल र बेजोडको वर्षाले घरबाहिर निस्कन त के हेर्न समेत पनि डराउन थाले । 'अब त दुईचार दिन बेंसीतिर, बजारतिर हाम्रा दाजुभाइहरूकहाँ पो सहारा लिन पो जानु पर्छ कि क्या हो ? यहाँ त पूरै पहिरो जाला भन्ने डर भो साइँला दाजु' भक्तेले भन्यो । 'हो नि यहाँ बस्न डरमर्दो भैइसक्यो । जहान, परिवार सबै आत्तिन थालिसके । मलाई पनि त्यस्तै लाग्या छ । तर जताततै वर्षाले बाटो पहिरो लागेर हिँडिसाध्य छैन, यो मसिना केटाकेटी लिएर कसरी भाग्ने होला' साइँला भन्यो । 'अब जे होस् भगवान् भरोसा । आखिर हामीले यो थातथलो जोगाएर बसेकै हौं । पहिले पनि छाडेर भागेनौ । अब कहाँ भाग्नु यस्तो बेला, लौ भगवान्' भन्दै दुवले हात जोडेर भगवान्को नाउँ लिदै बसिरहे ।

दिनरात एकनासले बर्सिरहेको बर्सातले उनीहरूको मन जति आत्तिए पनि त्यहाँबाट अन्त भाग्ने विकल्प थिएन । दिनभर बर्सात । रात पऱ्यो पानी झनै बढी पऱ्यो । बत्तीको उज्यालोमा रातभर बाहिर बेजोडको बर्साको डरले मन अँध्यारो बनाएर बसिरहे भक्ते र साइँलाको परिवार । मध्यरातमा एक्कासि साइँला दाजुको घर गर्ल्याम्म गरेको आवाज भक्तेले सुन्यो । केटाकेटी जहान चिच्याए । रोए । कराए । भक्तेको परिवार ढोका

कविता

# धान्य पूर्णे



✍ भरतमान श्रेष्ठ

थोते दाँत, चाउरी परेको अनुहार
मोतीविन्दु अपरेसन भर्खरै गरेको
चस्मा लाउँदा लाजले भुतुक्कै

आमाले आँगनबाट भर्खर उदाएको
पूर्णिमाको जून चिन्नुभो र भन्नुभो
आज त धान्य पूर्णे रैछ,
जूनमा बिस्कुन सुकाउनु पर्छ,
योमरी खानुपर्छ ।
मोतीविन्दुले 'औंसी न पूर्णे" मेरी आमाले
'धान्य पूर्णे' बल्ल देख्नुभो
जूनमा बिस्कुन सुकाउनुभो
योमरी बनाएर खुवाउनुभो,
आमाको मुहार पनि,
पूर्णेको जून जस्तै भो ।

आमा, तारा हुनुभएको एक बिस भएछ
अनि मैले मनको घाउ लुकाएको पनि
डाँको छाडेको आँत लुकाई फगत,
दाँतको हाँसो जगलाई देखाएको ।

तारा आमाको आशीर्वादले अझै
बाँच्ने र बचाउने हौसला दिँदैछ
अझै धेरै आमाहरूलाई
धान्यपूर्णेको जून देखाउने मन छ ।

क्यानडा ।

खोलेर बाहिर निस्कन खोज्यो । तर भक्तेको घर पनि गल्र्याम्म ढल्यो । दुवैको आँगन घर भासिएर लड्दै लड्दै निकै तल पुग्यो । उनीहरूले ऐयासमेत भन्न भ्याएनन् । उनीहरूसितै देवीको मन्दिर पनि गुल्टिदै तल तल झरिन् । बर्सात रोकिएकै होइन । लेकबाट साइँला र भक्तेको परिवार तल बैंसीतिर झरेको उनीहरूको परिवारको अत्तोपत्तो भएन । उनीहरूको परिवारसँगै झरेकी देवीको पनि अत्तोपत्तो भएन । प्रहरी र सैनिक आएर खोजतलास गर्दा उनीहरूको परिवारको लास पाँच दिनपछि भेटियो । तर उनीहरूको परिवारसँगै बैंसी झरेकी देवी बेपत्ता भइन् । कति प्रयास गर्दा पनि देवीको पत्ता लाग्न सकेन ।

हिजो मरेपछि पनि बैंसी झर्दैनौ भनेर अडान लिएका साइँला र भक्तेको परिवार त आफ्नो अडानमा टिकिरह्यो । उनीहरूको परिवारसँगै लेकका दस घर पनि बैंसीतिर झरे आफ्नो जीर्ण स्वरूपबाट मुक्ति पाउन सहारा खोज्दै बैंसीतिर । हिजो आफ्ना दाजुभाइहरूले कति कर गर्दा पनि बैंसी बसाइ नसरेका साइँला र भक्ते त्यो लेकको शान आज अनायसै बैंसी झरे । तर उनीहरूका अन्य दाजुभाइजस्तै बाँचेर होइन । खुसीले होइन । रहरले होइन । उनीहरू लेकबाट झरेको दिन त लेक रित्तियो । लेकको शान सक्कियो । जसरी उनीहरूका दाजुभाइहरू लेकबाट झरेका थिए यो संसारमा आफ्नो सुन्दर संसार बनाउन । साइँला र भक्तेको परिवार लेकबाट झर्‍यो यो भौतिक संसारमा होइन परलोकको संसारमा रमाउन । साइँला र भक्तेको दाजुभाइहरू लेकबाट बैंसी झरेको दिन सायद सर्वत्र कसैले ख्याल गरेनन् होला तर साइँला र भक्तेको परिवार लेकबाट झरेको दिन सबैले ख्याल गरे । दैव लाग्यो भन्दै सहानुभूति दर्साए । सिङ्गो मुलुक उनीहरूको परिवार सम्झेर भावविह्वल भयो । साँच्चै उनीहरूको परिवार लेकबाट झरेको दिन दुनियाँलाई रूवायो । उनीहरूलाई सम्झन बाध्य बनायो । ■■

कविता

# बिगबिगी उपियाँ–उड्डुसको



✍ प्रमोद नेपाल

अचेल उपियाँ उड्डुसहरू
जताततै फैलिन थालेका छन्
उपियाँ–उड्डुसहरूको बिगबिगी नै भएको छ

के गाउँ, के सहर
के टोल के गल्ली
के टार के दरबार
कुनै स्थान बाँकी देखिँदैन
तिनीहरू नभाको कुनै ठाउँ पाइँदैन
रक्तबीज झैँ बढ्दै गइरहेका
त्यस्ता परजीवीहरू
कसरी निर्मूल होलान् ?
नसोची नहुने भएको छ
चिन्तन नगरी नहुने भएको छ

त्यसैले
आऊ एकछिन
तिमी हामी मन्थन गरौँ
निमिट्यान्न पार्न ती परजीवीहरूलाई
ती उपियाँ र उड्डुसहरूलाई
मन्थनबाटै हो निष्कर्ष निस्कने
मथेर नै हो घिउ निस्कने
खेर नफाली एक पल पनि
आऊ न ! हामी सँगै बसौँ
एउटा उत्तम निकास निकाल्न
धराबीचको यो शान्तिक्षेत्रलाई
उपियाँ–उड्डुसविहीन बनाउन ।

बालकविता

# बालबालिकाको मन



✍ सुशील आचार्य

साना–साना बालाहरूको मन हुन्छ राम्रो
उनीहरूको कुरा सुन्दा खुसी मन हाम्रो
कहिले पनि झुठा कुरा बोल्न जान्दैनन्
त्यै भएर निर्दोषी छ बुझ्नुस् बालापन
कति दुःखसुख गरी स्कुल पढ्न गई
ज्ञान आर्जन गर्ने गर्छन् लगनशील भई
साथीभाई बनाउँछन् आफ्नो मन मिल्ने
हाँस्ने हँसाउने गर्छन् एक अर्कामा तिनले

नाच्छन् गाउँछन् खेल खेल्छन् समयअनुसार
यसैगरी धेरै कुरा सिक्छन् तिन्ले यार
त्यै भएर बालबालिका खुसी भईकन
हाँसखेल गरून्, पढून्, लेखून् खुसी राखी मन
आजभोलि यस्तै कुरा समाजमा आयो
बालहितको कुरा रे'छ सबैको मन रमायो

# छुच्चो रुख



✍ अदिती आचार्य

एकादेशमा एउटा सानो जङ्गल थियो । त्यहाँ दुईओटा रुख थिए । एउटा रुखमा अङ्गुर फल्थ्यो भने अर्को रुखमा सुन्तला । अङ्गुल फल्ने रुख अति नै छुच्छो थियो भने सुन्तला फल्ने रुख असाध्यै नम्र र दयालु स्वभावको थियो । अङ्गुर फल्ने रुखमा कोही चराचुरूङ्गी आएर बस्यो भने उसलाई रिस उठ्थ्यो । ऊ भन्थ्यो- 'म भएको ठाउँमा नबस' । त्यही ठाउँमा सुन्तला फल्ने रुख अत्यन्तै दयालु भएको कारणले ऊ भएको ठाउँमा बस्न दिन्थ्यो । उसलाई चराचुरूङ्गीको चिरबिर-चिरबिर आवाज अत्यन्तै मन पर्थ्यो ।

एकदिन एउटी माहुरीकी रानी आएर अङ्गुरको रुखलाई सोधिन्- 'के म यहाँ आफ्ना बच्चाहरू लिएर गुँड बनाऊँ ?'

अङ्गुरको रुखले रिसाउँदै भन्यो- 'अहँ हुँदैन । मलाई तिमीहरूको आवाज सुनेर एकदमै दिक्क लाग्छ । म भएको ठाउँमा चाहिँ होइन, ऊ त्यो सुन्तलाको रुखमा लगाऊ ।'

फेरि माहुरी रानी सुन्तला भएको ठाउँमा गइन् र सोधिन्- 'के म यहाँ गुँड लगाउन सक्छु ?'

सुन्तलाको रुखले दयालु हुँदै भन्यो- 'हुन्छ ।'

त्यसपछि माहुरी रानीले सबै जनालाई लिएर गुँड बनाउन सुरु गरिन् ।

केही दिनपछि त्यस जङ्गलमा दुई जना मान्छे रुख काट्न भनेर आए । उनीहरू सुन्तलाको रुख भएको ठाउँमा गए र रुख काट्न सुरु गरे । त्यतिखेरै रुख करायो र भन्यो- 'मलाई मदत गर ।'

रानी माहुरी आफ्नो सबै माहुरीको समूह लिएर त्यहाँ गइन् र मानिसहरूलाई टोकेर भगाइदिइन् । त्यसपछि उनीहरू त्यहाँबाट अङ्गुरको रुख भएको ठाउँमा गए । उनीहरूले रुख काट्न थाले । अङ्गुरको रुख पनि त्यसै गरी करायो । तर माहुरीहरू आएनन् ।

- *कक्षा ७*, एलिगण्ट पर्ल इङ्लिस स्कुल
तारकेश्वर, गोलढुङ्गा, काठमाडौं ।

## लेखकहरूमा अनुरोध

विगत २२ वर्षदेखि प्रकाशन हुँदै आइरहेको यस पत्रिकाका लागि कथा, कविता, मुक्तक, गजल, निबन्ध, समालोचनालगायतका साहित्यिक रचना प्रकाशनार्थ पठाइदिनुहुन लेखकज्यूहरूसमक्ष सविनय अनुरोध गर्दछौं ।

**आफ्ना रचनासँगै तस्बिर अनिवार्य पठाउनुहोला ।**

Email : navarajpudasaini@gmail.com

# म को हुँ

साक्षी घिमिरे

यी चारैतिर अन्धकारमा गुज्रिरहेको मेरो मन
अनि मेरो आँसुको थोपा–थोपाले गर्छ
मलाई प्रश्न म को हो ?

म मेरै लागि यात्रा हुँ अनि म मेरै लागि गन्तव्य पनि
म मेरै लागि सफलताको शिखर हुँ अनि
म मेरै लागि मेरो हारको उदाहरण पनि

मैल बाटो बिर्सिएको बेला मलाई
गन्तव्यसम्म पुऱ्याइदिने
हो उही हो म ।

म हराएको बेला मलाई खोजिदिने
अनि शून्यताले ढाकेको बेला गुनगुनाउन सिकाउने
हो उही हो म ।

म प्रिय छु म प्रिय छु मेरै लागि
म प्रिय छु केवल मेरो लागि

म मेरो लागि कलम मात्र होइन
धारिलो तरबार बन्न पनि सक्छु ।

म मेरो लागि सुरिलो स्वर होइन
हाहाकार गर्नै चर्को स्वर पनि उठाउन सक्छु ।

म मेरो बुबा आमाको आशा र भरोसा हुँ
अनि म मेरो देशको गौरव र भविष्य हुँ ।

मेरो मन अन्धकारमा भिजिरहेको बेला
मेरो मनभित्रको साक्षीको शब्दले दियो बाल्दछ ।
मलाई बन्नु छैन अरूजस्तो
मलाई म नै हुनु छ, मात्र केवल म नै हुनु छ ।

मेरो मन आत्तिएर डराइरहेको बेला
म उसलाई शान्त गराउने व्यक्ति
हो उही हो साक्षी अनि उही हो म ।।

*कक्षा ९, बुढानीलकण्ठ आश्रम स्कुल*

# चारू

(१२ अक्षरे)



अरूणकुमार भुजेल

वसन्ती लहर आयो है वनमा,
कोइलीले गीत गायो है वनमा ।

ढकमक्क फूलहरू फुलेपछि,
सर्वत्र उमङ्ग छायो है वनमा।

लटरम्म फलमा पन्छी झुम्मिदै,
खुसीले आहार खायो है वनमा ।

पाएर प्रशस्त आहार विहार,
पशु पन्छी सबै धायो है वनमा ।

माया प्रीति गाँस्दै चरा चुरूङ्गीले
गुँड बनाउन पायो है वनमा ।

*– दार्जिलिङ, भारत ।*

**अमृता सापकोटा**
(प्रिन्सिपल)
पर्ल्स इङ्लिस एकेडेमी
जोरपाटी, नयाँ बस्ती
सम्पर्क : ९८४१७५१३६४

**सुदर्शन थापा**
(प्रिन्सिपल)
नव सुन्ताखान एकेडेमी
गोकर्णेश्वर न.पा.-३,
काठमाडौं
फोन : ०१-४८००९५५

**ऋषिकेश वाग्ले**
(प्रिन्सिपल)
सेन्टिनियल मा.वि. परिवार
गोकर्णेश्वर न.पा.-५,
काठमाडौं
फोनः०१-४९१३२३६/४९११९०१

**दुर्गानाथ सिवाकोटी**
(प्रिन्सिपल)
सर्वनाम शिक्षालय
गोकर्णेश्वर नपा-६, काठमाडौं
फोन : ०१-४९१७१४७

**ईश्वरीप्रसाद लामिछाने**
(प्रिन्सिपल)
अरूणिमा सेकेन्डरी स्कुल
बौद्ध, काठमाडौं
फोन : ०१-४५७८५७४

**कैलाश कार्की**
(प्रिन्सिपल)
काठमाडौं इन्टरनेसनल स्कुल
कामपा, गुह्येश्वरी मार्ग
काठमाडौं
फोन : ०१-५७१२१२४

**नयाँ वर्ष २०८२ को सुखद उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।**

**राजु खड्का**
(प्रिन्सिपल)
एलिगण्ट पर्ल इङ्लिस स्कुल
तारकेश्वर, गोलढुङ्गा, सातधारा
सम्पर्कः ९८४२०५४५१५१

**रीता भट्टराई**
अध्यक्ष एवम्
शङ्खबुद्ध बचत तथा ऋण
सहकारी संस्था लि. परिवार
बुद्धनगर, काठमाडौं
फोन : ०१-४५४१५६०

**प्रेम श्रेष्ठ**
(प्रिन्सिपल)
उत्तरबाहिनी बोर्डिङ स्कुल
गोकर्ण, किसिगाल
काठमाडौं
फोन : ९८५११५११५०

**महेन्द्र भट्टराई**
(प्रिन्सिपल)
सेलिब्रेसन कोएजुकेसन
कागेश्वरी मनोहरा - ८
काठमाडौं ।

**नेत्रप्रसाद दाहाल**
(प्रिन्सिपल)
भेनस पब्लिकस स्कुल
गोकर्णेश्वर नगरपालिका
वडा नं. ८, बेसीगाउँ
फोन : ०१-४९१२८००

**निराजन आचार्य**
(प्रिन्सिपल)
लर्डलाइट एकेडेमी
गोकर्णेश्वर नगरपालिका
वडा नं. ६, नयाँ बस्ती
सम्पर्क : ९८५११३१६४७

# पापी सन्तान



निर्मलादेवी तिम्सिना 'कान्छी'

बादल ठुस्किएपछि पानी पर्छ ।
शरीर तातेपछि पसिना झर्छ ।
मन दुखेपछि आँसु झर्छ ।
चोट लागेपछि रगत बग्छ ।
तिम्रो शरीर चिर्दै निस्किएकी म,
कति रगत बग्यो थाहा छैन !
तिमी हाँस्न सक्यौ या सकेनौ
रोयौ, चिच्यायौ, करायौ
या मौन रह्यौ
तिमी समुद्र बन्यौ या खहरे !
थाहा भएन तर
म रुँदा तिमी रुन्थ्यौ ।
बर्से झरी झैं !
म हाँस्दा तिमी हाँस्थ्यौ ।
हिमालमा घाम पर्दा हिउँ मुस्कुराएझैं ।
मेरो खुसी तिम्रो लागि सर्वोपरि थियो ।
सगरमाथाझैं उच्च अनि चम्किलो।
सुन त ! आज तिमी टाढा भएर पनि
अगाडि झलझली छौ
गतिशील देखिने छायाचित्रझैं,
तिमी मेरो गाँसको फिक्रीमा छौ
सोध्छौ खाइस् या खाइनस्
कतिचोटि खाँदाखाँदैको
आफ्नो गाँस रोक्यौ होला !
न झुटो बोल्न सक्छु न सत्य नै !
तिम्रो प्रश्न मेरो मौनतामा बिलाउँछ ।
जसरी भुइँमा असिना झरेर बिलाउँछ ।
मेरो तातेको निधारमा तिम्रो हात छैन ।
मेरो भोको पेटमा तिम्रो हातको भाग छैन ।
मेरो मलिन मुहारमा तिम्रा नजर छैनन् ।
एक्लो बृहस्पति भएको छु आमा
एक्लो बृहस्पति ।
साँच्चै आमा तिमीबाट छुट्टिएर बस्दा
मुटु पट्ट फुटेको त छैन तर
फुट्लाजस्तो धेरै चोटि भएको छ ।
तिमीलाई पनि त्यस्तै भएको होला ।
मेरो अभावमा शिथिल शरीर,
शिथिल मन
शिथिल नजर
झनै कति शिथिल भएका होलान् !
चाहना थियो तिम्रै वरिपरि बसेर
तिमीलाई नै सुमसुम्याउने,
तर कस्तो बाध्यता बनाइदियो कर्मले !
एकै पेट मानुको लागि,
कति नमज्जाले अलग्यायो ।
तिम्रो चाकरमा सलबलाउनु पर्ने मेरा हात
अरू कसैको चाकडीमा जकडिएका छन्
निर्दय निष्ठुरी शरीरमा ।
ढुङ्गो टुसाउला बरु
नटुसाउने आत्मामा ।
त्यही आत्मामा बग्दै छन्
मेरा नुनिला नेत्रधाराहरू !
साँच्चै आमा म पापी सन्तान हुँ ।
किनकि तिम्रो सेवक बन्न सकिनँ !

# टुक्का कविता



**सञ्जना शर्मा**

१.

परि आए मुछिदेउ रगतले माटो
काडे बार लगाउँ है विदेशीने बाटो ।

२

जसरी नी स्वाभिमान जोगाउनु पर्छ
उत्र अब मैदानमा कसले के गर्छ।

३.

विदेशमा दुख गर्छौ सधैँ मरिमरि
गर्दैछन् अपमान सहन्छौ कसो गरी।

*लमही दाङ*

# टुक्का कविता



**बाबुराम पाण्डे**

१

अरूलाई एउटा औँला देखाउँदा चारवटा हुन्छन्
आफैँतिर
जति घमन्ड देखाए पनि सबैले छाड्नुपर्छ यो धर्ती
आखिर ।

२

आफ्नो काम गर खुरूखुरु अरूको किन गर्छौ पिर
तिमीभित्र अहम् भाव छ भन्ने हल्ला छ नि चारैतिर ।

३

जसले हात मुख जोडेको छ अरूको भरमा
उसैले दम्भ झार्दै हिँड्दो रैछ नि गाउँ घरमा !

*अर्घाखाँची*

पुस्तक–पत्रिका मागेर होइन किनेर पढौँ ।
लेखक–सम्पादकहरूको मिहिनेतको कदर गरौँ ।।

*धूमपानले लिन्छ ज्यान, सबैलाई होस् ज्ञान !*

# पत्र-साहित्य



**✍ नारायणबहादुर बस्नेत**

प्यारी साथी ..............................?

धेरै धेरै माया अनि अटुट सम्झना !

तिम्रो प्रेमपत्र प्राप्त भएको पनि दुई महिना हुन लागेछ । प्रेम दिवसको अवसर पारेर तिम्रो प्रेमपत्रको प्रतिउत्तर दिँदैछु । प्रतिउत्तर दिन ढिला भएकोमा मलाई माफ गर है ।

सबै मानिसका स्वभाव, इच्छा र चाहनाहरू फरक-फरक हुन्छन् । म एउटा पुरुष हुँ, मभित्र पनि पुरुष हुँ भन्ने दम्भ भए तापनि एउटा जिम्मेवार पुरुष भएको कारण कुनै परस्त्रीलाई सताउन त चाहन्नथेँ । तर जब तिमीलाई सामाजिक सञ्जाल टिकटकमा देखेँ । न चिनेको, न देखेको, न भेटेको मान्छे, खै किन-किन मन पर्‍यो अनि यो कुरा तिमीलाई भन्न चाहेँ ।

"कुनै पुरुषले स्त्रीलाई मन पराउनु कुनै पाप होइन तर मन पर्‍यो भन्दैमा आफ्ना पारिवारिक जिम्मेवारी, सामाजिक संस्कार र मर्यादालाई भुलेर अघि बढ्नु राम्रो कुरा होइन भन्ने कुरा जान्दाजान्दै पनि म तिमीलाई माया गर्थे, तिमी मलाई वास्तै गर्दैनथ्यौ, तर तिमीलाई प्रत्येक दिन लेखेर पठाएका लेखलाई मौन समर्थन गरिरह्यौँ । तिम्रो मौन समर्थनले मलाई झनै हौसला बढायो र मैले लेखिरहे तिमीले मौन समर्थन गरेर स्विकार गरिरह्यौ । मलाई मेरो पारिवारिक जिम्मेवारी र उत्तरदायित्व बोध भए पनि मेरो एकहोरो ढिपी पछि तिमीबाट पनि मायाको आभास पाउन थालेँ । तिमी यति गहिराइमा डुबेर माया गर्छौ भन्ने बुझेपछि म झस्किएँ र तिमीसँग टाढा हुने निर्णय गरेँ । केही समय त मलाई धेरै गाह्रो भयो, सम्झेँ तिमीलाई पनि गाह्रो भयो होला । तर मसँग कुनै विकल्प थिएन । बोलौँ भने माया लाग्छ, नबोलौ त पीडा हुन्छ।'

मायाप्रेम भन्ने कुरा जस्तो अर्थ लायो त्यस्तै लाग्दो रहेछ । र, भनिन्छ जति माया बाँड्यो त्यति बढ्छ भन्छन् । त्यसैले, म पनि साथीभाइ, दिदीबहिनी, दाजुभाइ आफन्त, इष्टमित्र, नातागोता सबैसँग मिल्नु, आपसी सहयोग गर्नु, भाइचारा तथा अपनत्वको भाव राख्नु पनि मायाप्रेम नै रहेछ भनेर बाँड्ने कोशिस गरिरहन्थेँ । तिमी जतिको एउटा परिपक्व मान्छेले म जस्तो अल्लारे मनस्थितिबाट गुज्रेको मानिसलाई बेवास्ता गरेर, मेरो प्रस्ताव लात मार्न पनि त सक्यौ होला ! तर सधैँ मायाले सम्झाएर मलाई पारिवारिक उत्तरदायित्व बहन गर्ने प्रेरणा दिन्छौ लागेको थियो । यसरी नदिए पनि सधैँ मेरो उन्नति र प्रगतिको कामना गरिरहन्छ्यौ भन्ने लागेको नै थियो । सायद तिम्रो ठाउँमा अरू कुनै युवती हुन्थी भने हामी एक-अर्काप्रति आकर्षित भएर दुवैको परिवारिक सम्बन्धमा दरार पनि आउनसक्थ्यो होला । तर तिम्रो मायालु व्यवहार र प्रेरणाले आज मेरी जन्मदिने आमा, अग्नि साक्षी राखेर सँगै मर्ने, सँगै जिउने कसम खाएकी प्यारी श्रीमती, मेरा मुटुका टुक्रा सन्तान र मेरो परिवार सबैभन्दा प्रिय लाग्छन् । यसको बाबजुद पनि तिम्रो कोमल हृदयबाट निस्किएको अमृतमय वचनलाई तिम्रै कोमल हातद्वारा लिपिबद्ध गरेर पठाएको सन्देश पढ्न लालायित थिए तर त्यो पूरा हुन्छ वा हुँदैन समयले नै बताउला । यसैले म तिमीलाई एउटा असल साथीको रूपमा सधैँ माया गर्छु, अनि सधैँ सम्झिरहने छु । प्यारी साथी, तिमीसँग भेट्न मन त मलाई पनि छ तर समय र परिस्थितिले के हुन्छ भन्न सकिँदैन । यो जन्ममा भेट हुन सकेन भने पनि पुनर्जन्म लिएपछि तिमीलाई अर्धाङ्गिनी बनाएर राख्ने सपना बुनेको भए पनि हामीलाई हाम्रो पुनर्जन्मपछि जन्म लिएको कर्मले साथ दिन्छ वा दिँदैन, सायद हाम्रो भेट होला वा नहोला तथापि सदैव तिम्रो सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना मेरो अन्तिम सास रहेसम्म गरिरहने छु ।

प्रेम दिवसको दिन तिमीलाई पठाउन लेखेको मेरो अन्तर्मनबाट निस्केको भावना त्यही दिन पठाउन सक्छु वा सक्दिन ? तर अवश्य पठाउँदैछु स्वीकार गर्नु है माया

उही तिमीलाई माया गर्ने अँगालोभरिको प्यारो साथी ...............?


*- मेचीनगर ८, झापा ।*

# 'आवाजका रेखाहरू'भित्र चियाउँदा



अरुणबहादुर खत्री 'नदी'

नेपाली साहित्यमा टुक्का लेखन परम्परा नयाँ भएकाले कलम चलाउनेहरूको सङ्ख्या ज्यादै कम देखिन्छ । ताराप्रसाद चापागाईंको 'आवाजका रेखाहरू' नामक टुक्का कवितासङ्ग्रह २०८१ सालमा दोस्रो कृतिको रूपमा प्रकाशित भएको छ । यसभन्दा अगाडि उनको २०७८ सालमा 'टुक्का' नामक टुक्का कवितासङ्ग्रह निस्केको थियो । 'आवाजका रेखाहरू'भित्र ४५० वटा टुक्काहरू राखिएका छन् ।




ताराप्रसाद चापागाईं मूलतः गजल, कविता र मुक्तक विधामा कलम चलाउने सिर्जनाकार हुन् । उनी निरन्तर सिर्जना कर्ममा समर्पित स्वप्तद्रष्टा मात्र नभएर साहित्यमा सदैव सक्रिय भइरहने स्रष्टा पनि हुन् ।

*देखियो अकल्पनिय आफ्नोपन*
*खुसीले रमाउँदैछ मेरो मन ।*

कवितालाई निचोरेपछि मात्र टुक्काको जन्म हुन्छ । टुक्का दुई हरफको कविता हो । आफूले भन्न खोजेको कुरालाई दुई हरफमै लेख्नुपर्ने हुँदा साहित्यका अन्य विधाभन्दा यो विधा चुनौतीपूर्ण त हुन्छ नै । त्यसो त एउटा सानो टुक्काभित्र सिङ्गो ब्रह्माण्ड नै अटाउन सक्छ । जीवन र जगत्सँग सम्बन्ध गाँसिएका टुक्का रचनाहरू सङ्ग्रहित यस कृतिले टुक्का लेखनका क्षेत्रमा थप योगदान गरेको छ । कविताको सबैभन्दा लघुतम रूपलाई टुक्का काव्यको रूपमा चिन्ने गरिन्छ । हरेक साहित्यिक रचनामा मानवचरित्र र क्रियाकलाप चित्रण गरेजस्तै टुक्का काव्यमा पनि व्यक्ति, समाज, वातावरण र मानव समाजसँग सम्बन्धित अनेक पक्षलाई नै समेटेर सिर्जना गरिएका हुन्छन् । टुक्काकार चापागाईंले सिर्जनामा बिम्बको राम्रोसँग प्रयोग गरेका छन् । विषयवस्तु प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । जसका कारण टुक्का पठनीय हुनमा थपेको छ ।

*बस्नुपर्छ समाजमा मिलेर सबै*
*स्वार्थी भावना त राख्न हुँदैन कवै ।*

सामाजिक सञ्जालको फेसबुकका भित्ताहरूमा दुई लाइनका कविताहरू पोस्ट गरेर हेर्दा यसलाई मन पराउनेहरूको सङ्ख्या अपेक्षा गरिएभन्दा द्रुततर गतिमा बढ्दै गयो, यसले एक ऊर्जा र हौसलाको काम गर्‍यो । टुक्का शब्दको विविध अर्थ हेर्ने हो भने बृहत् नेपाली शब्दकोशका अनुसार, 'तुक शब्दको अर्थले शास्त्रीय पद्य रचनाका प्रत्येक पाउका अन्त्यमा पद वा अक्षरको समान आवृत्ति वा एकता, अन्त्यानुप्रासको एक रूप, तर्क वा बुद्धिसहितको सहमति वा सङ्गति तुक्का भन्ने बुझाउँछ ।' चापागाईंले 'होलीको रमाइलोले पीडा भुलियो, साथीभाइ खुसी साट्दै माया चुलियो' भनेर टुक्का कवितामा लेखेका छन् ।

*चुनावको फेरि पनि माहोल तात्तियो*
*देश नै रित्तो हुन्छ भनी मनै आत्तियो ।*

चापागाईंले 'आँसुमा रुझाउने निष्ठुरी पापीलाई, सधैंभरि खुसी मिलोस् दिन्छु म बधाई' भनेर टुक्कामा आफ्नो प्रेमिकालाई भनेका छन् । 'धेरै तृष्णा बढेपछि ठुलै चोट लाग्छ, असफलता हुन्छ तब निराशा जाग्छ' उनले टुक्कामा लेखेका छन् । टुक्का कविता अन्य साहित्यिक विधाहरूभन्दा फरक, गहकिलो भाव बोकेको समयसापेक्ष, थोरै समयमा लेख्न र पढ्न सकिने, छोटा दुई हरफका कविता हुन् । टुक्का कवितालाई तिहारमा माला उनेझैं अक्षररूपी फूलहरूलाई छानेर, तौलेर, गनेर उन्नुपर्ने उत्कृष्ट शब्द संयोजनको सुन्दर माला हो ।

*हटोस् सबै कालो मैलो नहोस् अन्धकार*
*सुन्दर शान्त स्वच्छ बनोस् हाम्रो संसार ।*

चापागाईंले आफूले भोग्दै आएको र आफूमा भएको पीडा, देशले भोगेको अव्यावहारिक समस्या, समाजको चित्रण आदिको बारेमा व्याख्या गर्दै गहकिला टुक्का लेखेका छन् । धेरैले बोल्न नसकेका र नपाएका कुरा उनका टुक्काले बोलेका छन् । शास्त्रीय छन्दको सफल प्रयोग नेपाली टुक्का परम्पराकै एउटा विशिष्ट प्राप्ति मानिन्छ । विधागत प्रवर्तनका हिसाबले हेर्दा टुक्का कविता विशुद्ध नेपाली माटोमा मौलिक शैलीमा हुर्किंदै गरेको नेपाली कविताको एउटा सुन्दर रूप हो । लघुतम संरचनामा आउने टुक्का कविताले भावको एक झिल्कोदेखि सिङ्गो सङ्कथनलाई वहन गर्ने उच्च क्षमता राखेको हुन्छ ।

*सधैंभरि गाईजात्रा लौ न अति भयो*
*नेपालको अस्तित्व लौ भुँडीभित्र गयो ।*

टुक्कामा टुक्काकार चापागाईले आफ्नो धरातल र विरासतलाई ध्यान दिंदै गतिशील हुन प्रेरित गरेका छन् । असीमित चाहना र उत्साहमा कुनै ठेस लाग्नु हुँदैन । जिन्दगी बिचलनमा पर्नु भनेको दुर्घटना हुनु हो । टुक्काकार चापागाईंले विभिन्न चाडबाडका नाममा उपभोक्तावादले थोपरेको विकृतिका विरूद्ध कतिपय टुक्काकविता रचेका छन् ।

*फेसन फेरियो संस्कृति फेरियो*
*तीज पर्वमा झन् विकृति हेरियो ।*

समग्रमा भन्दा टुक्काकार चापागाईं टुक्का लेखनमा सफल व्यक्तिका रूपमा गनिन्छन् । नीतिका कुरा दिन, सुन्दर समाज निर्माण गर्न, समाजलाई राम्रो बाटो देखाएर भावी पुस्तालाई मार्गदर्शन गर्न उनी खप्पिस छन् । यस सङ्ग्रहमा अनेकौं अनुभूतिका प्रसङ्ग भेटिन्छन् । टुक्काकारका मनमा लागेका विविध कुराहरू छन् यी टुक्कामा । टुक्काकारले जे देखेका छन्, सुनेका छन्, भोगेका छन् र अनुभूत गरेका छन् तीमध्ये धेरै कुरा टुक्कामा रूपायित भएर यस सङ्ग्रहमा आएका छन् । यस सङ्ग्रहभित्र पाँच अक्षरका टुक्काहरूदेखि सत्ताइस अक्षरका टुक्काहरू समावेश गरिएका छन् । भुजङ्गप्रयात छन्द, सवाई छन्द र झ्याउरे छन्दमा लेखिएको टुक्का पनि छ ।

*मिरमिरे बिहानीमा शुभसन्देश आयो*
*चरीको चिर्बिरले झनै उल्लास जगायो ।*

उनका टुक्का सुन्दर छन् र विविधताले भरिएका छन् । यस सङ्ग्रहभित्रका भावभङ्गी र अस्तित्व सबै लालित्यले भरिपूर्ण पारेका छन् चापागाईंले । भावी साहित्यिक लेखनमा टुक्काकारलाई सफलताको कामना गर्दछु । आगामी दिनमा पनि उनका अन्य कृतिहरू पढ्न पाउने आशामा हामी बाँधिएको छौं ।

कृतिः आवाजका रेखाहरू
विधाः टुक्कासङ्ग्रह
टुक्काकारः ताराप्रसाद चापागाईं
प्रकाशकः टुक्का साहित्य समाज, काठमाडौं
संस्करणः प्रथम, वि.सं. २०८१ माघ
मूल्यः रू. २००।–
पृष्ठः ९६

■ ■

www.kalpatarupub.com.np मा
'कल्पतरु' संसारभर पढ्न सकिन्छ ।

# सम्पूर्ण नगरवासीमा सूर्यविनायक नगरपालिकाको अनुरोध

- सबै प्रकारका व्यवसायहरू दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऊँ ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रूपमा परिचय पत्र नवीकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाइ र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शङ्कास्पद गतिविधि देखिएमा तत्काल नगरपालिकामा जानकारी गराऔं ।

**सूर्यविनायक नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

सूर्यविनायक, भक्तपुर

# टोखा नगरपालिकाको सूचना

१. घर-टहरा आदि संरचना बनाउनुअघि अनिवार्य रूपमा नक्सा पास गरौं ।

२. सबै नगरवासीहरूले आफ्नो टोल, चोक गल्ली, बाटोघाटोका साथै सार्वजनिक जग्गा, मठमन्दिर, पाटीपौवा, नदीनालाहरू र अन्य सार्वजनिक स्थलहरूको संरक्षण गरौं ।

३. सार्वजनिक स्थलहरूमा जथाभावी फोहर नगरौं । वातावरण जोगाऔं ।

४. नगरपालिकालाई बुझाउन पर्ने सबै खालका करहरू सम्पति कर, वहाल कर, मालपोत तथा भूमिकर, व्यावसाय करलगायत अन्य सबै किसिमका कर तथा दस्तुरहरू समयमा नै तिरी कर छुटको सुविधा उपयोग गरौं र सभ्य नागरिकको परिचय दिऔं ।

५. नगरपालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरूले अनिवार्य रूपमा आफ्नो व्यवसाय वडा कार्यालय र नगरपालिकामा अनिवार्य रूपमा दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गरौं ।

६. आफ्नो घर कम्पाउण्डबाट निस्कने फोहोरलाई फोहोर सङ्कलनको गाडी आएपश्चात मात्र फोहोर घर बाहिर निकालौं । स्वच्छ वातावरण निर्माणमा सहयोग गरौं ।

७. सडकमा निर्माण सामग्री, व्यवसायजन्य ठेलागाडा नराखौं । अव्यवस्थित पार्किङ नगरी सडक अतिक्रमण हुनबाट रोकौं ।

८. सडकमा पैदलयात्रीलाई पहिलो प्राथमिकता दिऔं ।

९. कुनै पनि किसिमको व्यक्तिगत घटनाहरू जन्म, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद र मृत्यु घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रूपले दर्ता गर्ने गरौं ।

१०. नगरपालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै नगरवासीले सहयोग गरौं ।

११. कुहिने फोहोरलाई कम्पोष्ट मलको रूपमा प्रयोग गरौं ।

१२. बहालमा बस्ने व्यक्तिहरूको व्यक्तिगत विवरण अनिवार्य रूपमा घरधनीले राख्ने गरौं ।

१३. बालबालिकाहरूलाई विद्युतीय सामग्रीदेखि टाढा राखौं ।

१४. विद्यालय जाने सबै उमेरका बालबालिकाहरूलाई अनिवार्य विद्यालय भर्ना गरौं ।

१५. घर, परिवार, टोल, विद्यालय र समुदायले बालबालिकाको हितमा कार्य गर्दै नगरलाई बालमैत्री बनाउन सहयोग गरौं ।

१६. आफ्ना बालबालिकाहरूलाई उपयुक्त समयमा नै खोप लगाई सम्भावित रोगबाट बचौं ।

**टोखा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश नेपाल

# स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौँ

- हाम्रो मालिक उत्पादन पहिचान मात्र होइन, आय–आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सिपमा आधारित उत्पादनको अभिवृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौँ,
- स्थानीय सिप, क्षमता र कच्चा पदार्थको उपयोग गरौँ
- हस्तकला लगायतका व्यवसाय सानो पुँजीमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौँ,
- आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौँ,

अर्थतन्त्रमा योगदान गरौँ, मुलुकलाई समृद्ध बनाऔँ ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

## साधारण आजीवन सदस्यहरू:

अनिल चन्द, कञ्चनपुर
अमर सन्तति, रामेछाप
अमृत भट्टराई, काठमाडौँ
अर्जुनविलास पन्त, भक्तपुर
अर्जुन पुडासैनी, बानेश्वर
उपेन्द्र पौडेल, पोखरा
उमाकान्त पोखरेल, झापा
उमेश तिमिल्सिना, काठमाडौं
एल.पी. पराजुली, कपन
ऋषिराम भुषाल, काठमाडौं
ओम आचार्य, काठमाडौं
कविन्द्र खड्का, भक्तपुर
कान्छा तिवारी, काठमाडौं
कुमारराज सुवेदी, काठमाडौं
केशव शर्मा. अस्ट्रेलिया
केशव ज्ञवाली, भक्तपुर
कोमल प्र. लामिछाने, काठमाडौं
डा. खगेन्द्रप्रसाद दाहाल, झापा
खेमराज पोखरेल, अमेरिका
गङ्गा खड्का, बूढानीलकण्ठ
गङ्गा दाहाल, ललितपुर
गीता निरौला, काठमाडौं
गुप्तवहादुर श्रेष्ठ, काठमाडौं
गोपाल बराल, गोकर्णेश्वर
घन थापा, काठमाडौं
चिरञ्जीवी दाहाल, चितवन
चेवन वस्नेत, जडिबुटी
जीवन कश्यप, विराटनगर
टीकाराम देवकोटा, स्याङ्जा
टीकाराम रेग्मी, भरतपुर
तुलसीराम पुडासैनी, डाँछी
दमनबहादुर सिंह, रातोपुल
दिनेश खत्री, चन्द्रागिरि
दिलीप अर्याल, दक्षिणढोका
दीपक भण्डारी, बूढानीलकण्ठ
दुर्गा तिवारी, मण्डिखाटार
धुर्व नारायण जोन्छे, भक्तपुर
ध्रुव नेपाल, वानेश्वर
नवप्रज्ञापन, बारा
नरराज आचार्य, काठमाडौं
नवराज रिजाल, काठमाडौँ
नवराज रिमाल, काठमाडौँ
नवराज शर्मा, भक्तपुर
नानु राना थापा, बेलायत
नीता गुरुङ, आसाम, भारत
निर्मलादेवी तिम्सिना, साइप्रस
निरु बिन्दु, दार्जिलिङ
निशा के.सी., काठमाडौं
नीला घिमिरे, जनकपुर
नेत्रमान श्रेष्ठ, नुवाकोट
प्रकाश तिवारी, काठमाडौं
प्रदीप पुडासैनी, डाँछी
पदम दाहाल, भक्तपुर
परशुराम गौतम, जोरपाटी
पागल यात्री, जोरपाटी
पुष्कर रिजाल, कोहलपुर
प्रकाश कोइराला, भक्तपुर
प्रजापति तिमल्सिना, काठमाडौँ
प्रदीपरत्न शाक्य, वौद्ध
प्रमोद भट्टराई, भक्तपुर
प्रेमलाल श्रेष्ठ, रामेछाप
बज्र इ. कलेज, जोरपाटी
बद्रीप्रसाद ढकाल, काठमाडौं
बद्रीनारायण श्रेष्ठ, रामेछाप
बलभद्र भारती, सुर्खेत
बाबुराम न्यौपाने, झापा
बालकृष्ण बराल, जोरपाटी
बुद्धिराज पाण्डे, काठमाडौँ
भगवान पुडासैनी, गोकर्णेश्वर
भीम गौतम, चितवन
भोजराज रेग्मी, पेप्सीकोला
मधुसूदन अधिकारी, भक्तपुर
मनीषकुमार शर्मा, भक्तपुर
मातृका घिमिरे, काठमाडौं
मीरा पुडासैनी, काठमाडौँ
मुरारि सिग्देल, गोकर्ण
मैना विष्ट, साँखु
यकिना अगाध, झापा
यम रेग्मी, दाङ
राज श्रेष्ठ, वेलायत
राजु शर्मा, काठमाडौँ
डा. राजेन्द्र पौडेल, कपन
राजेशमान के.सी, भक्तपुर
राजेन्द्र श्रेष्ठ, काठमाडौं
राम आचार्य, झापा
रामबहादुर पहाडी, काठमाडौं
रामेश्वर श्रेष्ठ, साँखु
रामचन्द्र तिमल्सिना, रौतहट
लख्खु सिंह, वझाङ
लक्ष्मी स्मृति, विराटनगर
लीला कुँवर, वेलायत
लेखनाथ न्यौपाने, झापा
वसन्त अनुभव, दाङ
विकल त्यागी, खोटाङ
विकास शैलपुत्र, भक्तपुर
विजयदेव खनाल, न्यूयोर्क
विनोद उपाध्याय, विराटनगर
विनोद नेपाल, पाल्पा
विष्णु प्र.श.पराजुली, बु.न.पा-१०
विष्णु भण्डारी, मोरङ
विश्वनाथ सञ्जेल, मकवानपुर
शंशेर व. न्हुछे प्रधान, भक्तपुर
शारदा घिमिरे, भैल, बनेपा
शेखरकुमार श्रेष्ठ, फर्पिङ
शैलेन्द्रकुमार थापा, रातोपुल
शैलेन्द्रकुमार शाह, काठमाडौँ
श्रीराम अर्याल, वानेश्वर
सीता शर्मा, पर्वत
सीता शर्मा पन्धी, वीरगन्ज
सुभाषचन्द्र पौडेल, भीमफेदीया, मकवानपुर
हरिप्रसाद घिमिरे, काठमाडौं
हरिहर भण्डारी, बानेश्वर
हिमलाल पाठक, स्याङ्जा
हेमराज पौडेल, काठमाडौँ
त्रिलोचन आचार्य, कपन
त्रिविक्रम पाण्डे, दोलखा

### दिवंगत आ.सदस्य

राजदाश श्रेष्ठ, साँखु
अर्जुन विलास पन्त, भक्तपुर
झषनाथ दाहाल, मोरङ

## कल्पतरु प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरू

अध्यक्ष
**नवराज पुडासैनी ज्योत्स्ना**
उपाध्यक्ष
**डा. विदुला घिमिरे**
उपाध्यक्ष
**विमल अर्याल**
सदस्य सचिव
**राजन पुडासैनी**
सचिव
**सुमन पुडासैनी**
कोषाध्यक्ष
**उमेश तिम्सिना**
सदस्य
**देविका तिमिल्सिना**
**मधुसुदन पाण्डेय**
**निर्मल अर्याल**
**राजेश खनाल**
**गोकुल अधिकारी**
**राजेश के.सी.**
**रेहित सैंजु**

## महाकवि देवकोटा–कल्पतरु प्रज्ञा पुरस्कार कोशका दाताहरू:

| सि.नं. | नाम | सहयोग रु. |
|---|---|---|
| १) | वसन्त रिजाल | १,१३,०००/- |
| २) | कृष्ण अधिकारी | ५०,०००/- |
| ३) | विमल अर्याल | ५०,०००/- |
| ४) | नवराज पुडासैनी | २५,०००/- |
| ५) | शिवहरि पोखेल | २५,०००/- |
| ६) | विष्णु बहादुर सिंह | १२,८६४/- |
| ७) | डा. रामप्रसाद ज्ञवाली | १२,५००/- |
| ८) | उषा पन्थी ज्ञवाली | १२,५००/- |
| ९) | कोमल लामिछाने | १२,१५४/- |
| १०) | शिवानी घिमिरे | १२,१५४/- |
| ११) | ईश्वरीप्रसाद लामिछाने | १२,१५३/- |
| १२) | बालमुकुन्द कार्की | १०,९९९/- |
| १३) | गोपाल प्र. बराल | १०,०००/- |
| १४) | गंगा कर्माचार्य पौडेल | १०,०००/- |

| सि.नं. | नाम | सहयोग रु. |
|---|---|---|
| १५) | गोविन्द घिमिरे वेदमणी | १०,०००/- |
| १६) | दुर्गा घिमिरे | १००००/- |
| १७) | मेनका पोखरेल | १०,०००/- |
| १८) | युवराज मैनाली | १०,०००/- |
| १९) | वाजुराम पौडेल | ८८२०/- |
| २०) | डा. चन्द्रमणी अधिकारी | ८१४४/- |
| २१) | कृष्ण सुवेदी | ७३१५/- |
| २२) | अर्जुन नेपाल | ५०००/- |
| २३) | राजेन्द्र पौडेल | ५०००/- |
| २४) | मनिता घिमिरे | ४११२/- |
| २५) | रामकुमार पण्डित | ३०००/- |
| २६) | अन्य (नाम खुलाउन नचाहने दाताहरू) | ५१४२३/- |
| | जम्मा | ५,०१,१३८/- |

अभिनव वर्ष २०८२ को सुखद् उपलक्ष्यमा हाम्रा संरक्षक, सल्लाहकार, आजीवन सदस्य, वार्षिक ग्राहक र अन्य ग्राहक, पाठकवृन्द, लेखक महोदयहरू, जिल्ला र वैदेशिक प्रतिनिधिहरू सबैमा हार्दिक मंगलमय शुभकामना ।

**कल्पतरू प्रज्ञा प्रतिष्ठान**

**शुल्क वा सहयोग रकम पठाउनु परेमा QR Code**

We Accept
fonepay
नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त

KALPATARU PRAGYA PRATISHTHAN
Terminal : 2222380016452678

We Accept
fonepay
नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त

KALPATARU DWAIMASHIK
Terminal : 2222080006165369